www.drishtinews.com

# दृष्टि साप्ताहिक

वर्ष ४१, अंक ३४, असार २५, मंगलबार २०८१ नेपाल संवत् ११४४ | 9 July, 2024 Tuesday | पृष्ठ ८, मूल्य रू. १०/-







# सत्ता समीकरण भत्किनुअघि बालुवाटारको दृश्य

● शम्भु श्रेष्ठ



शेरबहादुर देउवालाई अचानक धोका दिएर पाँचै वर्ष केपी शर्मा ओलीको सहयोगमा प्रधानमन्त्री बन्छु भन्ने सोचेका पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नै अस्थिर स्वभावका कारण अन्ततः ओलीबाटै धोका खाए। राजीनामा बोकेर बालुवाटार पुगेका एमाले मन्त्रीहरू सँग 'कसैलाई माया गर्नु एउटा भूल गरे मैले' भनेर रोदन गर्नुको आत्मसमीक्षा प्रचण्डले गरेका छैनन्। एमालेकै उक्साहटमा प्रचण्डले 'मसँग सरकार टिकाउने जादुमय छडी छ' भन्दै सार्वजनिक रुपमा बालहठ देखाउदै आए।

ओली कस्ता व्यक्ति हुन् र उनीबाट कति पटक धोका खानु पर्‍यो भन्ने विगत प्रचण्डले बिर्सिए। २०७४ सालमा एमालेसँग आलोपालो प्रधानमन्त्रीको लिखित सम्झौता गरेर पनि नचेतेका प्रचण्ड कहिले चेत्ने हुन्, सबै आश्चर्यमा परेका छन्।

प्रचण्ड राजनीतिका चतुर खेलाडी हुन्, त्योभन्दा चतुर ओली हुन् भन्ने कुरा प्रचण्डले बिर्सिदा 'लाटो खान्छ एक बल्ड्याङ, बाठो खान्छ पाँच बल्ड्याङ' भन्ने अवस्थामा उनी पुगेका छन्।

२०७९ को आम निर्वाचनमा नेपाली कांग्रेससँग पाँचै वर्ष आलोपालो सरकार सञ्चालन गर्ने सहमति गरेका प्रचण्ड जब देउवाको हातबाट फुत्किएर ओलीको हातमा पुगे, त्यही दिनदेखि उनको दशा सुरु भयो।

ओली चाहन्थे, प्रचण्डलाई प्रयोग गरेर कांग्रेससँगको गठबन्धन भत्काउने। त्यसैले ०७९ पुस १० गते ओलीको समर्थनमा प्रचण्ड प्रधानमन्त्री बने। त्यसको चार महिनापछि ०७९ चैत ६ गते ओलीलाई धोका दिएर प्रचण्ड पुनः कांग्रेसमै फर्किए। पुस १० गते किन ओलीकहाँ पुगे ? चैत ६ गते फेरि किन कांग्रेसमा फर्किए ? त्यसको तार्किक जवाफ त छैन, तै पनि प्रचण्ड भन्ने गर्छन् 'म नमर्दासम्म उथलपुथल भइरहन्छ।' नभन्दै अहिले 'तावाबाट उम्केको माछो भुङ्ग्रो'मा परे।

यो सबै दृश्यलाई ओलीले बालकोटको बार्दलीबाट हेरिरहेका थिए। २०८० फागुन २१ गते मौका पाउना साथ ओलीले वाम गठबन्धनको नाममा कांग्रेससँगको गठबन्धन फोड्न सफल भए। प्रचण्ड अस्थिर स्वभावका नभएको भए उनी पटक पटक ओलीको जालमा पर्ने थिएनन्।

बाँकी २ पृष्ठमा

# एनसेलसँग भण्डारीको करोडौंको बार्गेनिङ


भूपेन्द्र भण्डारी

**समाचार टिप्पणी**

*नेपाल दूरसञ्चार प्राधिकरणको असक्षमताका कारण इन्टरनेट सेवा प्रदायक संस्था र एनसेलको अन्तर्राष्ट्रिय ब्यान्डविथ आपूर्ति कुनै पनि बेला अवरोध आए आश्चर्य मानिने छैन। नियामक निकायको रुपमा रहेको प्राधिकरणको नेतृत्वको 'नियत'का कारण यस्तो अवस्था आइलागेको हो। लामो समयदेखि प्राधिकरणले विदेशी मुद्रा सिफारिस नै नगरिदिएपछि एनसेलको ब्याण्डविथ आफूर्तिमा टाटा कम्युनिकेसन्स इन्टरनेसनल पीटीईले गत ३ असारबाट अन्तर्राष्ट्रिय ब्यान्डविथ आपूर्ति बन्द गरेको छ। प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारीकै कारण यस्तो अवस्था आएको हो।*

*भण्डारीले अहिले विदेशी मुद्रा सिफारिसमा समेत सेवा प्रदायकहरूसँग करोडौं रुपैयाँ मागेको इन्टरनेट सेवा प्रदायकको आरोप छ। नभए रोक्नुपर्ने कुनै कारण छैन। सत्ता परिवर्तन भएर घर जान लागेकी सञ्चारमन्त्री रेखा शर्मालाई बुझाउनुपर्छ भन्दै भण्डारीले रकम मोलतोल गरेको आरोप छ।*

*दूरसञ्चार तथा इन्टरनेट सेवा प्रदायकले विदेशी अपस्ट्रिम प्रदायकबाट ब्यान्डविथ आपूर्ति गर्दै आएका छन्। त्यसबापतको विदेशी मुद्रा भुक्तानीका लागि प्राधिकरणले सिफारिस दिनुपर्ने हुन्छ। तर त्यस्तो स्वीकृति तथा सिफारिस एनसेललगायत अन्य सेवा प्रदायकले नपाउँदा भुक्तानी गर्न नसकेको र सोही कारण ब्यान्डविथ आपूर्ति बन्द भएको हो।*

बाँकी २ पृष्ठमा

# पूर्वमन्त्री आले निष्काशित



विवादास्पद प्रेम आलेलाई नेकपा एकीकृत समाजवादीले केन्द्रीय सदस्यबाट निष्काशन गरेको छ। एमालेसँग 'विद्रोह' गरेर एकीकृत समाजवादीमा आएका आलेको गतिविधि पछिल्लो समय एमालेतिर ढल्केको थियो।

काठमाडौंमा जारी समाजवादीको दशौं महाधिवेशनमा सहभागी नभएर आले महाधिवेशन छल्न भारत घुम्न गएका थिए। विगतमा पनि एमालेभित्र रहँदा ओली समूहमा रहेका आले त्यहाँ मन्त्री नपाएपछि अन्तिम समयमा आएर माधव नेपालको शरणमा परेका थिए। नेपालसँग आएपछि मागेकै मन्त्रालयमा मन्त्री भएका आलेको भूमिका निकै विवादास्पद रहेको थियो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हुँदा आलेले मन्त्रालयभित्र बाँकी ७ पृष्ठमा

# एआइजीदेखि इन्स्पेक्टरसम्म घर जाँदै

नेपाल प्रहरीमा शुक्रबारदेखि एक जना प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) र एक जना डिआइजीको पद रिक्त भएको छ। एआइजी उमेशराज जोशी र एआईजीमा सिफारिस डिआइजी पोषराज पोखरेल अनिवार्य अवकास पाएपछि दुई पद रिक्त भएको छ।

उमेशराज जोशी असार १९ पोखरेल २१ बाट अनिवार्य अवकासमा गएका हुन्। उनीहरूको अवकाशपछि अहिले भतरबहादुर बोहरा, दुर्गा सिंह, रवीन्द्र केसी, रामदत्त जोशी, बुद्धिराज गुरुङ, किरण राणा, कुवेर कडायत, केदार ढकाल, विष्णुकुमार केसी, चन्द्रकुबेर खापुङ, जनक भट्टराई, लालमणि आचार्य लगायतका डिआइजी प्रतिस्पर्धामा छन्। सरकारले सुरुमा रिक्त एआइजीमा यी डिआइजीहरूमध्येबाट बढुवा गरेपछि एसएसपीबाट बाँकी ७ पृष्ठमा

# सीमानाकामा एसपी डाँगीको ढाँट

बाँकेको सीमा क्षेत्रमा सशस्त्रका प्रहरी आफै ढाट राखेर चोरीपैठारीलाई प्रश्रय दिएको पाइएको छ। तस्करी नियन्त्रण गर्न चौलिका चोकदेखि जमुनाहसम्म भन्सार, नेपाल प्रहरी र सशस्त्र प्रहरीको चार ठाउँमा चेकिङ हुनुपर्नेमा ती सबै स्थानमा ढाट राखेर चोरीपैठारीका सामानलाई नेपाल ल्याउन सहयोग गरेको पाइएको छ।

मुख्य नाकाबाट अवैध सामान भित्रिन छाडेको छैन। मुख्य नाका होइन अन्य नाकाबाट प्रशस्तै सामान भित्रिने गरेको छ। त्यसरी भित्रिएको सामान नेपालगन्जका गोदामहरूमा 'स्टक' गरेर यही र अन्य जिल्लामा बिक्रीका लागि पठाइने गरिएको छ।

चोरीपैठारी नियन्त्रणको अख्तियारी पाएका सरकारी निकायको लापरबाही र तस्करलाई प्रोत्साहन गर्ने कार्यमा संलग्न व्यवसायी यसमा मुख्य दोषी रहेको स्रोतको दाबी छ। व्यापारीहरूले चोरीपैठारी र नेपालगन्जको बाँकी ७ पृष्ठमा

# गृहमन्त्री लामिछानेले सुन तस्कर जोगाए

● दृष्टि संवाददाता



सुन तस्करीको जाँचबुझ आयोगको प्रतिवेदन गृहमन्त्री रवि लामिछानेले लुकाएका छन्। पूर्वन्यायाधीशको नेतृत्वमा गठित आयोगले गृहमन्त्री लामिछानेलाई प्रतिवेदन बुझाएको चार महिना पुग्न लागेको छ, तर अहिलेसम्म आयोगको प्रतिवेदन गोप्य राखिएको मात्र छैन, प्रतिवेदन नै गायब बनाएर कारबाही गर्न भनिएका व्यक्तिहरूलाई सिआइबीले धमाधम उन्मुक्ति दिई जोगाइएको छ। यो अक्षम्य अपराध हो। प्रतिवेदन गायब पार्नेहरूमाथि कडा कारबाही गर्नुपर्छ।

सिआइबीले दोस्रो चरणको सुन तस्करी प्रकरणको अनुसन्धान पूरा भएपछि पत्रकार सम्मेलन गरेर केही आरोपितहरूलाई उन्मुक्ति दिइसकेको छ। तर अनुसन्धानमा संलग्न प्रहरीलाई भने अझै कारवाही गर्ने भन्दै अलमल्याई राखिएको छ।

सीआईबी प्रमुख ज्ञवालीले केही दिनअघि पत्रकार सम्मेलनमा 'तथ्य र प्रमाण'ले पुष्टि गरेकामाथि मुद्दा चलाउन सिफारिस गरिएको बताएका थिए। त्यस क्रममा दीपेश पुनसहितका व्यक्तिलाई किन अनुसन्धानको दायरामा नल्याएको भन्ने प्रश्नमा उनले 'प्रमाणले पुष्टि नगरेको' जवाफ दिएका थिए। ज्बकि, उनीहरूलाई उन्मुक्ति दिएको आरोपमा एआईजी किरण बज्राचार्यलाई सीआईबी प्रमुखबाट हटाएर ज्ञवालीलाई ल्याइएको थियो। तर यसपालि उनीहरूसँग सामान्य सोधपुछसमेत नगरी उन्मुक्ति दिइएको हो।

स्कुटरको 'ब्रेक सु' मा लुकाएर ल्याइएको ६१ किलो र विद्युतीय चुरोट (भेप) मा लुकाएर ल्याइएको साढे ९ किलोसहितको सुन तस्करीको अनुसन्धान गर्न गत वर्ष असोजमा आयोग बाँकी २ पृष्ठमा

# टेलिकममा झालाई ल्याउन सुन तस्करकै सेटिङ

● दृष्टि संवाददाता


रामकृष्ण सुवेदी

ठूला परियोजना र अर्धसरकारी निकाय, संस्थाहरूमा सरकारी नियुक्तिको तयारी थालिएको छ। सरकारबाट बाहिर निस्कने भएपछि प्रधानमन्त्री पुष्पकमल दाहालले विभिन्न सरकारी नियुक्तिमा चासो राख्दै प्रकृया अघि बढाएको छ। आज बस्ने मन्त्रिपरिषद्को बैठकबाट धेरैको नियुक्ति हुने बालुवाटार स्रोतले दृष्टिलाई बताएको छ।

प्रधानमन्त्री दाहालले आगामी २८ गते विश्वासको मत लिन संसदलाई जानकारी गराइसकेको अवस्थामा अरबौ चलखेल हुने नेपाल टेलिकमको एमडी नियुक्तिको तयारी थालिएको हो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीको संयोजकत्व तथा पूर्वसचिव हरि बस्याल र मन्त्रालयका सहसचिव बाबुराम भण्डारी सदस्य रहेको प्रबन्ध निर्देशक छनोट सिफारिस समितिले एमडी नियुक्तिको तयारी थालिएको हो।

मन्त्रालयले नेपाल टेलिकमको प्रबन्ध निर्देशक (एमडी) नियुक्तिका लागि बिहिबारबाट अन्तर्वार्ता लिन थालिएको थियो। आइतबार यसको प्रक्रिया सकिएको छ। सचिव सुवेदीलाई मुख्यसचिव बनाइदिने आश्वसनसहित एमडी नियुक्तिको प्रक्रिया थालिएको स्रोतले बताएको छ।

सरकारको नेतृत्व गर्न तयारी अवस्थामा बसेका नेपाली कांग्रेस र नेकपा एमालेले महत्वपूर्ण निर्णय नगर्न प्रचण्ड नेतृत्वको बाँकी २ पृष्ठमा

# 'अश्लिल फिल्म देखाएर यौन सम्पर्क राख्यो'



*संवैधानिक परिषदबाट एमाले अध्यक्ष केपी शर्मा ओलीको जोडबलमा निर्वाचन आयुक्तमा सिफारिस कृष्णमान प्रधान विरुद्ध संसदीय सुनुवाइ समितिमा पीडित महिलाबाटै यौन दुराचारको उजुरी परेपछि गंभिर नैतिक संकट उत्पन्न भएको छ। यस घटनाले एमाले कस्तो पार्टी हो र, कस्ता-कस्ता व्यक्तिलाई संवैधानिक निकायमा एमालेले सिफारिस गर्छन् भन्ने कुरा उदांगिएको छ।*

*प्रधान गत असार २ गते संवैधानिक परिषद्को निर्णय अनुरुप निर्वाचन आयोगको आयुक्तमा सिफारिस भएलगत्तै प्रधान यौन दुराचारी भएको र पीडित महिलालाई कतै उजुरी नगर्नु भनेर १ करोड दिएको समाचार दृष्टिले प्रकाशित गरेको थियो। उनीविरुद्ध कार्यालयमै यौन दुराचार गरेको किटानी दाबीसहित संसदीय सुनुवाइ समितिमा उजुरी परेपछि सिफारिसको वैधता र सिफारिस गर्ने पार्टीको नैतिकतामाथि नै प्रश्न खडा भएको छ।*

*पीडित ती महिलाले विभिन्न प्रलोभन देखाउँदै 'मर्निङ वाक' का बेला समेत बोलाएर यौन सम्पर्क राखेको, अश्लिल फिल्म देखाएर यौन सम्पर्क राख्न बाध्य पारेको जस्ता सुन्दै कहाली लाग्ने घटना संसदीय समितिका पदाधिकारीलाई पीडितले सुनाएकी थिइन्।*

बाँकी ७ पृष्ठमा







## वक्रदृष्टि

### सँगै स्वर्ग जाने कुरा

*गत हप्ताको सोमबार बिहान ओली र प्रचण्ड बालुवाटारको बार्दलीमा टुप्लुक्क देखापरे । त्यतिबेलासम्म ओलीले काखमा राखेर रेटेको कुराको सुइँकोसम्म प्रचण्डले पाएका थिएनन् । प्रचण्डको 'मुड' बुझ्न बालुवाटार पुगेका ओलीले रमाइला-रमाइला गफ गरेर प्रचण्डलाई पाँचै वर्ष ढुक्क रहन आश्वस्त पारे ।*

*हिँड्ने बेला फेरि प्रचण्ड भड्किने हो कि भनेर ओलीले ढुक्क हुनोस्, स्वर्ग नर्क जहाँ जानु परे पनि सँगै जाउला भनेर ढाडस दिए । जब सोमबार मध्यराति ओली र देउवाबीच नयाँ गठबन्धन बनाउने सहमति बन्यो, तब प्रचण्ड निद्राबाट ब्युँझिदै भने- बिहान स्वर्ग नर्क जहाँ जानु परे पनि सँगै जाउला भनेको मान्छे रातारात मलाई एक्लै नर्कमा छाडेर स्वर्ग पुगेछन् । पदाधिकारी बैठकमा प्रचण्डले यसो भनिरहँदा नारायणकाजी श्रेष्ठ पेट मिचीमिची हाँसे ।*

### दाल मे कुछ काला

*केही दिनअघि संसद् भवनबाट बाहिरिँदा पत्रकारहरूले ओलीसँग प्रश्न गरे- तपाईं प्रधानमन्त्री हुने हल्ला छ, के हो ? मुसुमुसु हाँस्दै ओलीले भने 'यो साल त होइन, अर्को साल हुन्छु कि ?*

*अहिले नै कुरा फुत्कियो भने प्रचण्ड 'बहुलाउला' भनेर पत्रकारहरूसँग लामो कुरा गरेनन् । यत्ति भनेर फटाफट हाँस्दै गाडीभित्र छिरे । ओलीको मुड देखेर पक्कै पनि 'दाल मे कुछ काला है' भन्दै ऋषि धमला ट्वाँ परे ।*

### यस्तो पनि हुँदोरहेछ...

*बुधबार एमालेका मन्त्रीहरू राजीनामा बोकेर बालुवाटार पुगे । प्रधानमन्त्रीसँग अन्तिमपटक सामूहिक फोटो पनि खिचे । ओलीको जालमा परेर माछोझैं छट्पटिएका प्रचण्डले लामो सुस्केरा हाल्दै एमालेका मन्त्रीहरूलाई फत्तेमानको गीत सुनाए ।*

*'यस्तो पनि हुँदोरैछ, जिन्दगीमा कहिलेकाहीँ, कसैलाई माया गर्नु एउटा भूल गरेँ मैले ।' प्रचण्डको गीत सुनेर रघुवीर महासेठ मुर्छा पर्ने गरी हाँसे ।*

### कसो गगन थापाज्यू ?

*सत्ताबाट खुस्कँदै गर्दा कांग्रेसले सानेपामा गिरिजाबाबुको तस्बिर प्रदर्शनी आयोजना गरेको थियो । प्रचण्ड पनि करबलले फोटो हेर्न सानेपा पुगेका थिए ।*

*फोटो हेर्दै जाँदा गिरिजासँग शान्ति वार्ताको फोटो देखेर प्रचण्ड भावुक भए, मनमनै सोचे होलान्- गिरिजाबाबु बाँचेको भए यो देउवालाई देखाइदिन्थे, के गर्नु गिरिजाबाबु जानु भो, मेरो यो हालत भयो । कसो, गगन थापाज्यू ?*

### स्वर्णिम वाग्ले ट्वाँ

*ठूला भ्रष्टाचारका फाइल खोल्ने प्रतिबद्धता जाहेर गर्दैगर्दा बेचन झा पक्राउ परे । बेचन झा पक्राउले बेचैनी बनेकी आरजु देउवा भोलिपल्ट अर्थात् असार १५ गतेको साइत पारेर बालकोट पुगिन ।*

*बालकोटमा २ घण्टाजति कुराकानी भइसकेपछि ओलीले आरजुको बेचैनी बुझे । त्यसपछि संविधान जोगाउने नाममा कांग्रेस-एमालेबीच नयाँ समीकरण बनेपछि गृहमन्त्री रवि लामिछाने छाँगोबाट खसेजस्तो भए । पत्रकारहरूसँग कुरा गर्दै लामिछानेले संविधान जोगाउन हो कि अपराध लुकाउन यो समीकरण बनेको हो, जनताले थाहा पाइसकेका छन् भन्दा डा. स्वर्णिम वाग्ले ट्वाँ परे ।*

## न्यायाधीशमा मिलेन भागवण्डा, न्यायमा धक्का

**सर्वोच्च अदालतमा २०९२ सालमा प्रधानन्यायाधीश हुने गरी ल्याइएका नहकुल सुवेदीपछि २०९३ साल पुस ३ गतेबाट टेकप्रसाद ढुंगानालाई प्रधानन्यायाधीश सुनिश्चित हुने गरी नियुक्त गरिएको छ । सुवेदी र ढुंगाना प्रधानन्यायाधीश हुँदै अरु भने ६५ वर्षे उमेर हदका कारण घर फर्किने छन् ।**

● दृष्टि संवाददाता

न्यायपरिषद् ऐन, २०७३ को दफा ४ को उपदफा १ मा 'न्यायपरिषद्ले उमेरको हदबाट अवकाश हुने सर्वोच्च अदालतका न्यायाधीशको पद यकिन गरी त्यस्तो पद रिक्त हुनुभन्दा कम्तीमा एक महिनाअगाडि नियुक्तिका लागि सिफारिस गर्ने' प्रष्ट व्यवस्था छ । अन्य कारणबाट सर्वोच्चको न्यायाधीश पद खाली भएमा खाली भएको मितिबाट एक महिनाभित्रमा नियुक्तिको सिफारिस गर्नुपर्ने व्यवस्था ऐनमा छ । तर, सर्वोच्च अदालतमै चार न्यायाधीश पद रिक्त हुँदा कानुनी सीमा नाघेको अवस्था छ ।

सर्वोच्च अदालतकै पछिल्लो एक अध्ययनले मुद्दाको पेसी तोकिएकामध्ये दैनिक १ प्रतिशत मुद्दामा मात्र सुनुवाइ हुँदै गरेको देखाएको छ । करिब दैनिक ७० थान मुद्दा फर्स्योट हुने गरेको पाइएको छ । तर पेसीमा दैनिक ४ सयको संख्यामा मुद्दा तोकिने तर सुनवाइ नहुने अवस्था छ ।

हाल सर्वोच्च अदालतमा २६ हजार ६०२ थान मुद्दा विचाराधीन छन् । तीमध्ये सबैभन्दा धेरै रिटका मुद्दा छन् । अदालतको समय राजनीति जोडिएका संवैधानिक विवादका मुद्दाहरूमा समय धेरै खर्च हुँदा सर्वसाधारणको मुद्दा हेर्न नभ्याएको सूचीमा पर्ने विडम्वना छ । सर्वोच्चमा पाँच वर्ष पुराना मुद्दा मात्र ३ हजार ५७२ थान अझै विचाराधीन छन् ।

गत बर्षको मंसिर ६ गते सर्वोच्चका लागि एक पद थाती राखेर न्यायाधीश नियुक्ति गरिएको थियो । पछिल्लो समय असार सुरुवातसँगै वरिष्ठ न्यायाधीश डा.आनन्दमोहन भट्टराईको अवकासपछि सर्वोच्चमा चार न्यायाधीश पद रिक्त भइसकेको छ । न्याय परिषदमा भागवण्डा नमिल्दा सर्वोच्चमै न्यायाधीशको खडेरी पर्ने अवस्था आएको हो । सर्वोच्च अदालतमा २०९२ सालमा प्रधानन्यायाधीश हुने गरी ल्याइएका नहकुल सुवेदीपछि २०९३ साल पुस ३ गतेबाट टेकप्रसाद ढुंगानालाई प्रधानन्यायाधीश सुनिश्चित हुने गरी नियुक्त गरिएको छ । सुवेदी र ढुंगाना प्रधानन्यायाधीश हुँदै अरु भने ६५ वर्षे उमेर हदका कारण घर फर्किने छन् ।




समय तलमाथि केही भएन भने ढुंगाना करिव ६ महिना प्रधानन्यायाधीश हुने छन् । माओवादी कोटाबाट प्रधानमन्त्री प्रचण्डको आशिर्वाद प्राप्त महान्यायाधिवक्ता डा.दिनमणी पोखरेललाई न्यायाधीश बनाउन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ नै अनिच्छुक रहेका कारण उनको संभावना क्षिण बनेको परिषद स्रोतको दाबी छ । पोखरेल वरिष्ठ अधिवक्ता नभएको भन्दै न्यायाधीश हुनबाट रोक्न पार्टी भित्रैका एकाथरी कानुनव्यवसायी हात धोएर लागिपरेको समेत बताइन्छ ।

यद्यपि पोखरेल ढुंगानापछि नियुक्ति हुँदा पनि २०३० सालको जन्मकुण्डलीका आधारमा करिव साढे दुई बर्ष प्रधानन्यायाधीशमा रहन सक्छन् ।

सर्वोच्च अदालतको न्यायाधीशका लागि कांग्रेसबाट शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा महान्यायाधिवक्ता बनेका खम्बबहादुर खातीले लविङ गरिरहेका छन् । यता, उच्च अदालतबाट नृपध्वज निरौला, रमेशराज भण्डारी, श्रीकान्त पौडेल, लोहितचन्द्र शाह, कृष्ण गिरी र विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर दौडधुपमा रहेको परिषद स्रोतले जनाएको छ । तर, न्यायाधीश नियुक्तिका लागि परिषद वैठकका लागि तत्काल कुनै एजेण्डा भने तय भएको छैन । जसका कारण कानुनतः रिक्त हुनुभन्दा एक महिनाअगावै न्यायाधीश सिफारिस गर्नुपर्नेमा राजनीतिक दाउपेचका कारण ६ महिना वित्दा समेत अनिर्णयको बन्दी बन्ने अवस्था देखिएको छ । राजनीतिक आस्थाका आधारमा न्यायाधीश नियुक्त गर्दा विगतमा न्याय परिषदले निकै ठूलो बदनामी खेपेको छ ।

तत्कालीन प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मा र नेपाली कांग्रेसका नेता नरहरि आचार्य कानुन मन्त्री भएका बेला भएको राजनीतिक दलको प्रभावमा न्यायाधीशमा पार्टी कार्यकर्ता घुसेपछि चर्को आलोचना समेत भएको थियो । आफूलाई सन्त योगी दाबी गर्ने तत्कालीन प्रधानन्यायाधीश शर्माका पालामा पुनरावेदनमा नियुक्ति खाएका मनोज शर्मा, निलम पौडेल, यमुना भट्टराई, जगन्नाथ महतो, राजेश्वर तिवारी, रमेशराज राजभण्डारी शपथ लिनेबित्तिकै तत्कालीन एमाले पार्टी कार्यालय बल्खुमा कृतज्ञता ज्ञापन गर्न पुगेको सन्दर्भ अहिले पनि न्यायालयमा एउटा गलत नजिरको रुपमा रहेको छ ।

न्याय परिषदले दलको निर्णय पर्खेर बस्ने गलत परिपाटीका कारणसंसदीय सुनुवाई समिति समेत पंगु बन्ने अवस्था छ ।

### एनसेलसँग...

*टाटाले आफूलाई ब्यान्डविथ दिन रोकेको बारे एनसेलले दुई हप्ता अघि नै प्राधिकरणलाई लिखित जानकारी गराइसकेको भएपनि अध्यक्ष भण्डारीले यसलाई अनुमति दिएका छैनन । ब्यान्डविथ आपूर्ति रोकिएपछि एनसेलको दूरसञ्चार सेवा सञ्चालनमा समेत असर परेको छ ।*

*टाटाले बक्यौता रकम भुक्तानी दिन भन्दै पटक-पटक एनसेलको नाममा लिगल नोटिस समेत जारी गरेको थियो । त्यसमा बुझाउन बाँकी रकम भुक्तानी गर्न नसके कानुनी कारबाहीमा जाने चेतावनी समेत टाटाले दिएको छ ।*

*एनसेल र नेपाल टेलिकमले भारत र चीनका विभिन्न ब्यान्डविथ आपूर्तिकर्ताबाट इन्टरनेट सेवाका लागि ब्यान्डविथ ल्याउँदै आएका छन् । नेपाल सरकारसँग एनसेलको यो मात्रै विवाद भने होइन । पछिल्लो पटक एनसेलको सेयर स्वामित्व खरिद-बिक्रीसम्बन्धी विषयको उल्झन कायमै छ भने एनसेल आजिएटाले नेपाल सरकारलगायतलाई कर र गैरकर गरी तिर्नुपर्ने अर्बौं रकम पनि विभिन्न तहका निकाय र अदालतहरूमा विचाराधीन नै छ ।*

*तेस्रो पटकको नवीकरण शुल्कबापत गत जेठ १५ भित्र बुझाउनुपर्ने २० अर्ब रुपैयाँमध्ये ४ अर्ब रुपैयाँ मात्रै बुझाएको एनसेलले बाँकी रकम किस्ताबन्दीमा तिर्ने सुविधा मागिरहेको छ । सरकारले ०६६ र ०७१ सालमा सरकारी स्वामित्वको नेपाल टेलिकमलाई नवीकरण शुल्क किस्ताबन्दीमा बुझाउने सुविधा दिएपछि एनसेलले पनि किस्ताबन्दी सुविधा पाएको थियो ।*

*नेपाल टेलिकमले ०७६ सालमा गर्नुपर्ने तेस्रो नवीकरण लाइसेन्सको मिति गुज्रिनुभन्दा एक दिनअघि गत वैशाखमा एकमुष्ट २० अर्ब बुझाएको थियो । अहिले प्राधिकरणमा भण्डारी अध्यक्ष भएर आएपछि एनसेलको मात्र समस्या रहेको छैन, अन्य इनटरनेट प्रदायक संस्थाहरूको पनि समस्या देखिएको छ ।*

*समाचार स्रोतका अनुसार अध्यक्ष भण्डारीले एक पटक सबै इन्टरनेट प्रदायक कम्पनीका सञ्चालकहरूसँग छलफल गरेर पनि यसलाई नियतवश रोकेर राखेका हुन् । व्यापक विरोधका बाबजुद नियुक्ति भएका विवादास्पद छविका भण्डारीले सरकार जोगाउने नाममा करोडौं असुल्ने योजना बताएका छन् । यो कुरा मन्त्री शर्मा र स्वयं प्रधानमन्त्री कति जानकार छन् थाहा छैन ।*

### सत्ता समीकरण...

ओली के चाहन्थे, अब प्रचण्डलाई देउवाले कहिल्यै पनि नपत्याउने गरी पछार्नु पर्छ । र, भिजेको बिरालो जस्तो बनाएर चुट्नुपर्छ । नभन्दै अहिले प्रचण्ड असार २८ गते विश्वासको मत लिने भनेर 'म्याँउ' गरिरहेका छन् ।

अब जतिसुकै टाउको फोडे पनि प्रचण्डलाई कांग्रेसले विश्वास गर्ने छैन । फागुन २१ गते कांग्रेसले धोका खाएकै दिनदेखि प्रचण्डलाई सत्ताबाट झार्ने रणनीति बुनिरहेको थियो । कांग्रेसका नेता शेखर कोइरालाले अब एमाले र कांग्रेस मिलेर सरकार बनाउनुपर्छ भन्दै थिए । अन्ततः कोइरालाले भनेजस्तै कांग्रेस-एमालेको सरकार बन्ने वातावरण बन्यो ।

फागुन २१ गते प्रचण्ड वाम गठबन्धनको जालोमा परेदेखि नै यो सरकार तीन महिना पनि टिक्दैन भनेर दृष्टिले समाचार विश्लेषण गरेको थियो । तर, नेताहरू अल्छी भए । सञ्चार माध्यममा आएका समाचार, विश्लेषण पढ्न छाडे । नभन्दै, बजेट भाषणपछि एमालेले असन्तुष्टिको स्वर विस्तारै संसदमा उठाउन थाल्यो । प्रचण्ड बिच्केलान कि भनेर मनै नपरे पनि एमालेले बजेट पास गऱ्यो । प्रचण्ड ढुक्क भए । एमालेको भित्री षडयन्त्र प्रचण्डले बुझ्नै सकेनन् ।

प्रधानमन्त्री मातहत राष्ट्रिय अनुसन्धान विभाग छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाभित्र 'गोप्य' सूचना संकलन गर्ने विभाग छ । तर, कुनै पनि निकायले प्रचण्ड धरापमा पर्दैछन् भन्ने सूचना उनलाई दिएनन् । जे दिए, झुटो विवरण दिए । त्यसलाई पत्याउदा, प्रचण्डले नपत्याउने खोलाले बगाउँछ भनेझै ओलीले उनलाई कहाँ पुऱ्याइसके भन्ने पत्तो नै पाएनन् ।

सबैलाई सम्झाना होला, पोखरा पुगेर ओलीले भनेका थिए, 'अझै २० वर्ष बाँच्छु । जुँगा, दाह्री कालो उम्रिन थाल्यो । २० वर्षे जोश छ ।' उनको यो भनाइमा अधिनायकवादी सोच र महत्वकांक्षा झल्किन्छ । नयाँ गठबन्धनमा दुई वर्ष आफु प्रधानमन्त्री बन्ने र त्यसपछि देउवालाई प्रधानमन्त्री हस्तान्तरण गर्ने सहमति त भएको छ । तर, २० वर्षसम्म शासन गर्ने महत्वकांक्षा बोकेका ओलीले सजिलै सत्ता हस्तान्तरण गर्लान र ? शंकै छ ।

आजको भोलि त के के भइसक्यो, दुई वर्षपछि ओलीले सत्ता छाड्लान् र प्रधानमन्त्री बनुलाँ भन्ने देउवाको सोझोपन 'झर्लो र खाम्ला'जस्तै हो । नमरेसम्म सत्तामा बस्ने आकांक्षाले ओलीले दुई तिहाईको संसद विघटन गरे । यदि, सर्वोच्च अदालतले संसद पुनर्स्थापना नगरेको भए के अवस्था हुन्थ्यो ?, त्यतातिर फर्किएर कसैले सोचेका छैनन् । सर्वोच्चले पूर्णविराम लगाएको यात्रा अब ओलीबाट सुरु हुँदैछ ।

फागुन २१ गते वाम गठबन्धनको नाममा बनेको प्रचण्ड सरकार अचानक फेरबदल हुनुको पछाडि कुनै राजनीतिक कारण देखिदैन । यसबीच, ओली र प्रचण्डको भेटघाट बाक्लै थियो । कहिलेकाही ओलीको चित्त दुखाउनु हुन्न भनेर प्रचण्डले आफुनिकट मन्त्रीलाई भन्दै आएका पनि थिए ।

ओलीको चित्त बुझाउन आफु भारत भ्रमणमा जानुअघि भारतलगायतका देशका राजदूत परिवर्तन गरेकै थिए । राजदूत विनाको देशमा किन भ्रमण गरेको भनेर प्रचण्डले आलोचना खेपेकै थिए । त्यसमा बरु कांग्रेसले चित्त दुखाएको थियो होला । धितोपत्र बोर्डको अध्यक्ष ओलीले भनेकै सन्तोषनारायण श्रेष्ठलाई बनाउने कसम पनि प्रचण्डले खाएकै थिए । तर, प्राविधिक कारणले मात्र अन्तर्वार्ता स्थगित भयो । तै पनि गर्छु भन्दाभन्दै ओली किन रिसाए उनलाई थाहा भएन ।

धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिमा अर्बौं रुपैयाँको चलखेल भइरहेको सूचना प्रचण्डले पाएकै थिए । तर, 'खाए पनि खाओस्' भनेर प्रचण्डले अर्थमन्त्री वर्षमान पुनलाई प्रक्रिया पुऱ्याएर श्रेष्ठलाई अध्यक्ष बनाउन बारम्बार निर्देशन दिएकै थिए ।

गत सोमबार बालुवाटार 'बार्दली'मा भएको भेटमा पनि ओलीलाई त्यो बचन प्रचण्डले दिएका थिए । ओलीलाई धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिमा किन बढी चासो पऱ्यो होला भन्ने भित्री कुरा पनि प्रचण्डले बुझेकै थिए । त्यसमा अर्बौंको कमिशनको चलखेलको रिपोर्ट पनि उनी कहाँ पुगेको थियो । तर पनि पार्टी चलाउन होला भन्ठानेर पटक पटक श्रेष्ठलाई नै अध्यक्ष बनाउने हो, चाँडो प्रक्रिया थाल्नुस् भनेर अर्थमन्त्रीलाई भनेको छु भनेर ओलीलाई आश्वस्त पारेकै थिए ।

प्रचण्डको 'मुड' बुझ्न गत सोमबार बालुवाटार पुगेका ओलीको अनुहारमा असन्तुष्टिको कुनै झल्को थिएन । बरु ओलीले सरकार राम्रोसँग चलाउन विज्ञ समूह बनाउने सुझाव ल्याएका थिए । त्यसलाई पनि प्रचण्डले स्वीकार्दै-हुन्छ, को-को राख्ने हो विज्ञको नाम दिनुहोला भनेकै थिए ।

कुराकानी चल्दै गर्दा ओलीले 'कम्युनिष्ट आन्दोलन कमजोर भएकोले सबै कम्युनिष्ट मिल्नुको विकल्प नभएकाले मिसन ८४ सम्म यही सरकारलाई टिकाएर दुई तिहाईको सरकार बनाउने प्रस्ताव गरेका थिए । त्यसबाट हौसिएका प्रचण्डले 'हुन्छ हुन्छ कति राम्रो प्रस्ताव ल्याउनुभयो । मैले त ०७४ सालमै मिलौं भनेर मिलेकै हो । दुई तिहाई आएकै हो । सबै कम्युनिष्ट पार्टी मिल्ने कुरामा मेरो त जहिले पनि सकारात्मक दृष्टिकोण छ' भनेर जवाफ दिएका थिए ।

बालुवाटार बार्दलीमा प्रचण्डको कुरा गम्भीरताका साथ सुनिरहेका ओलीले फेरि सम्झाउदै भने- विगतका गल्ती कमजोरीबाट शिक्षा लिएर अगाडि बढ्ने हो, पुराना कुरा बिर्सिनुस् । नयाँ ढंगबाट कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउनुपर्छ, त्यसको जिम्मा तपाईं र मेरो हो । ओलीको कुरा सुनेर कुम हल्लाउदै निकै उत्साहित भएका प्रचण्डलाई उठ्ने बेला ओलीले भने-'केही कुराको चिन्ता नगर्नुस्, स्वर्ग नर्क जहाँ गए पनि सँगै जाने हो ।'

त्यसैदिन बेलुका १०: ३० बजे प्रचण्डको 'मुड' बुझ्न ओलीले रघुवीर महासेठलाई बालुवाटार पठाए । प्रचण्डले राजनीतिक उथलपुथलबारे अलिअलि गाईंगुईं सुनेको कुरा महासेठलाई सुनाए । महासेठले भने, 'कहाँ त्यस्तो हुन्छ र, म भर्खर बालकोटबाट आएको छु । ओलीले ढुक्कसँग सुत्नु भनेर सन्देश पठाउनुभएको छ । तपाईंलाई शंका लागे ओली र तपाईंले भोलि बिहान संयुक्त विज्ञप्ती जारी गर्नुस् । त्यसका लागि एमाले तयार छ ।

प्रचण्डलाई थप ढाडस दिँदै महासेठले भने- बजारमा के के हल्ला हुन्छ, हुन्छ । त्यस्तो कुरा पत्याएर प्रधानमन्त्री हिड्नुहुन्छ ? मिडियाले जे पनि लेख्छ सबै कुरा पत्याएर हुन्छ ? त्यसपछि प्रचण्ड मनमा अनेकौं कुरा खेलाउदै बेडरुममा पुगेर सूचना संकलन गर्दै थिए । रातको १२: १५ बजे नयाँ गठबन्धन बनाउने कांग्रेस-एमालेबीच सहमति भएको सूचना प्रचण्डले पाएपछि प्रचण्ड छाँगोबाट खसे । रातभर सुत्नै सकेनन् । कहिले माधवकुमार नेपाललाई फोन गरेर 'डिस्टर्व' गरे त कलिहे झलनाथ खनाललाई... ।

भोलिपल्टको माओवादी केन्द्रको पदाधिकारी बैठकमा 'हिजोसम्म स्वर्ग, नर्क जहाँ गए पनि सँगै जाउला भनेका थिए, ओली त एक्लै स्वर्ग गएछन' भनेर ब्रिफिङ गरे ।

वास्तवमा अचानक सत्ता समिकरण परिवर्तन हुनुमा असार १४ गते बेचन झा पक्राउ पर्नु मुख्य कारण हो । बेचन झाले नक्कली भुटानी शरणार्थी काण्डमा आफुलाई पोल्यो भने पक्राउ पर्ने डरले असार १५ गते देउवालाई लिएर आरजु राणा बालकोट पुगिन्, त्यही दिन सत्ता समिकरण परिवर्तन गर्ने सहमति बन्यो ।

भित्री रहस्यको कुरा के छ भने देउवालाई भड्काउन ओलीले नै गृहमन्त्री रवि लामिछानेलाई बेचन झा पक्राउ गर्न आदेश दिएका थिए । प्रचण्ड सरकारका गृहमन्त्री भए पनि लामिछाने बालकोटको निर्देशनमा चल्ने हुँदा प्रचण्डलाई धोका भयो । आफुले गृहमन्त्रीबाट राजीनामा दिएपछि फेरि प्रचण्डले आरजुलाई कारबाही गर्लान भनेरै नाटकीय रुपमा राजीनामा बोकेर आएका गृहमन्त्री लामिछाने राजीनामा नदिएरै फर्किए । यो पनि ओलीकै रणनीति थियो ।

### गृहमन्त्री...

गठन गरिएको थियो । चैत १ मा आयोगको प्रतिवेदन बुझ्दै गृहमन्त्री लामिछानेले सबै दोषीलाई कठोरतापूर्वक कारबाही गरिने बताएर अघिल्लो पटक अनुसन्धानमा संलग्न रहेका प्रहरी अधिकारीलाई कारवाही गर्ने भन्दै प्रहरी प्रधान कार्यालयमा तानिएको थियो । तर अहिले गृहमन्त्री रवि लामिछानेले माओवादी नेताहरूसँग मिलेर तस्करीमा संलग्न रहेका कर्मचारी, राजनीतिज्ञहरूलाई उन्मुक्ति दिलाएका छन् ।

उता सिआइबीले बुझाएको अनुसन्धान प्रतिवेदन पनि गृहमन्त्रीले आफैसँग राखेर गायब बनाएका छन् । 'राज्यको महत्वपूर्ण प्रमाणहरू गायब बनाउने वा नष्ट गर्ने अधिकार कोही कसैलाई पनि हुँदैन । तर, गृहमन्त्रीले यसलाई आफ्नै घर्रामा राखेर सचिवलाई समेत दिएका छैन । एक थान प्रधानमन्त्रीलाई बुझाएका थिए, प्रधानमन्त्री पुष्पकमल दाहालले पनि त्यसलाई बाहिर ल्याउन चाहेका छैनन', गृहमन्त्रालयका एक कर्मचारीले दृष्टिसँग भने ।

आयोगको प्रतिवेदन आउनासाथ पूर्वसभामुख तथा माओवादी नेता कृष्णबहादुर महरालाई पक्राउ पनि गरिएको थियो । तर, लगत्तै अस्पताल भर्ना गरेर गृहमन्त्री लामिछानेले छोड्न आदेश दिएका थिए ।

सुन तस्करीमा महराको संलग्नता नदेखिएको भन्दै सीआईबीले अहिले मुद्दा नचलाउने निर्णय गरिसकेको छ । जबकि सोही प्रकरणमा छोरा राहुल महरा अहिले पनि थुनामा रहेका छन् । सुन तस्करीमा पूर्वसभामुख महरा, छोरा राहुल, पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका दुई छोरा जितेन्द्र र दीपेश, पूर्वउपराष्ट्रपतिका तत्कालीन वैदेशिक मामिला विज्ञका रूपमा रहेका जीवन गुरुङ र सहसचिव झलकराम अधिकारी मुछिएका थिए । गत असार १७ मा मुद्दा अदालत पुगेको छ, जसमा पहिले नै पक्राउ परी पुर्पक्ष कारागारमा रहेका बाहेक थप २० जना पक्राउ र २६ जनालाई फरार सूचीमा राखेर अभियोजन गरिएको छ ।

तिब्बती मूलका बेल्जियन नागरिक दावा छिरिङ र चिनियाँ नागरिक दावाजिन वाङसँग पूर्वउपराष्ट्रपतिका छोराहरू तस्करी धन्दामा संलग्न रहेको र अमला रोकालाई प्रहरीले खोज्ने प्रयाससमेत गरेन ।

### टेलिकममा झालाइ...

सरकारलाई बारम्बार आग्रह गरेको भए पनि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले आफू अनुकुलको एमडी नियुक्तिका लागि हतार गरिरहेका छन् । जनक शिक्षा सामग्री लिमिटेडका अनिल झालाई नियुक्ति गर्ने गरी मन्त्रालयका सचिवले लाइन मिलाएको स्रोतको दाबी छ ।

सरकार अल्पमत परिसकेको र विश्वासको मत फिर्ता लिएको अवस्थामा कुनै नियुक्ति, सरुवा र बढुवा नगर्न आग्रह गरिसकेको अवस्थामा सरकारले नेपाल टेलिकमको प्रबन्ध निर्देशक (एमडी)नियुक्तिका लागि अर्न्तवार्ता लिन थालेपछि एमालेले त्यसलाई नजिकबाट हेरिरहेको छ ।

अन्तर्वार्ता सूचना तथा सञ्चार मन्त्रालयमा लिइएको थियो । प्रधानमन्त्री र सचिव सुवेदीले झालाई नियुक्तिका लागि तयारी गरेको स्रोतले जनाएको छ । केपी ओलीलाई फेसबुकमै चुनौती दिएर के गर्छन् ओलीले भनेर सार्वजनिक टिप्पणी गर्ने सुवेदी अहिले सञ्चारका विभिन्न पदमा नियुक्तिका लागि सक्रिय रहेका छन् । सचिव सुवेदी ओलीका कट्टर विरोधी हुन् ।

उनै सुवेदीले झालाई बोकेर हिँडिरहेका छन् । शिक्षा सचिव हुँदा सुवेदी र जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका एमडी झाबीच घनिष्ठ सम्बन्ध रहेको थियो । झालाई जसरी पनि टेलिकमको एमडी बनाउन सुवेदी लागेका छन् । त्यसका लागि उनले सबै वातावरण बनाइसकेका छन् ।

शिक्षा मन्त्रालयबाट वित्त आयोग फालिएका सुवेदीलाई सुन काण्डमा मुछिएका जीवन गुरुङ भीमकान्त भण्डारी र अनिलकुमार झाको समूहले सञ्चार सचिव बनाएको स्रोतको दावी छ । पूर्वसञ्चार सचिव हरिप्रसाद बस्याल समितिमा विज्ञ सदस्यका रूपमा राखिएको छ । 'सुवेदी उपराष्ट्रपति कार्यालयमा सचिव हुँदादेखि कै गुरुङसँगको सम्बन्ध रहेको थियो । सुन काण्डमा मुछिएका गुरुङ र भण्डारीको घनिष्ठ सम्बन्धकै कारण सुन तस्करीको गिरोहले नै सुवेदीलाई शिक्षा र सञ्चारका पठाएको हो', स्रोतले भन्यो । एमडी नियुक्तिको प्रतिस्पर्धामा १६ जना छन् । उक्त पदका लागि परेको १७ जनाको नाममध्ये १६ जनाको नाम समितिले स्वीकृत गरेको थियो ।

यसरी नाम स्वीकृत हुनेहरूमा अनन्तप्रकाश मल्लिक, अनिलकुमार झा, कृष्णप्रसाद भण्डारी, कमल लामिछाने, केदारनाथ कोइराला, चिन्तामणि बराल, नागेन्द्रकुमार दास, बुद्धिप्रसाद आचार्य, प्रेमप्रसाद सिलवाल, डा. विमल आचार्य, रमेशप्रसाद जोशी, राजेश जोशी, लक्ष्मण महर्जन, शालिकराम सुवेदी, डा शालिग्राम पराजुली, सुवास साह र संगीता पहाडी छन् ।



## ढकालको प्रतिवेदनले नांगिए रवि लामिछाने

# रास्वपा: सक्किने कि सच्चिने ?

● दृष्टि संवाददाता

कुनै बेला टेलिभिजन प्रस्तोता रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको विशेषता भनेकै बढी बोल्ने हो। बोलर नथाक्ने लामिछानेको अहिले मुख बन्द भएको छ। राजनीतिक दलका नेताहरूलाई तुच्छ शब्द प्रयोग गरेर होच्याउने लामिछाने अहिले आफू र पार्टीको बारेमा तयार पारेको प्रतिवेदनलाई समेत पढ्न नदिई मुखमा टेप लगाइदिएका छन्। सैद्धान्तिक आधार विना दुई वर्ष अगाडि जन्मेको राष्ट्रिय स्वतन्त्र पार्टीभित्र स्वतन्त्रता खोज्ने र बोल्नेको मुखमा टेप टाँसेर बस्नुपर्ने अवस्था बनेको छ।

इलामको उपनिर्वाचनपछि देशव्यापी रुपमा समीक्षा यात्रामा निस्केका महामन्त्री डा. मुकुल ढकालले तयार पारेको प्रतिवेदन नै प्रतिबन्धमा परेको छ। हाल निलम्बित महामन्त्री ढकालले तयार पारेको विवादास्पद प्रतिवेदन 'समीक्षा यात्रा-फोक्सुन्डो' सार्वजनिक भएपछि रास्वपा धरातल, जनतामा रास्वपाप्रति हेर्ने दृष्टिकोण समेत स्पष्ट रुपले बाहिर आएको छ।

केन्द्रीय समिति बैठकमा प्रतिवेदन प्रस्तुत भएपछि सभापति लामिछानेले प्रवक्ता मनिष झामार्फत उक्त प्रतिवेदन सार्वजनिक गरेका थिए। लामिछानेमाथि सहकारी ठगी प्रकरणमा सर्वोच्च अदालतले समेत प्रश्न उठाएका बेला यो प्रतिवेदन बाहिरिँदा लामिछाने नैतिक संकट परेका छन्। 'हुनत: लामिछानेलाई नैतिकताको प्रश्न गर्नु र गोरु नांगै छ भन्नु उस्तै हो', रास्वपाकै एक नेताको टिप्पणी छ। उनका अगाडी कोही कसैले बोल्न आँट नै गर्दैनन्।

पार्टी नै आफ्ना कारणले बनेको र रास्वपलाई आएको मत सबै आफ्नै कारणले आएको घमण्डमा रहेका कारण पनि उनी पार्टीभित्र चरम विवादमा पर्दै आएका छन्। तर पनि महामन्त्री ढकालले प्रतिवेदनमार्फत उनीविरुद्ध शालिन विद्रोहका आँट गरेका छन्।

केन्द्रीय समिति बैठकले ढकालले तयार पारेको समीक्षा यात्रा प्रतिवेदनलाई अस्वीकृत गरिदिएको थियो। सोही प्रतिवेदनकै कारण ढकालले महामन्त्री र प्रवक्ता पद तत्कालका लागि गुमाएका छन्। यसै साता (बुधबार) केन्द्रीय समितिको बैठकले सात दिनका लागि उनलाई निलम्बन गर्ने भएको छ। ढकालले प्रतिवेदन बुझाउँदा सार्वजनिक हुनुपर्ने सर्त सभापति लामिछानेसमक्ष राखेका थिए।

नत्र आफूमाथि 'अन्याय' हुने भन्दै दबाबसमेत बढाएका थिए। यही कारण सार्वजनिक रूपमा आउन सक्ने सम्भावित टीकाटिप्पणीलाई हेरेर रास्वपाले सो प्रतिवेदन सार्वजनिक गरेको स्रोत बताउँछ। इलामको उपनिर्वाचनमा लज्जास्पद पराजयपछि रास्वपाको सचिवालय बैठकले ढकाललाई असार ६ गतेबाट 'समीक्षा यात्रा'मा पठाएको थियो।

केन्द्रीय कार्यालय घन्टीघरमा सभापति लामिछानेले दही खुवाएर हातमा घन्टी थमाउँदै उनलाई बिदाइ गरेका थिए। त्यसपछि एक महिना लामो यात्रामा ३८ जिल्ला घुमेर ढकाल असार ५ गते काठमाडौँ फर्किएका थिए। यस यात्रामा ढकालले ल्याएको सन्देशले रास्वपाभित्र ठूलै कम्पन पैदा गरेको छ। जसले रास्वपाभित्रको विवाद सतहमा आएको त छ नै, स्वयं ढकाल पार्टीबाट निष्काशन हुने स्थितिमा पुगेका छन्।

सार्वजनिक भएको प्रतिवेदनमा ढकालले जनतासँगको कुराकानी गरेका प्रतिक्रियालाई जस्ताको तस्तै उल्लेख गरेको दाबी गर्दै आएका छन। त्यसमा सभापति लामिछानेमाथि पहिलोपटक नैतिक प्रश्न उठेको छ। 'थाहा छैन'को उत्तर थाहा छैन ढकालको प्रतिवेदनमा सामाजिक सञ्जालमा सभापति लामिछानेलाई जोडेर 'थाहा छैन' भन्ने वाक्य 'ट्रोल' भइरहेको कुरा उठाएका छन्। 'संसारका सबै मानिसलाई सबै कुरा थाहा नहुन सक्छ। थाहा नभएको कुरा थाहा छैन नै भन्ने हो, थाहा छैन भने जबर्जस्ती थाहा छ भन् भनेर कानुनले पनि भन्दैन,' प्रतिवेदनमा भनिएको छ, 'कानुनले थाहा भए पनि थाहा नभए पनि कानुन उल्लंघन गरेको छ भने बराबर सजाय दिन्छ।' तर पार्टीभित्र भने यो रोग फैलन सुरु गरेको प्रतिवेदनमा उल्लेख छ।



■ 'निर्मला पन्तलाई न्याय कहिले मिल्छ ?', 'ब्लु बस र रोजगारीको कुरा कता पुग्यो ?'

■ 'पार्टीका नेताहरूले नै बोलेका कुरा कति पूरा हुन्छन् ? जनताले हेरिरहेका छन् र जनमूल्यांकनमा हामी असफल भएका छौँ'

■ 'आसनग्रहणमा सांसदलाई 'माननीय नभनौं भन्दा सामन्ती प्रथाको निरन्तरता स्वयं सभापतिबाट देखियो

■ 'रातो पासपोर्टधारीमध्ये केही भोलि यो पार्टी यस्तै रहेछ भनेर अमेरिकातिर नै भासिए भने अचम्म नमान्ने स्थिति बनेको छ'

■ 'पार्टी तटस्थवाद, यथास्थितिवाद र तदर्थवादमा फसेको छ'

■ 'मंसिरको चुनावका बेला गगन थापाका विरूद्ध सशक्त उम्मेदवार उठाई उनको राजनीतिलाई त्यहीं विराम लगाइदिने रणनीति बदलिएर गगनलाई जित्न सहज हुने वातावरण जुन सिर्जना गरिदियौं, त्यसले आज हामीलाई चोट पुऱ्याएको छ।'

■ 'बालेन, गोपी हमाल र हामी मिल्ने हो भने २०८४ मा स्पष्ट बहुमत मिल्ने संकेत छ,'

■ 'आज पार्टीको जनमत खस्कँदै गएको छ। जनमत जति छ, त्यसको आधारमा आज नै चुनाव हुने हो भने पार्टी हम्मेहम्मे तरिकाले राष्ट्रिय पार्टी बन्ला र प्रत्यक्षमा एक-दुई सिट जित्ला'

गल्ती गर्ने र 'ए मलाई त थाहै थिएन' भन्ने प्रवृत्तिको संक्रामक बनेको लेखिएको छ। 'पार्टी सञ्चालनका लागि थाहा एउटा प्रश्न बनेर आउन थाल्यो। मान्छेलाई केसम्म थाहा हुनुपर्छ ? के थाहा नभएको सम्म ठीक हो र के थाहा नभएको सम्म गलत हो ? यी प्रश्नहरूको उत्तर के हो, मलाई थाहा छैन,' ढकालले प्रतिवेदनमा लेखेका छन्।

ढकालको प्रतिवेदनमा सभापति लामिछानेलाई पहिलो पटक प्रश्न उठेको प्रसंग पनि उल्लेख छ। त्यस्ता प्रश्नमा 'चेसमा रानी धेरै चल्दैन तर हाम्रो पार्टीमा किन सभापति नै धेरै चलेको ? सभापति आफैं गृहमन्त्री भएर किन गएको ? सिके राउतजस्तो ब्याकमा किन नबसेको ?' लगायत समावेश छन्।

यस्तै जिबी राई कहिले समातिन्छन ? भन्ने प्रश्न आएको उल्लेख गर्दै 'समात्न सकिँदैनथ्यो भने भने प्रतिपक्षमा हुँदा किन म्याद नै तोकेर बोलेको ?' भन्ने प्रश्न प्रतिवेदनमा उल्लेख गरिएको छ। यस्तै सभापति लामिछानेसँग भेट्नभन्दा नरेन्द्र मोदीलाई भेट्न सजिलो रहेको, सचिवालयमा सभापति मृदुभाषी नभएको, यही सचिवालयबाट अघि बढे सभापतिबाट राजनीति सम्भव नभएकोसम्मका कुरा अटाएका छन्।

यस्तै ग्यालेक्सी टिभीको टिम पार्टीमा धेरै भएको, सभापतिले विश्वासको दायरा बढाउन नसकेको, सरकारमा गएपछि सोचेअनुरूप फाइल किन नखोलिएको जस्ता प्रश्न पनि प्रतिवेदनमा उल्लेख गरिएका छन। 'निर्मला पन्तलाई न्याय कहिले मिल्छ ?', 'ब्लु बस र रोजगारीको कुरा कता पुग्यो ?' जस्ता प्रश्न पनि उठेको प्रतिवेदनमा उल्लेख छ।

ढकालले प्रतिवेदनमा 'जुन जनाधारबाट उदाएको हो त्यसैको उपेक्षा' गरेको पनि प्रतिवेदनमा उल्लेख गरेका छन्। यस्तै ३३ वर्षको कुशासनको कारण रवि लामिछानेमाथि थुपार्ने प्रयास भइरहेको पनि उल्लेख गरेका छन्। 'तर यसमा हाम्रा पनि कमजोरी छन्। लोकतान्त्रिक पार्टीमा विधान बोल्नुपर्छ तर बोलेन। जुन जनाधारबाट हामी उदायौँ, त्यसैलाई उपेक्षा गऱ्यौं, जुन जोस र जाँगरका साथ यो यात्रा सुरु गरेका थियौं, त्यो अब रहेन। हामी को हौं र हामी किन आएका हौं, स्पष्ट पार्न सकेनौं', प्रतिवेदनमा भनिएको छ।

पहिला पार्टीसँग 'राष्ट्रिय असन्तुष्टि'सँगै 'राष्ट्रिय आशा' पनि रहेको उल्लेख गर्दै अहिले 'आशा मर्दै जाँदा असन्तुष्टि मात्र बाँकी' रहेकोसम्म भनिएको छ।

'काम कम, बोली धेरै भयो' ढकालको प्रतिवेदनमा भनिएको छ। यस्तै गर्न सकिने काम हो वा गर्न नसकिने काम, मूल्यांकन नै नगरी नेताहरूले बोलेको गुनासो जनताबाट आएको पनि भनिएको छ। 'पार्टीका नेताहरूले नै बोलेका कुरा कति पूरा हुन्छन ? जनताले हेरिरहेका छन् र जनमूल्यांकनमा हामी असफल भएका छौँ', प्रतिवेदनमा उल्लेख छ। विशेषत: सभापति लामिछानेको 'बोलीमा लगाम लगाउनुपर्ने र काम भइसकेपछि मात्र बोल्ने बानी विकास गर्नुपर्ने' सुझावहरू आएको प्रतिवेदनमा उल्लेख छ।

जिबी राईका सन्दर्भमा बोलिएका बोली पार्टीका लागि सबैभन्दा ठुलो चुनौती भएको प्रतिवेदनमा उल्लेख गर्दै भनिएको छ, 'तयारी र गुदीबिना आश्वासनका पुलिन्दा मात्र बाँड्दा तत्काल ताली त पाइयो होला तर यसले पार्टीलाई क्षति मात्र गऱ्यो।' आउने चुनावमा ती बोलीका 'क्लिप्स'हरू चुनौती बन्नेसमेत आकलन गरिएको छ।

'ती क्लिप्सहरू जताततै बजाइने हुँदा त्यसले पार्ने असरका बारेमा अहिलेबाट सजग हुनुपर्छ। बोल्न मात्र बोल्ने प्रवृत्तिले पार्टीलाई हानिबाहेक केही पनि गरेन', प्रतिवेदनमा भनिएको छ।

पार्टीभित्र सामन्तवाद रहेको समेत प्रतिवेदनमा उल्लेख छ। पार्टी कामभन्दा बढी आसन र भाषणमा केन्द्रित भएको भन्दै केन्द्रबाटै शुद्धीकरणको कुरा ढकालले उठाएका छन। 'आसनग्रहणमा सांसदलाई 'माननीय नभनौं भन्दा सामन्ती प्रथाको निरन्तरता स्वयं सभापतिबाट देखियो' भन्ने वाक्यांश पनि प्रतिवेदनमा छ। यस्तै 'रातो पासपोर्टधारीमध्ये केही भोलि यो पार्टी यस्तै रहेछ भनेर अमेरिकातिर नै भासिए भने अचम्म नमान्ने स्थिति बनेको' समेत प्रतिवेदनमा उल्लेख छ। पार्टीप्रति र देशप्रति माया नदेखिएको र रास्वपा अवसरवादीहरूको झुन्ड भइसकेको उल्लेखसमेत उल्लेख छ।

ढकालले प्रतिवेदनमा पुँजी नभएको मान्छेलाई पार्टीमा स्थान नै नरहेको विषय पनि उल्लेख गरेका छन्। 'पैसा भएका मान्छे मात्र पार्टीमा आकर्षित भइरहेका छन्। गरिबहरूले राजनीति गर्ने होइन, अलिकति कमाइ छैन भने राजनीतिमा किन लाग्नुपऱ्यो भन्ने भनाइ पार्टीको उपल्लो तहको नेतृत्वबाट नै सुनियो,' प्रतिवेदनमा भनिएको छ, 'पार्टीलाई एलिट वर्गको पार्टीका रूपमा मात्र स्थापित गराउन यी भनाइहरूले काम गरेका छन्। वास्तवमा आज पार्टी एलिट वर्गको कब्जामा गइसक्यो।'

यस्तै, ढकालले प्रतिवेदनमा पार्टी एनजिओजस्तो भएको पनि टिप्पणी गरेका छन। पार्टीमा राजनीतिक संस्कार, बुझाइमा अत्यन्त कमी देखिएको उल्लेख गर्दै विभिन्न विचारबाट आएकाहरू भएकाले प्रत्येक विषयमा अल्पमत र बहुमत के हुन सक्छ भनेर निर्णय गर्दा पार्टीको मूल विचार नै छायाँमा परेको उल्लेख छ। 'एउटा एनजिओजसरी चल्न खोज्दा त्यसले पार्टीका कदमहरू राजनीतिक देखिन सकेन। पार्टी तटस्थवाद, यथास्थितिवाद र तदर्थवादमा फसेको छ,' प्रतिवेदनमा भनिएको छ।

ढकालको प्रतिवेदनमा संगठनभित्र अरूलाई गाली मात्र गर्ने प्रवृत्ति देखिएको र आफ्नो भिजन तथा योजना देखाउन नसकिएको, सस्तो लोकप्रियतालाई प्राथमिकता दिइएको, निषेधको राजनीति मौलाएको जसका लागि अनुशासन आयोगलाई पनि प्रयोग गरिएकोजस्ता विषय पनि उठाइएका छन्।

यस्तै, प्रतिस्पर्धी भावना र खुट्टा तानातान प्रवृत्ति देखिएको, पार्टीभन्दा व्यक्तिलाई बलियो बनाउने गरी दौडधुप भएको, फोटो खिचेर ठुलो मान्छे भइन्छ भन्ने प्रवृत्ति देखिएकोजस्ता विषय पनि प्रतिवेदनमा छन्।

ढकालको प्रतिवेदनमा २०७९ को निर्वाचनमा नेपाली कांग्रेसका महामन्त्री गगन थापासँग सहकार्य भएको खुलासा गरेका छन्। 'मंसिरको चुनावका बेला गगन थापाका विरूद्ध सशक्त उम्मेदवार उठाई उनको राजनीतिलाई त्यहीं विराम लगाइदिने रणनीति बदलिएर गगनलाई जित्न सहज हुने वातावरण जुन सिर्जना गरिदियौं, त्यसले आज हामीलाई चोट पुऱ्याएको छ।'

प्रतिवेदनमा भनिएको छ, 'हुन त गगनले आफूलाई जित्न सहज वातावरण बनाइदिएकै कारण आफ्ना पक्षधरलाई घन्टीमा भोट हाल्न लगाउँदा प्रत्यक्षमा दुई सिट नाफा हुन पुग्यो।' गगनसँगको सहकार्यले न तात्कालिक फाइदा दियो न अहिले फाइदा भयो भनेर टिप्पणी पनि गरिएको छ। 'गगनसँग त्यतिबेला गरेको रणनीतिक सहकार्य विफल भएको समीक्षा गर्नुपर्ने हुन्छ,' प्रतिवेदनमा भनिएको छ।

ढकालको प्रतिवेदनमा एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग मिल्नुभन्दा काठमाडौं महानगरका मेयर बालेन्द्र (बालेन) साहसँग मिल्नुपर्नेमा जोड दिइएको छ। 'बालेन, गोपी हमाल र हामी मिल्ने हो भने २०८४ मा स्पष्ट बहुमत मिल्ने संकेत छ,' प्रतिवेदनमा भनिएको छ, 'आजका दिनमा ओली र प्रचण्ड (दाहाल) सँग सम्झौता गर्नुको साटो बालेनसँगको सहकार्यलाई प्राथमिकता दिनु हितकर छ।'

ढकालको प्रतिवेदनमा रास्वपा अहिलेकै अवस्थामा आम चुनाव भए एक-दुई सिटमा खुम्चिनेसम्मको टिप्पणी छ। 'आज पार्टीको वर्तमानमा जनमत छैन। जनमत जति छ, त्यसको आधारमा आज नै चुनाव हुने हो भने पार्टी हम्मेहम्मे तरिकाले राष्ट्रिय पार्टी बन्ला र प्रत्यक्षमा एक-दुई सिट जित्ला,' प्रतिवेदनमा भनिएको छ, 'भोलिका दिनहरू आजकै स्थितिअनुसार अघि बढे पार्टीको हालत विवेकशीलसरि हुनेछ।'

## रास्वपा: गल्फ्रेण्डको चर्चा, विवाह अब कसले गरिदिने ?

*रास्वपाका निलम्बित महामन्त्री डा. ढकालले आफूमाथि पार्टीबाट ह्यारेसमेन्ट भएको बताएका छन्। केन्द्रीय समिति बैठकपछि निस्कने क्रममा ढकालले यस्तो प्रतिक्रिया दिएका थिए। खासगरी उनले पुरक प्रतिवेदन पनि पेश गरेका थिए। त्यहाँ गुरुआमा र गल्फ्रेण्डको चर्चा गर्दै आफ्नो विहे पार्टीले गरिदिने हो कि कसले गरिदिने हो भन्दै त्यसको निर्क्योल समेत गर्न पार्टीलाई आग्रह गरेका थिए।*

*'उहाँहरूले मलाई ह्यारेसमेन्ट गर्नुभयो। दुईजना उपसभापतिले आजदेखि महामन्त्री मान्दैनौं भन्नुभयो। मैले बोल्दिनँ भन्दा बोल कि बोल भनियो। एउटा राजनीतिक प्राणीको रूपमा मैले विरोध जनाएको हो। बोल कि बोल भन्न पाइँदैन,' उनले बाहिर आएर भनेका थिए।*

*गोरखा मिडियाबाट भएको सहकारी ठगीमा जीबी राई मात्रै दोषी हो भन्नेले पार्टीमा महामन्त्रीको मात्र गल्ती देखाएको उनको गुनासो छ। उनले भनेका थिए 'महामन्त्रीलाई सबै दोष थोपर्न खोजिँदै छ। उहाँ गोर्खा मिडिया नेटवर्कमा महामन्त्री जस्तै पोजिसनमा हुनुहुन्थ्यो।*

*त्यहाँ चाहिँ अध्यक्ष जीबी राईको सबै गल्ती भन्नुहुन्छ। पार्टी चाहिँ महामन्त्रीको सबै गल्ती देखाउनुहुन्छ। उहाँ जुन पदमा हुनुहुन्छ, त्यो पदले कहिले पनि गल्ती गर्दैन भनेजस्तो भयो।*

*केन्द्रीय समिति बैठकमा राख्न नपाएको लिखत धारणको ८ नम्बरको १ र २ बुँदामा महामन्त्री ढकालले गुरुआमा र गर्लफ्रेन्डको प्रसङ्ग उल्लेख गरेका हुन्। समानुपातिक सांसद छनोट पार्टीको विधि विपरीत भएको भन्दै रास्वपा केन्द्रीय सदस्य गणेश कार्कीले महामन्त्री ढकाललाई लक्षित गर्दै श्रीमतीका साटो गर्लफ्रेन्डलाई सांसद बनाइएको बताएका थिए।*

■ 'मैले बिहे गर्ने कि नगर्ने ? कुमार नै बस्ने कि केन्द्रीय समितिले निर्णय गरिदेओस' मुकुलले लेखेका छन्, 'केन्द्रीय समितिले नै केटी खोजेर योसँग (बिहे) गर भन्छ भने पनि तयार छु वा आफ्नो इच्छामा गर भन्छ भने पनि ठिक छ।'

*त्यसका जवाफमा ढकालले समानुपातिक सूचीको २ र १२ नम्बरमा सिफारिस भएकालाई सांसद बनाउँदा १५ नम्बरमा रहेका (गणेश कार्की) छुटेको बताएका छन्। आफूले गुरुआमाका रुपमा मानेको व्यक्तित्वलाई सांसद बनाउँदा नातावादको आरोप लगाएको महामन्त्री ढकालको गुनासो थियो।*

*४ दशक स्वास्थ्य क्षेत्रमा काम गरेकी व्यक्तिलाई छान्ने नीतिअनुसार सांसद बनाइएको उनको लिखित धारणामा उल्लेख छ। यस्तै आफ्नो प्रेम सम्बन्ध र उसैलाई सांसद बनाएको विषयलाई लिएर पनि प्रश्न उठेको भन्दै महामन्त्री ढकालले व्यक्तिगत जीवनबारे केन्द्रीय समितिले निर्णय गर्दा पनि फरक नपर्ने बताएका छन्। 'मैले बिहे गर्ने कि नगर्ने ? कुमार नै बस्ने कि केन्द्रीय समितिले निर्णय गरिदेओस' मुकुलले लेखेका छन्, 'केन्द्रीय समितिले नै केटी खोजेर योसँग (बिहे) गर भन्छ भने पनि तयार छु वा आफ्नो इच्छामा गर भन्छ भने पनि ठिक छ।'*

*विवाह बाहेक पनि आफ्नो जीवनको सबै कुरा पार्टीले धारणा बनाइदिन पनि स्वीकार्य हुने उनले बताएका छन्। 'देश छाडेर जा, देशको हित हुन्छ भने पनि गइदिन्छु' महामन्त्री ढकालले लिखित धारणामा उल्लेख गरेका छन्, 'राजनीति छोड्, देशको हित हुन्छ भने पनि छोडिदिन्छु। देशको हितमा कुन ठाउँमा हुँदा ठिक हुन्छ, मैले के गर्दा ठिक हुन्छ, तपाईंहरू भनिदिनुस्।'*

## प्रचण्डलाई बाबुरामको व्यंग्य



● गुणराज लुइँटेल

*हामीकहाँ प्रधानमन्त्री पुष्पकमल दाहालको सरकार ढल्दै गर्दा बेलायतमा नयाँ संसद्का निम्ति निर्वाचन हुँदै थियो। यसबीच कन्जरभेटिभ पार्टीका प्रधानमन्त्री ऋषि सुनकले राजीनामा गरी पराजय स्वीकार मात्र गरेका छैनन्, त्यसको जिम्मेवारी पनि लिएका छन्। लेबर पार्टीको तर्फबाट प्रधानमन्त्री बनिसकेका छन्-कियर स्टार्मर।*

*लेबर पार्टीलाई सत्तामा फर्कन १४ वर्ष लागेको छ। यो धैर्य हाम्रो राजनीतिमा देखिन मुस्किल छ। निर्वाचनमा पराजय भएपछि आफ्नो कमजोर प्रदर्शनका निम्ति माफी माग्दै प्रतीक्षा गर्नुको सट्टा हामीकहाँ भने नयाँ सरकार बनाउने षड्यन्त्र सुरु हुन्छ। त्यस्तो नहुँदो हो त निर्वाचनपछिका १९ महिनामा पाँचौं पटक प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने थिएन। विश्वासको मत लिन प्रधानमन्त्री प्रचण्डले असार २८ को दिन चुनेका छन्।*

*सामान्यत: सबैभन्दा ठूलो दलले निर्वाचनपछि सरकार चलाउन खोज्छन्। त्यसमा पनि सम्भव भएन भने दुई ठूला दल वा ठूलामध्ये केही दलकै नेतृत्वमा सरकार बनाएर गठबन्धन बनाइ अघि बढ्छन्। हामीकहाँ ठूलाभन्दा साना दल हुनुमा फाइदा छ। यसको थालनी २०५१ सालमा त्रिशंकु संसद् बनेपछि राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापालाई पालैपालो सरकारको नेतृत्व गर्ने ठाउँमा क्रमश: नेकपा (एमाले) र नेपाली कांग्रेसले पुऱ्याएका हुन्।*

*संयोगले गत संसदीय निर्वाचनपछि कांग्रेस र एमालेको भूमिकाका कारण नेकपा (माओवादी केन्द्र) अध्यक्ष दाहालले यतिका महिना सरकार चलाउने अवसर पाइरहेका हुन्। त्यसैले ठूलो दल बनाएर सरकार चलाउने भन्दा पनि सानै भए पनि 'जादुयी नम्बर' भएपछि पुग्ने देखिएको हो। जादुगरीपूर्ण संख्याको खुलासा गर्दै दाहालले आफ्नो सरकार पाँचै वर्ष टिक्ने उद्घोषण गरेको केही सातामै मुलुकको परिस्थिति फेरिएको छ। दुई ठूला दल नेपाली कांग्रेस र एमाले यतिबेला सरकार आफैं बनाउन तम्सिएका छन्। यी दुई आपसमा नमिलेकै कारण दाहालको 'जादुयी नम्बर' ले किसिम किसिमको सरकार बनाइरहन सकेको हो। कहिले बूढानीलकण्ठ त कहिले बालकोट पुगेर उनले सरकार बनाइरहन सकेका हुन्।*

*संविधान संशोधन र सुधारलाई अजेन्डा बनाउँदै एमाले र कांग्रेस मिल्न तयार भएका छन्। २०७२ सालमा संविधान जारी गर्ने बेलामा पनि यी दल सँगै रहेका हुन्। त्यसपछि यी दुईको सहयात्रा हुन सकेन। मुलुकमा जहिले/ जहिले यी दुई दल एक ठाउँमा भए, तिनले परिवर्तनका निम्ति काम गर्न सकेका हुन्।*

*२०४६ सालको जनआन्दोलन प्रजातन्त्रवादी र वामपन्थी शक्ति एक ठाउँमा भएकै कारण सम्भव भएको हो। मुलुकमा प्रजातन्त्र आएपछि केही समय सँगै मिलेर जाने सोच बनाइएको भए पनि कांग्रेसले २०४८ को निर्वाचनमा सुविधाजनक बहुमत ल्याएपछि मिल्न सक्ने अवस्था भएन। जनआन्दोलन २०६२/ ६३ का बेला कांग्रेस, एमालेलगायतका सात दलसँगै सशस्त्र विद्रोहमा रहेको नेकपा (माओवादी) शक्ति पनि एक ठाउँमा आएपछि सफल हुन सकेको हो। केही सीमित अवसरमा बाहेक अन्य अवस्थामा कांग्रेस र एमालेले आफूलाई प्रतिस्पर्धी मात्र बनाएनन्, कतिपय अवस्थामा शत्रुतापूर्ण व्यवहार पनि भएको हो। त्यसैको परिणामस्वरूप माओवादी केन्द्रले लाभ लिइरहेको हो।*

*माओवादी केन्द्र अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल कसैका पनि अन्तरविरोधमा पसेर सहजै फाइदा लिन सक्षम छन्। उनको यो कार्यशैलीप्रति दलहरू जानकार छन्।*



सत्ताबाट हट्ने बेलामा 'कसैलाई माया गर्ने एउटा भुल गरैं मैले' भन्दै दाहालले गुनासो गरिरहँदा उनीसँगै हिजो 'जनयुद्ध' मा लागेका नेता बाबुराम भट्टराईले गरेको व्यंग्य कम्ता मार्मिक छैन- कुर्सीलाई माया गर्ने एउटा भुल गरैं मैले !

*कतिपय अवस्थामा दाहाल बीचमा बसे भने दुईजना नेतालाई केही छिनमै झगडाको अवस्थामा पुऱ्याउन सक्छन्। त्यसको सहज लाभ भने उनी जहिल्यै लिन्छन्। माओवादीले 'दीर्घकालीन जनयुद्ध' गरेदेखि अहिले पटकपटक सरकारको नेतृत्व गर्ने बेलासम्म दाहालको यही चतुऱ्याइँबाट फाइदा उठाइरहेको छ। दाहाललाई अब यसरी नै फाइदा हुन नदिने उद्देश्य कांग्रेस र एमालेले राखेका हुन् भने बेग्लै हो। अन्यथा, दाहालको चतुऱ्याइँसँग अहिलेका कुनै नेताको क्षमता पुग्दैन।*

*कांग्रेस र एमालेले मुलुकका अजेन्डामा ध्यान दिएर काम गरेका भए अहिलेको अवस्था आउने थिएन। त्यसैकारण सर्वसाधारणले कहिले माओवादी त कहिले अन्य दललाई मौका दिएका हुन्।*

*गत निर्वाचनमा यी दुई पहिलो र दोस्रो स्थानमा रहे पनि तेस्रो र चौथो दल क्रमश: माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सरकारको साँचो अहिलेसम्म हात पारेका हुन्। त्यो साँचो खोस्ने ठाउँमा बल्ल कांग्रेस र एमाले आइपुगेका छन्। अहिले यी दुई दलले मुलुकमा सुशासन दिए भने आगामी निर्वाचन परिणाम फरक हुन सक्छ। यिनले सुशासन दिन सक्दैनन् भन्ने आमविश्वास छ, त्यो परिवर्तन हुन सक्ने गरी यिनले काम गर्लान् भन्ने अझै लागिसकेको छैन।*

*एकपटक यसो विगततिर फर्केर हेरौं त, कस्तो परिस्थिति मनमा आउँछ? २०४६ सालको परिवर्तन हुँदा हामीले यो देशको कस्तो अनुहार मनमा सजाएका थियौं? अझ २०६२/ ०६३ को परिवर्तनपछि देशले अब कोल्टे फेर्छ भन्ने लागिसकेको थियो। यी वर्षहरूमा सधैं निराशा मात्र हात लागेको छ। त्यसैले पछिल्ला दिनमा हुने राजनीतिक परिवर्तनप्रति आमनागरिकमा कुनै ठूलो उत्सुकता देखिँदैन। आमनागरिक निस्पृह रहनुको अनेकन कारण छन्, तिनको निराकरण नगरी वर्तमान स्थितिबाट पार पाउँन सकिँदैन।*

*राजनीतिक परिवर्तनका निम्ति क्रियाशील पुस्ताले इमानदारीपूर्वक काम गरेन भने इतिहासको योगदान पनि त्यत्तिकै हराएर जाने खतरा हुन्छ। अहिलेको पुस्ताका निम्ति हिजो पञ्चायतका बेला कति संघर्ष गर्नुपऱ्यो भन्ने कुराको के अर्थ हुन्छ र? माओवादीले 'जनयुद्ध' गरेर देशलाई अधिकारको क्षेत्रमा कति उच्च स्थान दिलायो भन्ने उपलब्धिको पनि केही अर्थ नहुने रहेछ। आजको पुस्ता हिजोका योगदानप्रति धेरै उत्सुक देखिँदैन। उसका निम्ति आज संसारका सुविधा सम्पन्न देशमा भएका उपलब्धि यहाँ पनि प्राप्त हुनुपर्छ भन्ने अपेक्षा हुन्छ। अरूले गर्न सक्ने त्यही काम यहाँ किन हुन सक्दैन भन्ने प्रश्नको जवाफ उसले खोजिरहेको हुन्छ।*

*त्यसैले कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले अहिले दाहालको हातबाट सरकार खोसेर आफैं चलाउन खोज्नुपछाडिको उद्देश्य तिनका कामबाट पुष्टि हुन सक्नुपर्छ। त्यसका निम्ति तिनले आगामी दिनमा आफूलाई कसरी लगाउँछन् भन्ने पक्ष मुख्य हुन्छ। केबल तीन ठूला नेताको 'म्युजिकल चेयर' मात्रै बन्यो भने सरकार परिवर्तनले खासै उपलब्धि दिँदैन, केबल केही दिनको मनोरञ्जन मात्र हुन्छ। नेपालमा बस्ने कूटनीतिक व्यक्तिहरूका निम्ति नेपालको यही अनिश्चित राजनीतिचाहिँ सबैभन्दा मनोरञ्जक हुँदोरहेछ। तिनीहरू 'जिग्स पजल' जस्तो यहाँको राजनीतिको अर्थ लगाउन खोजिरहेका हुन्छन्।*

*३२ स्थान मात्र प्रतिनिधिसभामा रहेको माओवादी केन्द्रका अध्यक्ष दाहालले फेरि विश्वासको मत लिन खोज्नु भनेको यस्तै अनिश्चितता र जोड/ घटाउका निम्ति केही समय लिनु मात्र हो। वास्तवमा आफूलाई विगतमा विश्वास गर्ने दुई ठूला दलले अविश्वास गरिसकेपछि त्यहाँ बसिरहनुको के अर्थ हुन्छ र? उनले खुरुक्क पत्रकार सम्मेलन गरेर सरकार छाडेका भए केही हदसम्म आमनागरिकको विश्वास हासिल गर्न सक्थे। वास्तवमा सरकार बनाउने संख्या नभई यसमा लाग्नु भनेको समयको बर्बादी मात्र हो। कसैले समर्थन गर्छन् भने त्यसका लागि कोसिस गर्ने हो, समर्थन छैन भने विपक्षमा बसेर आफूलाई अर्को चुनावको तयारीमा लगाइरहने हो। कम्तीमा लामो समयदेखि लोकतन्त्रको अभ्यास गरिरहेका मुलुकका नेताका गतिविधि हेरेर पनि यसमा केही बाटो पाउन सकिन्छ।*

*धेरै सत्तालिप्साले दलको अवस्था कहाँ पुऱ्याउँछ भन्ने बुझ्न माओवादी केन्द्रको अवस्था हेरे पुग्छ। २०६२/ ६३को जनआन्दोलनको सफलता, शान्ति सम्झौता र माओवादीप्रतिको अपेक्षाले निर्वाचनका बेला सुविधाजनक बहुमत प्राप्त भएको हो। त्यसयताका प्रत्येक निर्वाचनमा माओवादीले आफूलाई कमजोर पारेको छ।*

*त्यो सबै भएको कुर्सीको अधिक मोहले हो। त्यही भएर यसपटक पनि सत्ताबाट हट्ने बेलामा 'कसैलाई माया गर्ने एउटा भुल गरैं मैले' भन्दै दाहालले गुनासो गरिरहँदा उनीसँगै हिजो 'जनयुद्ध' मा लागेका नेता बाबुराम भट्टराईले गरेको व्यंग्य कस्ता मार्मिक छैन- कुर्सीलाई माया गर्ने एउटा भुल गरैं मैले !*

*(आइतबारको नागरिक दैनिकबाट साभार, शीर्षक परिवर्तन)*

दृष्टि
D R I S H T I

## एमाले-कांग्रेस राष्ट्रघाती गठबन्धन

*नेपाली कांग्रेस र नेकपा एमालेको सहमतिले राजनीतिक वृत्त तरंगित भएको छ। कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच आलोपालो प्रधानमन्त्री बन्ने सहमति भएको छ। दुई दलले संविधान संशोधन गर्ने र राष्ट्रिय सहमतिको सरकार बनाउने भनेका छन्। तर, ओलीको भित्री रणनीति भने संसद विघटन गर्ने रहेको छ। संविधानको धारा ७६ को उपधारा (२) बमोजित सत्तामा फर्किने र ३, ५ हुँदै संसद विघटन गर्ने ओलीको षडयन्त्र छ। त्यही प्रयोजनका लागि ओलीले जसपा विभाजन गराएका थिए। अन्य केही दल पनि विभाजन गर्ने षडयन्त्रमा ओली छन्।*

*न्यायपालिकाले गलहत्याएर ननिकालेसम्म प्रधानमन्त्री नछोडेको ओलीको विगत छ। आफू बस्न नपाए कुर्सी नै भाँच्ने ओली प्रवृत्ति छ। यस्तो अवस्थामा आलोपालोको सहमतिअनुसार प्रधानमन्त्री पद हस्तान्तरण होला भनेर विश्वास गर्न सकिन्न। आफूलाई संविधानभन्दा माथि ठान्ने र संसद् विघटन गर्न नपाएको तुस ओलीमा अझै बाँकी छ। ओलीले यसअघि प्रधानमन्त्री आलोपालो गर्ने लिखित सहमति प्रचण्डसँग गरेका थिए। तर, सहमतिअनुसार ओलीले सत्ता छाडेनन्। बरु असंवैधानिक रुपमा संसद भंग मात्र गरेनन्, दुई तिहाइ हाराहारीको कम्युनिष्ट पार्टी नै विभाजन गरिदिए। गत निर्वाचनपछि पनि ओलीले बेलाबेलामा संसद विघटन सही थियो भन्दै आएका छन्। अघिल्लो पटक प्रधानमन्त्री हुँदा ओलीले असंवैधानिक रुपमा संसद भंग गरिदिएपछि कांग्रेस, माओवादी केन्द्र र तत्कालीन एमालेका वरिष्ठ नेता माधवकुमार नेपालहरूले आन्दोलन नै गर्नुपरेको थियो। ओली उक्त असंवैधानिक कदमलाई सही सावित गर्न अहिले पनि तल्लिन छन्।*

*कांग्रेस र एमालेले संविधान संशोधनको विषय उठाएका छन्। तर, माओवादी केन्द्र र एकीकृत समाजवादीलाई सहमतिमा नल्याएसम्म संविधान संशोधन सम्भव छैन। कांग्रेस र एमालेको प्रतिनिधि सभामा दुई तिहाई मत पुगे पनि राष्ट्रिय सभामा माओवादी र एकीकृत समाजवादी नहुँदा दुई तिहाई पुग्दैन। एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले ओलीको षडयन्त्रलाई राम्ररी बुझेका छन्। त्यसैले ओलीप्रति नेपाल सकारात्मक छैनन्। त्यही कारण नेपालले आफुले रगत, पसिना बगाएको एमालेबाट विद्रोह गरेका थिए। संविधान जारी भएको ९ वर्ष पूरा हुँदै छ। संविधानका कमजोरी सतहमा आएका छन्। समावेशीलगायत केही आयोग १० वर्षमा पुनरावलोकन गर्ने संविधानमा उल्लेख छ। समानुपातिक निर्वाचिन प्रणाली र प्रदेशबारे प्रश्न उठेको छ।*

*संविधानमा भएका कमीकमजोरीलाई सच्याउने, राजनीतिलाई संविधानसम्मत बाटोबाट विचलित हुन नदिने जिम्मेवारी दलहरूको हो। तर, सत्ता स्वार्थ हाबी भएको अवस्थामा संविधानको कमजोरी सुधार्ने कुरा 'हात्तीको देखाउने दाँत' मात्रै हो। मधेस प्रदेश सरकारबाट माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाका सांसदलाई बर्खास्त गरेर कांग्रेस-एमाले राष्ट्रिय सहमति चाहदैनन् भन्ने उदाहरण दिइसकेका छन्। जनमत पार्टीका मधेशका मुख्यमन्त्री सतिशकुमार सिंहलाई नयाँ समिकरणअनुसार कांग्रेस र एमालेका सांसदले विश्वासको मत दिएका छन्। यदि, सहमतिमा भनेझैँ राष्ट्रिय सहमतिको सरकार बनाउन खोजेको भए माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाका मन्त्री बर्खास्तमा पर्ने थिएनन्। नयाँ वातावरण बन्ने थियो।*


*निर्वाचनबाट प्राप्त जनादेश विपरित प्रचण्ड ओलीको शरणमा जानु गम्भीर गल्ती थियो। विगतमा प्रचण्डले कोर्स करेक्सन पनि गरेका थिए। तर, पुनः गल्ती गर्न पुग्दा प्रचण्ड अहिले पछुताउने ठाउँमा पुगेका हुन्। अहिले प्रचण्ड जसरी पछुताएका छन् निकट भविश्यमा देउवा पनि त्यसरी नै पछुताउने ठाउँमा पुग्दै छन्। संसदमा सबैभन्दा ठूला दुई दलमध्ये एकले सरकार चलाउने र अर्को विपक्षमा बस्नु लोकतन्त्रका लागि उत्तम हो। लोकतन्त्रको हिमायती ठान्ने कांग्रेस यो आदर्शबाट विमुख बन्नु हुँदैन। दोष निर्वाचन पद्धतिको होइन, घरीघरी गठबन्धन बदल्ने राजनीतिक नेतृत्वको हो। चुनावी गठबन्धनका आधारमा मतदाताको मतको सम्मान हुने गरी संसदमा सत्तापक्ष र विपक्षको स्थिर भूमिका हुनुपर्छ। पटक पटक सत्तासमीकरण बदल्ने निकृष्ट खेलबाट जनता वाक्क भएका छन्। अहिलेको समस्या संविधान होइन, व्यक्तिगत महत्वकांक्षा, विकृति, विसंगति र भ्रष्टाचार हो। नक्कली भुटानी शरणार्थी प्रकरण र गिरीबन्धु टि-इस्टेट प्रकरणले नयाँ समिकरण बन्न सघाएको कुरा लुकेको छैन। नेपाली राजनीतिमा जे गरे पनि हुन्छ भन्ने चरम अवसरवादी चरित्र स्थापित हुँदा जनता निराश छन्।*

*अन्त्यमा, ओली शासन पहिलेजस्तै निरंकुशता र दुराग्रह हुनेमा शंका छैन। नागरिक स्वतन्त्रता संकुचित गर्न ओली उद्दत छन्। ओलीबाट संसद् र संविधान सुरक्षित हुन्छ भन्नेमा विश्वास गर्न सकिँदैन। संविधानको रक्षा र व्यवस्थाको सुदृढीकरणका निम्ति नेपाली कांग्रेसले फेरी एकपटक गम्भीर भएर सोच्नुपर्छ। संविधान बनाउँदाको उद्देश्य, मर्म र स्थापनकालीन मूल्यलाई ध्यान दिनुपर्छ। संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता र समानुपातिक प्रतिनिधित्व संविधानका आधारशीला हुन्। तिनको रक्षा गर्नु दलहरूको दायित्व हो। कांग्रेस-एमालेको सहमतिप्रति पुनरुत्थानवादी राप्रपाको उत्साहले ओली के चाहन्छन् भन्ने प्रष्ट संकेत गरेको छ। राप्रपा प्राप्त उपलब्धि उल्ट्याउने अभियानमा छ। त्यसमा शंका छैन। राप्रपाको घोषित उद्देश्य भनेको हिन्दुधर्म र संवैधानिक राजतन्त्र हो। यस्तो अवस्थामा संविधान संशोधन गर्ने गफमा कांग्रेस, एमाले मिल्नु राष्ट्रघाती कदम हो। त्यसकारण पनि कांग्रेस-एमाले सहमति शंकास्पद छ।*

# ओली प्रवृत्ति अर्थात् धोकाको राजनीति

**ओलीबाट धोका नपाउने नेपालमा को छ र ? तैपनि नौ दिनमा नौलो र बीस दिनमा बिर्स्यो हुने नेपाली समाज र देउवा र प्रचण्डजस्ता हुस्सु नेताहरू ओलीबाट धोका खान जन्मिएका हुन् कि जस्तो लाग्छ। प्रचण्डपछि अब पालो देउवाको हो। पहिलो चरणमा प्रधानमन्त्री नै बुझाएपछि फेरि पनि देउवा हुने भनेको उधारो प्रधानमन्त्री नै हो। के ओलीले २०७८ मा बालुवाटारबाट बाल्कोट पठाउने देउवाको 'गुन' बिर्सेका होलान् ? यदि देउवा र कांग्रेसजनलाई त्यस्तो लाग्छ भने त्यो एक किसिमको मनचिन्ते लड्डु मात्र हुने छ।**

विलोम



● डा. प्रदीप भट्टराई

> ओली प्रधानमन्त्री हुनेबित्तिकै उनले गर्ने भनेको एमालेलाई सबैभन्दा ठूलो दल बनाउने हो। त्यसका लागि उनलाई १० सांसद मात्र चाहिन्छ। त्यो उनले व्यवस्था गरिसकेका छन्। अशोक राई पार्टीका सात सांसद, नेकपा एसका पाँच सांसद एमालेमा जान खुट्टा उचालेर बसेका छन्। कुनै पनि बेला उनीहरूलाई एमालेमा हुलेर ओली संसदको सबैभन्दा ठूलो बन्छन्। त्यसपछि कांग्रेसको सबैभन्दा ठूलो दलको हैसियत र ओलीलाई दबाब दिने कार्ड पनि पूरै भुत्ते हुन्छ। ”

बिहानसम्म पनि प्रचण्डलाई ओली भन्दै थिए- 'कम्रेड, स्वर्ग गए पनि सँगै जाने, नर्क गए पनि सँगै जाने'। तर, त्यसो भनेको १२ घण्टा पनि नबित्दै साँझ उनी देउवाको शरणमा पुगिसकेका थिए। किनभने, देउवाले उनलाई किस्तिमा राखेर सत्ताको साँचो बुझाउने प्रस्ताव गरे। सत्ताका लागि जे पनि गर्ने ओलीका लागि यो जस्तो सुनौलो अवसर के हुन सक्थ्यो र ?

तुरून्तै उनी पल्टुराम भए र उनै प्रचण्डलाई राजिनामा दिएर आफ्ना लागि मार्गप्रशस्त गर्नसम्म भन्न भ्याए। फोनबाट हैन, विहान बालुवाटार पुगेर प्रचण्डसँग आम्नेसाम्ने बसेरै भन्न भ्याए। त्यसो गर्न कसरी सकेको होला जबकि, तीन महिनाअघि मात्रै उनै प्रचण्डलाई अनेकौ लोभ लालच देखाएर कांग्रेस क्याम्पबाट एमाले क्याम्पमा ल्याएका थिए।

उताबाट यता ल्याए। अनि टेकेको भुइँ भासिए पछि छोडी दिए। यो स्तम्भकारले त पहिले भनेकै थियो, 'प्रचण्डले ओलीलाई अझै चिनेका रहेनछन्। धोकाको डोज पुगेको रहेनछ। पहिलाभन्दा अझ उन्नतस्तरको धोका पाउँनेछन्।

नभन्दै अहिले त्यही भयो र प्रचण्ड आफैं फत्तेमानको स्वरमा अर्धचेत भएर यो गीत गाइरहेका छन्,

*यस्तो पनि हुँदो रैछ जिन्दगीमा कैले कैले*
*कसैलाई माया गर्नु एउटा भूल गरें मैले*

मेरो निरक्षर बुबा भन्नुहुन्थ्यो, 'लबस्तराको ओखती हुँदैन।' उहाँ केपी ओलीलाई नेपालकै सबैभन्दा ठूलो लबस्तरो भन्नुहुन्थ्यो। र, यो देशमा ओली हुन्जेल कहिलै शान्ति हुँदैन भन्नु हुन्थ्यो। अझ, उहाँ त ओली जन्मदै मूल्याहा भएर जन्मेको हो भन्नुहुन्थ्यो। बालकैमा आमा खायो भन्नुहुन्थ्यो। उनका छोराछोरी नभएकोमा पाप कराएको भन्नुहन्थ्यो। मदन भण्डारीको हत्यारा ओली र विद्यालाई थाहा छ भन्नुहुन्थ्यो। ओलीको बोलीको बारेमा बोल्दा जिब्रोलाई ठेस लाग्ने हैन, यो जे पनि बोल्छ भन्नुहुन्थ्यो। अरू पनि धेरै भन्नुहुन्थ्यो।

यो सबै भन्ने मेरो बुबा यो संसारमा हुनुहुन्न। तर, दुईवटा मिर्गौला फेरेका ओली अझै ज्यूँदै छन् र नानाभातिका चर्तिकला देखाइरहेका छन्। अहिले उनको चर्तिकलको पछिल्लो श्रृंखलामा राताराता प्रचण्डलाई फत्तेमानको गीत गाउने बनाएर देउवासँग कुम जोड्न पुगेका छन्। संसदीय पद्धतिमा पहिलो र दोस्रो ठूलो दल मिलेर सरकार बनाउने भनेका छन्। योभन्दा ठूलो असंसदीय खेल के हुन्छ र? तैपनि ओली लाज पचाएर भनिरहेका छन्, 'संविधान संशोधन गर्न राष्ट्रिय सहमतिको सरकार।'

ओलीको नेतृत्वमा राष्ट्रिय सहमति- योभन्दा ठूलो राष्ट्रिय जोक के हुन सक्छ र ? तैपनि यो देशमा पत्याउनेहरूको कमी छैन। ओलीका कुर्मानेहरूले त पत्याउने नै भए, नेपाली कांग्रेस पनि यो पत्याइरहेको छ। शेरबहादुर देउवाको त के कुरा भयो र कसैले 'छैठौपटक प्रधानमन्त्री हुने र आरजुलाई पक्राउ नगर्ने' भन्यो भने उनी जे गर्न पनि तयार हुन्छन्। रह्यो, गगन थापा र विश्वप्रकाश शर्माहरूको कुरा उनीहरू पनि पानीमरूवा भएर ओलीको खाइपैचो पत्याइरहेका छन्।

कांग्रेस त वीपीको सपनाको कुरा गर्थ्यो। अझ, उनको सपना साकार पार्छौ भन्दै नारा पनि लगाउँथ्यो। विश्वप्रकाश र गगनले पनि अनेकपटक नारा लगाएकै हुन्, वीपी सपना - साकार पार्छौं, साकार पार्छौं। यो पंक्तिकार उनीहरू र उनीहरूमार्फत् यो नारा घन्काउँने कांग्रेसीजनलाई सोध्न चाहन्छ- कहिले प्रचण्डसँग सत्ताको रासलिला मच्चाएको छ, कहिले ओलीसँग। यसरी कम्युनिष्टहरूको ओछ्यान तताएर वीपीको सपना कसरी पूरा हुन्छ ?

आखिर यसो गरेर कांग्रेसले पाउँछ के ? शेरबहादुरका लागि उधारो प्रधानमन्त्री। केन्द्र र प्रदेशमा केही थान मन्त्रीहरू, केही थान मुख्य मन्त्री, राजदूत र अरू राजनीतिक नियुक्तिहरू। योभन्दा बढी केही पाउँछ ? केही पाउँदैन। त्योभन्दा बढी उसले पाउने हैन, गुमाउने मात्र हो। यसबाट कांग्रेसको ब्राण्ड खुइलिन्छ, कम्युनिष्टको ओछ्यान तताउँदा गुमाएको अस्मिताको सोधभर्ना गर्नुपर्छ। वीपी-गणेशमान-कृष्णप्रसादजस्ता त्यागी नेताहरूको कांग्रेस यस्तो भयो भनेर श्रापित हुनुपर्छ। कहिले प्रचण्डको लगौटी बन्नुपर्छ, कहिले ओलीको कट्टु। भन्दा अप्रिय लाग्ला, यति मात्र भएर पुग्दैन, अरू पनि धेरै हुनुपर्छ।

जे होस्, नेपाल फेरि एकपटक ओलीको घुमाइमा परेको छ। उनले यस बीचमा कांग्रेस- प्रचण्डको पुरानो गठबन्धन मात्र सिध्याएनन्, प्रचण्डलाई रछ्यानमा पुर्याइदिए। उपेन्द्र यादवको जनता समाजवादी पार्टी टुक्राइदिए। माधव नेपालको नेकपा एसमा केही थान मन्त्री र एकथान मुख्यमन्त्रीको घाँस हालेर सिध्याइदिए। नयाँ भनिएको रास्वपा र उनका चतुर सभापति रवि लामिछानेलाई त यति पत्रु बनाएर छोडे कि एक किसिमले घरको न घाटको अवस्थामै पुर्याइ दिए। अब उनी 'भाइ-ओमाले' ब्राण्डको प्रयोग गरिएको स्खलित कण्डोम नै हुन् भन्दा पनि हुन्छ।

जे होस्, कुनै नाटकीय परिवर्तन भएन भने असार २९ गते केपी ओली नेपालको प्रधानमन्त्री हुनेछन्। त्यसो भयो भने यो 'माछो माछो भ्यागुतो' खेलमा ओलीको हातमा माछो हुनेछ। ओली २०७९ को निर्वाचन सम्पन्न भएसँगै यो खेल खेलिरहेका थिए। प्रचण्ड र देउवाको कमजोर कडी थाहा पाएका यी चतुरेले अन्ततः प्रचण्डलाई भ्यागुत्तो समाउन बाध्य पारेर माछा आफ्नो हातमा पारेका हुन्।

यो माछो कति दिन उनको हातमा अडिन्छ?, त्यो स्वयं ओलीलाई पनि थाहा छैन। यदि उनले भनेजस्तै भयो र उनी आफ्नो बोलीमा इमान्दार भए भने बढीमा अर्को डेढ वर्ष यो माछो उनको हातमा हुनेछ। त्यसपछि त्यो माछो देउवाको हातमा पुग्नेछ।

तर, प्रश्न उठ्छ ? ओलीले हातमा पारिसकेको त्यो सत्ताको माछो देउवालाई देलान् ? यो संसदको सुरूवाती चरणमा सरकार बनाउने बेलामा पनि ओलीले देउवालाई बालुवाटारमा तीन बजेको समय दिएर धोका दिइसकेका हुन्। अब पनि धोका नदेलान् भन्ने के आधार छ र ? आखिर ओलीले दिने भनेको धोका मात्रै हो। देउवा, प्रचण्डलाई धोकाको बढी अनुभव होला।

ओलीबाट धोका नपाउने नेपालमा को छ र ? तैपनि नौ दिनमा नौलो र बीस दिनमा बिर्स्यो हुने नेपाली समाज र देउवा र प्रचण्डजस्ता हुस्सु नेताहरू ओलीबाट धोका खान जन्मिएका हुन् कि जस्तो लाग्छ। प्रचण्डपछि अब पालो देउवाको हो। पहिलो चरणमा प्रधानमन्त्री नै बुझाएपछि फेरि पनि देउवा हुने भनेको उधारो प्रधानमन्त्री नै हो। के ओलीले २०७८ मा बालुवाटारबाट बाल्कोट पठाउने देउवाको 'गुन' बिर्सेका होलान् ? यदि देउवा र कांग्रेसजनलाई त्यस्तो लाग्छ भने त्यो एक किसिमको मनचिन्ते लड्डु मात्र हुने छ।

केही कांग्रेसजनलाई लागेको होला, कांग्रेस सबैभन्दा ठूलो पार्टी छ- ओलीले तलमाथि गर्ने बित्तिकै समर्थन फिर्ता लिने र संसदको सबैभन्दा ठूलो दलको हैसियतले देउवा प्रधानमन्त्री हुने। यो पनि सम्भिने पानी छम्कने नै हो। ओली प्रधानमन्त्री हुनेबित्तिकै उनले गर्ने भनेको एमालेलाई सबैभन्दा ठूलो दल बनाउने हो। त्यसका लागि उनलाई १० सांसद मात्र चाहिन्छ। त्यो उनले व्यवस्था गरिसकेका छन्। अशोक राई पार्टीका सात सांसद, नेकपा एसका पाँच सांसद एमालेमा जान खुट्टा उचालेर बसेका छन्। कुनै पनि बेला उनीहरूलाई एमालेमा हुलेर ओली संसदको सबैभन्दा ठूलो बन्छन्। त्यसपछि कांग्रेसको सबैभन्दा ठूलो दलको हैसियत र ओलीलाई दबाब दिने कार्ड पनि पूरै भुत्ते हुन्छ।

त्यसपछि ओलीका लागि ताक परून्जेल सरकार नत्र भने मध्यावधि



चुनाव- एक किसिमले भन्दा दुवै हातमा लड्डु देखिन्छ। ओलीको रोडम्याप नै मध्यावधि चुनाव हो। उनी देशलाई यो म्यापमा आफूले दुई दुईपटक सिफारिस गरेर असंवैधानिक ठहरिएको मध्यावधिको औचित्य पुष्टी गर्न चाहन्छन्। ओलीले ठेल्दै ठेल्दै देशलाई त्यही ढिस्कोमा पुऱ्याएका छन्। कही समयअघि सम्पन्न उपनिर्वाचनमा दुवै स्थान जितेर ओलीलाई एमालेको पक्षमा जनमत रहेको विश्वास पलाएको छ। यसबीचमा सबै दलभित्र एकसरो खेलेर अरूलाई आन्तरिक रूपमा कमजोर बनाउन पनि ओली सफल भैसकेका छन्।

नेपालका लागि ठूलो दलको शीर्ष नेतृत्व नै अभिषाप हो। पुराना दलका तीन शीर्ष नेता ओली, देउवा र प्रचण्ड बाँचुञ्जेल न उनीहरूले पद छोड्छन् न नेपालको भलो नै हुन्छ। नया दलका चटके सभापतिको हैकम पनि ओलीभन्दा कम छैन। भर्खरै मुखमा पट्टि बाँधेका महामन्त्रीको अवस्था देखेपछि बाँकि धेरैलाई रविको थप चरित्र अवगत भयो होला। यो स्तम्भकारका लागि त रवि सुरूदेखि भाइ ओली नै हुन्।

समग्रमा देश फेरि एकपटक अर्को अस्थिरताको घनचक्करमा प्रवेश गरेको छ। यो किन र कसरी भयो भन्ने बारेमा अनेकौ अड्कलबाजीहरू छन्। सँगसँगै षडयन्त्रका सिद्धान्तका अनेकमुखे थैलीहरू पनि खोलिदै छन्।

राष्ट्रिय रूपमा संविधान संशोधनका लागि राष्ट्रिय सहमति भनिए पनि त्यो देखाउने दात मात्र हो। खासमा चुरो कुरो देशभित्र भुटानी शरणार्थी, गिरीबन्धु टी स्टेट र टीकापुर जग्गा प्रकरण नै हो। यसमा आरजु र ओली तानिने भएपछि यी दुईको रक्षाकवचका लागि यो तानाबाना बुनिएको हो। यसमा अरू जामा, पाइजामा लगाएर मिडिया ट्रायल भैरहन्छन्। तर, समयक्रममा ती सबै इलास्टिक- इजार जे जेले अड्याइएको छ, ती खुस्किने नै छन्।

बिट मार्नुअघि, नैतिकताको कुरा गर्न मन लागेको छ। अहिले खासगरी नेपालमा प्रचण्डको नैतिकताको कुरा उठिरहेको छ। हो, प्रचण्ड नैतिकवान छैनन् तर ओली र देउवाभन्दा चाँहि बढी नै नैतिकवान छन्। योगदानकै कुरा गर्दा पनि नेपाललाई गणतान्त्रिक र समावेशी बनाउन प्रचण्डको अहम् योगदान छ। ओलीले नेपालमा एमाले सक्छन्, देउवाले कांग्रेस। यी दुवै आ-आफ्नो पार्टीका भष्मासुर हुन्। दुःख त त्यसमा लाग्छ, पार्टीमा अनेक नाममा पदाधिकारीहरू ओली र देउवाका कुर्माने भएर कालो बनाइरहेका छन्। त्यो कालो कस कसको अनुहारमा धब्बा बनेर इतिहास बन्ने हो, समयले बहिखाता त राख्ला नै। आगे,त्यही समयको ऐनामा हेरौला।

## twitter



जनयुद्ध सुरु हुनुअघि हामी तत्कालीन क्रान्तिकारी माओवादीहरू लेनिनलाई उद्धृत गर्दै भन्दथ्यौं- 'पुँजीवादी संसदीय व्यवस्था भनेको खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने पसल हो।' तर, अहिले अपूरो क्रान्तिपछि आफैँले संविधानसभामार्फत बनाएको आंशिक समानुपातिक समावेशितासहितको प्रतिनिधिसभामा जनयुद्धका 'सर्वोच्च कमाण्डर' प्रचण्डले कुकुरकै टाउको हाक्काहाक्की देखाएर कुकुरकै मासु बेच्ने कुचेष्टा गरिरहेको देख्दा लेनिनले के भन्दा हुन् ?

*-डा. बाबुराम भट्टराई*

■■■



केही अघिसम्म फुटपाथ र सडकमा व्यापार नगरी गरिबी हट्दैन, विकल्प नदिने भए त्यो ठाउँलाई नै वैधानिक गर्नुपर्छ जस्ता समाचार र लेख आउँथे। अब अर्को फेज सुरु भएछ। सडक र फुटपाथमा व्यापार गर्न नपाएर वेश्यावृत्ति सुरु भयो रे। विकल्प नदिई बन्द गर्न पाइँदैन, अब रेडलाइट तोक भन्ने होलान्। देशमा मुद्दाको कमी हुन्न। बरु, सामाजिक सुरक्षा भत्ता हुनेखानेलाई किन दिने ? गरिबीको स्वतन्त्र र आवाधिक तथ्यांक खोई ? सित्तैमा भनिएका कुराहरू कति सित्तैमा छन् ? भनेर खोजी गरे केही परिणाम आउथ्यो कि।

*-गणेश कार्की*

■■■



समानुपातिक प्रणालीको अर्थ र मर्म नै सीमान्तकृत, दबिएका र अग्रभागमा आउन नसक्ने घेराबाट संसद् भवनमा प्रतिनिधित्व गराउने विधि हो। त्यसैले समानुपातिक सांसदले शब्द, वाक्य र भाषाको लवज सही तरिकाले प्रस्तुत गरेन भनेर उडाउनुको अर्थ छैन। यस्तैका लागि समानुपातिक बनेको हो। त्यसैले समानुपातिक प्रतिनिधित्व गर्नेहरूलाई भाषा र लवजलाई लिएर आलोचाना नगरौं।

*-नारायण अमृत*


■■■



काठमाडौं महानगरले सडक व्यापारमा रोक लगाएपछि आर्थिक रूपमा कमजोर कतिपय महिला शरीर बेच्न बाध्य छन् भन्ने तथ्य सार्वजनिक भएको छ। यदि यो साँचो हो साह्रै दुखद् हो। सफा र सुन्दर सहर भएर मात्रै केही उन्नति प्रगति हुँदैन। जबसम्म त्यो सहरमा पेट पाल्न दिदीबहिनीले आफ्नै शरीर बेच्नु बाध्य पारिन्छ भने पक्कै श्राप लाग्नेछ। तथ्यको अध्ययन होस्।

*-निर्मल प्रसाईँ*

■■■



नदीनाला ओगटेर बसेका अनाधिकृत बस्ती हटाउन खोज्दा खुँडा र खुकुरी बोकेर नगर प्रहरीमाथि जाइलाग्ने अनि त्यसमा खुँडा बोकेर आउनेलाई हाइहाई गर्दिने। अन्तिममा अदालतले रोक्दिने। ढल निकासी आदिको काम गर्न खोज्यो त्यस्तै अवरोध, सरकारी जग्गा ओगटेर बनेका संरचना हटाउन खोज्यो कहिले कुन नेता, कहिले कुन नेताको सोर्स भजाउँदै तगारो हान्यो। अहिले आएर काठमाडौंको डुबानको कारक तिनै टाउकेहरू नभएर को हुन्छ ?

*-मानवी पौडेल*

■■■



काठमाडौंको बाढी र गिरीबन्धु जग्गामा कुनै लेनादेना छैन। यो विषय विकास मोडेलको हो। करिडोरमा महानगरले ठूल्ठूला पर्खाल लगाउँदै पानीको निकास नै नछोडी बडो अलौकिक विकास गर्दैछ। महानगरले वर्षाको पानी संचित गरेरपछि सुक्खायाममा प्रयोगको योजना ल्याउन सक्थ्यो। तर, होइन व्यंग्य गरेरै जीवन रमाइलो छ। सुकुम्बासी समस्या महानगरको पुरानो समस्या हो। अहिले सकुम्बासी बस्तीमा वर्षे पानीले बिजोगै पारेको अवस्था छ। तर, मानवीय संवेदना नै हराएको जसरी महानगरका मेयरको व्यंग्य आइरहेको छ।

*-मोहना अन्सारी*

■■■



गाउँमा काम गरेर जिविका चलाइराखेका मान्छेलाई बागमती किनारामा बसाउनका लागि कसले ल्याएको रे ? सुकुम्बासी व्यवस्थित गरौं भन्दा सुकुम्बासीलाई उचालेर राजनीति गर्ने कुन पार्टी रे ? उही सुकुम्बासी भन्नेमात्रै हो, तिघ्रेहरूको बालकोटदेखि खुमलटार र बूढानीलकण्ठसम्म चारा हाल्दै हिँड्छन्। अनि बाहिर सुकुमबासी भन्दै हिँड्ने ? सुकुमबासीको नाममा फाइदा कसले लिँदैछ खोजौं।

*-विष्णु पोखरेल*


■■■



पहिला पासपोर्टको निवेदन दिनका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको/भनिएको थियो। तर, काठमाडौं जिप्रकामा पासपोर्ट रिन्यू गर्न जाँदा राष्ट्रिय परिचयपत्र देखाउँदा भएन, नागरिकता नै चाहिन्छ भन्यो। बायोमेट्रिक्स पनि फेरि दिनुपर्ने रहेछ। अनि रष्ट्रिय परिचयपत्र चाहिँ केका लागि र कहिले काम लाग्ने हो ?

*-सलोक्य*

■■■



नेपालमा 'यौनकर्म' कहिलेदेखि लिगल भयो ? यस्ता कानुनले अवैध भनेका कुराहरूलाई प्रोत्साहन गर्ने सामाग्रीहरू लेख्न वा प्रकाशन गर्न पाइन्छ हो ? कानुनतः ती यौनकर्म गर्छु भन्ने पक्राउ पर्नुपर्ने होइन ? अनि कानुनले मान्यता नदिएको कुरा भइरहेको थाहा पाए प्रहरीलाई खबर गर्ने होइन ? केही मिडियामा आइरहेका समाचारहरूप्रति नेपाल प्रहरीको ध्यान जाओस्।


*-वसन्त घिमिरे*

■■■



देशभर क्षेत्राधिकार भएको संघीय सरकार बिजुलीको पोलहरूमा स.वि. लेख्दै ५० वर्ग किमी क्षेत्रफलको काठमाडौं महानगरसँग किचकिच गरिरहेको छ। प्रदेशहरू जोड्ने सडक, ठूला भन्सार र बजार जोड्ने राजमार्ग अनि अन्तर्राष्ट्रिय नाकासँग जोड्ने रणनीतिक सडकचाहिँ हर्क साम्पाङले ढुंगा बोकेर बनाउँछ ?

*-रन्जित तामाङ*



# बेचन झा पक्राउले सत्ता गठबन्धन फेरियो

■ चित्रबहादुर केसी
अध्यक्ष तथा सांसद, राष्ट्रिय जनमोर्चा

> सबैभन्दा पहिला विषयबस्तु कसरी आएका छन् भन्ने कुरा हेर्नुपर्छ। भ्रष्टाचारबाट को चोखो छ ? कुन पार्टी भ्रष्टाचारमुक्त छ ? यसभन्दा पहिलाको गठबन्धन बन्नुको पछाडिको कारण के थियो ? अहिले अर्को गठबन्धन बन्नुको कारण के हो भन्ने कुरा हेर्नुपर्छ। गिरिबन्धु टि-ईस्टेट प्रकरणमा सर्वोच्च अदालतको फैसला र नक्कली भुटानी शरणार्थी प्रकरणमा बेचन झा पक्राउ परेपछि कांग्रेस र एमाले नजिकिएको विषय लुकेको छैन। बेचन झा पक्राउ परेपछि बेचैन भएर नयाँ गठबन्धन बनेको हुन सक्छ।

गत संसदीय निर्वाचनयता पटक-पटक सत्ता समिकरण फेरिएको छ। २०७९ को निर्वाचनमा नेपाली कांग्रेस-माओवादी केन्द्र-एकीकृत समाजवादीलगायतका दलहरूको गठबन्धन थियो। मंसिरको चुनावी परिणाम घोषणा हुँदासम्म यही गठबन्धन कायम थियो। तर, चुनावपछिको पहिलो सरकार पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा माओवादी-एमाले-रास्वपा गठबन्धनको बन्यो। त्यसपछि प्रधानमन्त्री प्रचण्डले कांग्रेस र फेरि एमालेलाई सत्ता साझेदार बनाए। अन्ततः आफैँ प्रतिपक्षमा पुग्ने स्थिति बन्यो।

दुई ठूला दल नेपाली कांग्रेस र नेकपा (एमाले)बीच प्रधानमन्त्री आलोपालो, संविधान संशोधन लगायत विषयमा सहमति भएको छ। यद्यपि, कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले हस्ताक्षर गरेको सहमति हालसम्म गोप्य नै राखिएको छ। नेताहरूका अनुसार सुरुमा ओलीले डेढ वर्ष र त्यसपछि देउवाले चुनावी सरकारको नेतृत्व गर्ने सहमति छ।

बाहिर जे भने पनि ओली भित्री रुपमा फेरि पनि संसद विघटनकै षडयन्त्रमा रहेको जानकारहरू बताउँछन्। ओलीले देउवालाई सहजै प्रधानमन्त्री छाड्नेमा नेतादेखि विश्लेषकसम्म विश्वस्त छैनन्। नक्कली भुटानी शरणार्थी प्रकरणदेखि गिरीबन्धु टि-ईस्टेट काण्डसम्मले कांग्रेस र एमालेलाई गठबन्धन गर्न बाध्य बनाएको विश्लेषण पनि भइरहेको छ। संसदमै सवाल-जवाफ चलेको छ।

केही समयअघि गृहमन्त्री रवि लामिछानेले संसदबाटै विभिन्न फाइल खुलिरहेको र पुराना फाइल खोल्न आयोग बनाउन लागेको जानकारी दिएका थिए। कुनै पनि कालखण्डमा भएका भ्रष्टाचारलाई अनुसन्धान गर्न २५ वटा पुराना फाइल एकत्रित गर्दै शक्तिशाली आयोग गठन गर्ने व्यवस्था बजेटमा गरिएको लामिछानेले बताएका थिए।

गिरीबन्धु टि-ईस्टेट, नक्कली भुटानी शरणार्थी, तारागाउँ जग्गा काण्ड, बाँसबारी जग्गा, बालमन्दिर, सहकारीपीडित मुद्दा, सरकारी मुद्दा किर्ते, अनलाइन सट्टेबाजी, स्काउट, टीकापुर जग्गा, बृहत् जनकपुरको जग्गा, काभ्रेको पतञ्जली आयुर्वेद कम्पनीलगायतका काण्डको अनुसन्धान गरी दोषीलाई कारबाही गर्ने घोषणा संसदबाटै गरेका थिए। त्यसको केहीदिनमै सत्ता गठबन्धन परिवर्तन हुनुलाई अर्थपूर्ण रुपमा हेरिएको छ।

नयाँ राजनीतिक परिवेशबारे पाका वामपन्थी नेता तथा राष्ट्रिय जनमोर्चाका अध्यक्ष एवं सांसद चित्रबहादुर केसीसँग गरिएको कुराकानीको सम्पादित अंश।

**२०७९ को निर्वाचनयता पटक पटक सत्ता गठबन्धन फेरिँदै आएको छ। अहिले कांग्रेस-एमालेको गठबन्धनलाई तपाईंले कसरी हेर्नुभएको छ ?**

'लाटो खान्छ एक बल्ड्याङ, बाठो खान्छ तीन बल्ड्याङ' धेरै बाठो हुन खोज्दा प्रचण्डले तीन बल्ड्याङ खान पुगेका हुन्। हामीले २०७४ सालमै वामपन्थीहरूको झण्डै दुई तिहाई मत पुऱ्याएका थियौं। त्यतिबेला दुई-दुई पटक असंवैधानिक रुपमा संसद भंग गर्ने काम भयो। त्यही कारण एमाले विभाजित भयो। केपी शर्मा ओलीको अधिनायवादी प्रवृत्ति र प्रतिगामी कदम रोक्नका लागि हामीले आन्दोलन गरेका हौं। र, तत्कालीन गठबन्धन निर्माण गरेर निर्वाचनमा गएका हौं। ओलीलाई कांग्रेससँगको गठबन्धन जुनसुकै मूल्यमा पनि नभत्काइ भएको थिएन। प्रचण्डलाई प्रयोग गरेर गठबन्धन भत्काउन ओली सफल भए। प्रचण्ड धेरै बाठो हुँदा पछुताउने अवस्थामा पुगे।

**प्रधानमन्त्री प्रचण्डले विश्वासको मत प्राप्त गर्न नसक्दा अब सरकार गठन प्रक्रिया संविधानको धारा ७६ (२) अनुसार ओली प्रधानमन्त्री बन्छन् कि (३)अनुसार सबैभन्दा ठूलो दलको नेता शेरबहादुर देउवा ?**

कांग्रेस र एमालेको सहमतिमा सुरुमा ओली प्रधानमन्त्री बन्ने छ। जालझेल, षडयन्त्र गर्ने कुरा बेग्लै भयो। सरकार गठन गर्ने बेलामै गृह मन्त्रालय, अर्थ मन्त्रालय नलिएर ओलीले गठबन्धन भत्काउने रणनीति मात्र हो भन्ने सन्देश दिएकै थिए। प्रचण्डले ओलीको षडयन्त्र बुझ्न सकेनन्। प्रचण्डलाई ओली र देउवालाई लिएर हिड्नुमा आकाश-पातालको भिन्नता थियो। देउवाले सहज रुपमा काम गर्न दिएका थिए। ओलीले त लडाइ हाले।

**ओलीले देउवालाई सहजै सत्ता हस्तान्तरण गर्छन त ?**

ओलीको कुनै भरोसा नै हुन्न। दुई-दुई चोटी संसद भत्काएर सर्वोच्चले गलत भयो भन्दा पनि ९ महिनासम्म संसद चल्नै नदिने ओलीको इतिहास छ। ओलीबाटै गणतन्त्र, लोकतन्त्रमाथि बढ्ता खतरा छ। ओलीको नियतमै शंका छ।


**प्रचण्डलाई चाहिँ विश्वास गर्ने अवस्था छ त ?**

प्रचण्डले बदनाम मान्छेलाई गृहमन्त्री बनाए। संसदको रोष्टमबाट सहकारी ठगलाई सफाइ दिने काम प्रचण्डले गरे। सहकारी ठगी गर्ने व्यक्तिलाई गृह मन्त्रालय दिने भनेको गलत हो। अमेरिकी पासपोर्ट भएको व्यक्तिलाई निर्वाचन आयोगले सांसद बनाइदियो। अमेरिकी नागरिक हुँदैखेरी सांसद बनेर आए। ओली र प्रचण्डले उपप्रधानमन्त्रीसहित गृहमन्त्री बनाए। यो भनेको 'उडिजाने चराको बाटोमा गुँड' हो। अब लोकतन्त्र के हुन्छ भन्न सकिन्न। त्यसकारण ओली र प्रचण्ड दुबै खराब हुन्। अब प्रचण्ड वा ओली कसैलाई पनि विश्वासको मत दिइन्न।

**दुईटा ठूला दल मिल्दा लोकतन्त्र खतरामा पर्ने हो ?**

कांग्रेस र एमाले के कारणले मिले भन्ने कुरा त बाहिरै आएको छ। लोकतन्त्र, प्रजातन्त्र मान्ने भए त ८९ सिटको कांग्रेसले सरकारको नेतृत्व गर्थ्यो या प्रतिपक्षमा बस्थ्यो र ७६ सिटको एमालेले सरकारको नेतृत्व गर्थ्यो। लोकतन्त्रप्रति प्रतिवद्ध भएको भए कांग्रेस र एमालेमध्ये एउटाले सरकारको नेतृत्व गर्ने र अर्को प्रतिपक्षमा बसेका हुन्थे। कांग्रेस र एमालेले पालैपालो ३२ सिटको माओवादीलाई सरकारको नेतृत्व दिए। अहिले त विशेष कारणले कांग्रेस र एमाले मिलेका हुन्। नक्कली शरणार्थी काण्डमा बेचन झा पक्राउ परेपछि बेचैन भएको बुझिन्छ। उता, गिरीबन्धु टि-ईस्टेटको कुरा पनि जोडदार रुपमा उठिरहेको छ। त्यसकारण लोकतन्त्र, गणतन्त्र बलियो बनाउन भन्दा पनि आफ्ना गलत चरित्र, गलत काम, गलत नीतिलाई छिपाउनका लागि यो गठबन्धन भएको हो।

> ■ 'लाटो खान्छ एक बल्ड्याङ, बाठो खान्छ तीन बल्ड्याङ' धेरै बाठो हुन खोज्दा प्रचण्डले तीन बल्ड्याङ खान पुगेका हुन्।
>
> ■ सरकार गठन गर्ने बेलामै गृह मन्त्रालय, अर्थ मन्त्रालय नलिएर ओलीले गठबन्धन भत्काउने रणनीति मात्र हो भन्ने सन्देश दिएकै थिए।
>
> ■ ओलीबाटै गणतन्त्र, लोकतन्त्रमाथि बढ्ता खतरा छ। ओलीको नियतमै शंका छ।
>
> ■ अमेरिकी नागरिक हुँदैखेरी सांसद बनेर आए। यो भनेको 'उडिजाने चराको बाटोमा गुँड' हो।
>
> ■ नक्कली शरणार्थी काण्डमा बेचन झा पक्राउ परेपछि बेचैन भएको बुझिन्छ। उता, गिरीबन्धु टि-ईस्टेटको कुरा पनि जोडदार रुपमा उठिरहेको छ।
>
> ■ यदि, प्रचण्ड इमान्दार थिए भने अघिल्लो गठबन्धन भत्काउन ओलीले गरेको तिकडममा फस्ने थिएनन्।
>
> ■ हामीले संसदका सबै राजनीतिक दलहरूको हविगत देखेकै छौं। आफ्नो भ्रष्टाचार जोगाउनका लागि सत्ता समिकरण बदल्ने खेल राम्रो होइन।



**भनेपछि नक्कली शरणार्थी प्रकरण र गिरीबन्धु जग्गा प्रकरण मिलाउनका लागि कांग्रेस र एमाले रातारात गठबन्धन गर्न पुगे भन्ने हो ?**

अरु के हो त ? कांग्रेस र एमाले त प्रचण्डलाई प्रधानमन्त्री नदिएर दुई वर्ष पहिल्यै पाउनुपर्थ्यो। कांग्रेसले सरकारको नेतृत्व गर्नुपर्ने थियो। कांग्रेस प्रतिपक्षमा हुँदा एमालेले सरकारको नेतृत्व गर्नुपर्ने थियो। अहिले अप्ठेरो स्थिति जोडिएका कारण कांग्रेस र एमाले मिलेका हुन्। लोकतन्त्र बलियो बनाउन, जनतालाई सुशासन दिन कांग्रेस र एमाले मिलेका हुन् भनेर कसले पत्याउँछ ?

**तपाईंहरूजस्तो लोकतान्त्रिक गणतन्त्र ल्याउन संघर्ष गरेर आएको शक्तिले नयाँ गठबन्धनको विरोध गरेको देखिन्छ। पुनरुत्थानवादी राप्रपाले भने स्वागत गऱ्यो। यो त शंकास्पद भएन ?**

राप्रपाले त लोकतन्त्र, गणतन्त्र नै चाहदैन। त्यहीकारण लोकतन्त्र, गणतन्त्रको औचित्य छैन भनेर राप्रपाका नेताहरूले भनिरहेकै छन्। राप्रपा त निरंकुश राजतन्त्र चाहन्छ। नेपाललाई हिन्दु राज्य बनाउन चाहन्छ। राप्रपा अहिलेको व्यवस्था कमजोर होस् भन्ने चाहन्छ। त्यसकारण कांग्रेस र एमालेको सहमतिमा राप्रपा उत्साहित हुन शंकास्पद नै हो।

**यही अवस्थमा प्रधानमन्त्री प्रचण्डले संसदबाट विश्वासको मत लिने अवस्था देखिदैन। तर, पनि यही २८ गते विश्वासको मत लिन खोज्दैछन् किन ?**

कहीँ केही उपाय लाग्छ कि भन्ने होला। १८/१९ महिनाको अवधिमा प्रचण्ड ३ चोटी बालकोट पुगे। २ चोटी बुढानिलकण्ठ पुगे। यिनीहरूको कुनै भरोसा नै छैन। शेखर कोइरालालाई बालुवाटारमा बोलाएर फकाउने काम पनि प्रचण्डले गरेकै छन्। कांग्रेस र एमाले एक ठाउँमा भएपछि त कुरो सकियो। त्यसकारण अझै पनि कांग्रेस र एमालेलाई मिल्न नदिने खेल अन्तर्गत विश्वासको मत लिन लागेको हुन सक्छ। प्रचण्डले इमान्दारिपूर्वक विश्वासको मत लिन लागेकै होइनन्। यदि, प्रचण्ड इमान्दार थिए भने अघिल्लो गठबन्धन भत्काउन ओलीले गरेको तिकडममा फस्ने थिएनन्। त्यसैको परिणाम अहिले आएको हो। प्रचण्ड त्यतिबेला ओलीको तिकडममा नफसेको भए पुरानै गठबन्धन अहिलेसम्म निरन्तर चलिरहन्थ्यो। ओलीले खेल्ने ठाउँ नै पाउँदैन थिए। एउटा पार्टीभित्रको आन्तरिक छलफलको विषयलाई आधार बनाएर कांग्रेससँग गठबन्धन भत्काएर एमालेसँग नयाँ गठबन्धन गर्नु नै प्रचण्डको भूल थियो। त्यसैले प्रचण्ड अहिले खाल्टामा परे।

**एमाले, माओवादी र रास्वपाका सांसदले संसदमा पनि चर्काचर्की गरे। तपाईंहरू चाहिँ रमिता हेरेर बस्नुभयो होइन ?**

संसदमा दोहोरी खेलेको देखियो। कोही नयाँ भर्खरै आएका जस्ता, केही पुराना र कतिपयले सत्तामा बस्दा देशमा असाध्यै राम्रो काम गरेको जस्तो देखियो। सुशासन दिएको, भ्रष्टाचार उन्मुलन गरेको, देशको राष्ट्रियता, सार्वभौमिकता र राष्ट्रिय अखण्डताको रक्षा गरेको/नगरेको नेपाली जनतालाई थाहा छ। नेपाली जनताले विकृति, विसंगति र भ्रष्टाचारको मार भोगिरहेका छन्। यदि, यो गठबन्धन भ्रष्टाचारलाई छामछुम पार्नका लागि, नक्कली भुटानी शरणार्थी काण्डदेखि गिरीबन्धु टि-ईस्टेटसम्मका यावत काण्डबाट बच्न दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेको सम्झौता हो भने नेपाली जनतालाई मान्य हुन्न।

**नयाँ गठबन्धन बन्न नपाउँदै यतिधेरै शंका किन ?**

सबैभन्दा पहिला विषयबस्तु कसरी आएका छन् भन्ने कुरा हेर्नुपर्छ। भ्रष्टाचारबाट को चोखो छ ? कुन पार्टी भ्रष्टाचारमुक्त छ ? यसभन्दा पहिलाको गठबन्धन बन्नुको पछाडिको कारण के थियो ? अहिले अर्को गठबन्धन बन्नुको कारण के हो भन्ने कुरा हेर्नुपर्छ। गिरिबन्धु टि-ईस्टेट प्रकरणमा सर्वोच्च अदालतको फैसला र नक्कली भुटानी शरणार्थी प्रकरणमा बेचन झा पक्राउ परेपछि कांग्रेस र एमाले नजिकिएको विषय लुकेको छैन। बेचन झा पक्राउ परेपछि बेचैन भएर नयाँ गठबन्धन बनेको हुन सक्छ।

**२०७२ सालमा संविधान निर्माण भएपछि पनि विभिन्न गठबन्धनको अभ्यास हुँदै आएको छ। दुई तिहाईको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)देखि कांग्रेस-एमाले गठबन्धनसम्म जनताले भोग्दै छन्। अब देशले निकास पाउने सम्भावना छ ?**

२०७४ सालमा हामी वामपन्थीहरू एकै ठाउँमा भएका थियौं। त्यो वामपन्थीहरूको सरकार भत्काउनुको औचित्य के थियो ? संसद विघटन सर्वोच्च अदालतले बेठीक भयो भनेर पुर्नस्थापना गरेपछि पनि फेरि अर्को पटक संसद विघटन गरेको होइन ? त्यसको सफाइ दिने क्रममा एमाले बचाउनका लागि भन्ने जवाफ ओलीबाट आयो। हामीले संसदका सबै राजनीतिक दलहरूको हविगत देखेकै छौं। आफ्नो भ्रष्टाचार जोगाउनका लागि सत्ता समिकरण बदल्ने खेल राम्रो होइन।

**संसदको पहिलो र दोस्रो ठूलो दल मिलेर सरकार बनाउदा अन्य दललाई आपत्ति किन ?**

मैले एक वर्ष पहिला नै भनेको थिएँ-तपाईंहरू संसदीय व्यवस्था मान्नुहुन्छ भने, सबैभन्दा ठूलो पार्टी नेपाली कांग्रेसको नेतृत्वमा सरकार बनाउनुहोस्। यसबेला आएर किन बल्ल निन्द्रा खुल्यो। त्यो पनि सबैभन्दा ठूलो पार्टीले होइन, बीचको माइलो पार्टीले सरकारको नेतृत्व गर्दैछ। यसमा 'दालमा काला हे'। भोलिका दिनमा नेपाली जनताले बुझ्दै जाने छन्।

**अलि प्रष्ट रुपमा भनिदिनु न ?**

राजनीतिक दलहरूप्रति नेपाली जनताको असाध्यै घृणा छ। राजनीतिक गर्ने भनेको कमाउनका लागि हो भन्ने कारणले गर्दा नेपाली जनताले घृणा गरेका हुन्। नेता, मन्त्रीले आउँदो चुनावलाई करोडौं रुपैयाँ संकलन गर्ने सोच राखेपछि देश र जनताको पक्षमा कसरी काम हुन्छ ? चाहे नयाँका कुरा गरौं या पुराना दलका कुरा गरौं, सबैको ध्यान कसरी कमाउने भन्ने छ। सरकारमा बस्नेबाटै सहकारीको अर्बौं रुपैयाँ हिनामिना भएको देखेकै छौं। चर्को कुरा गरेर चोखो भइदैन, नेपाली जनताले राम्ररी बुझेका छन्।

**जनतामा असन्तुष्टि बढ्दै जाँदा व्यवस्था नै धरापमा पर्दैन ?**

जसले लोकतन्त्र, गणतन्त्र ल्यायो, उहीबाट आज लोकतन्त्र, गणतन्त्र खतरामा छ। विगतका गल्ती कमजोरीलाई सुधारेर अघि बढ्छौं भनेर राजनीतिक दलका नेताहरूले नेपाली जनतासँग माफी मागेकै हुन्। तर, माफी मागेअनुसार दलहरू अगाडि बढेनन्। नेताहरू झन् भ्रष्ट भएर निस्किए। सत्ता नभइ नहुने किन ? नेपाली जनतालाई सुशासन दिनुपर्ने, विकास निर्माण्को काम द्रुत गतिमा अगाडि बढाउनुपर्ने, देशको राष्ट्रियता, सार्वभौमिकता र राष्ट्रिय अखण्डताको रक्षा गर्नुपर्नेमा जनतालाई धोका दिने काम भयो। दलहरूले जनतालाई माछो माछो भ्यागुतो बनाए। आज देशमा बाढी-पहिरोले नेपाली जनताको विचल्ली भएको छ। नेताहरू सत्ताका लागि दौडधुप गरिरहेका छन्। यस्तै बेला सत्ताको खेल किन भयो भन्दा सत्तामा नजाँदा खत्तम भइन्छ भन्ने बुझेरै त हो।

## सम्पूर्ण आकाश



● सुलोचना

नेताहरू सँगको सामिप्य वा आफ्ना नेता, हाकिमहरू कति असल वा खराब छन् भन्ने कुराले धैरैको जीवन प्रभावित हुन्थ्यो। हुन त यो हरेक युगको, हरेक देश र व्यवस्थाको साझा वास्तविकता नै होला। घरबारविहीनै भएर अरु देशमा जस्तो सडकमै सुत्नु पर्ने मान्छेहरू भने कहीँ देखिनँ। पाँच वर्ष चीनमा बस्दा सडकमा कहिल्यै माग्ने देखिएन।

# संक्रमणको त्यो बेला

*पुग्नु अघिसम्म मेरो सपनाको देश थियो चीन। ८०को दशकको कुरा हो यो। आजको चीन र त्यो बेलाको चीनको अवस्था आकाश पाताल फरक भैसकेको छ। अहिले मात्र चीनको यात्रा गर्नेहरूले त त्यो बेलाको चीनको अनुमानै पनि गर्न सक्दैनन्।*

*चीनमा भएको क्रान्तिले चीनलाई पहिलेभन्दा केही सम्पन्न, शक्तिशाली र स्थीर त बनाएकै थियो। तर इतिहासले छोडेका चुनौतीको सामना गर्दै त्यति ठुलो जनसंख्या भएको देशमा राज्यले नै सबैको काम माम र वासको समेत बन्दोबस्त गर्न सजिलो थिएन।*

*नागरिकहरूले पनि त्यो कुरा बुझेरै होला, आफ्नो जीवनमा धैरै नै सम्झौता गरिरहे जस्तो लाग्थ्यो। सहरमा एउटै फ्ल्याटमा तीन पुस्तासम्म पनि बस्थे। कतिपय परिवारको किचेन वा ट्वाईलेट साझा हुन्थ्यो। 'परिवार नियोजन'को कडाईका साथ पालना गराइन्थ्यो- एउटै सन्तान मात्र जन्माउन पाउँथे।*

*बढी सन्तान जन्माए राज्यले दिने सुविधाबाट विमुख हुनुपर्थ्यो। कसैको जुम्ल्याहा बच्चा भयो भने त्यो दम्पती भाग्यमानी ठानिन्थ्यो। त्यसबेलाका बच्चाहरू दाइ, दिदी, बहिनी, भाइ, जस्ता सम्बन्ध बिना नै हुर्के। ती पनि ठूला भएपछि तिनका सन्तानले फुपू, ठूली आमा, सानी आमा, काका, ठुलाबा ... आदि चिन्न पाएनन्।*

*बाबु तिरका हुन् वा आमा तिरका दुवै तिरका बाजेबजैको एउटै मात्र नाति वा नातिनी हुन्थे। तर, त्यो बेलाका निम्ति केही वर्ष जनसंख्या नियन्त्रण गर्नु उनीहरूको बाध्यता नै थियो कि! एक्लो बच्चा भएपछि उसैले बढि ध्यान पाउने त हुने नै भयो। सबैको माया एकैतिर खनिएर बच्चाहरू अति पुल्पुलिने र उनीहरूका माग चर्को हुने समस्या पनि देखिन्थ्यो।*

*अब त कडाई हटिसकेछ। बरु आफ्नै खुसीले बच्चा जन्माउनै नचाहनेहरूको संख्या चीनमा पनि अन्य विकसित देशमा झैँ बढ्दै गएको सुनिन्छ।*

*मैले किशोरावस्थामा सुनेको साम्यवादको नारा 'क्षमता अनुसारको काम, आवश्यकता अनुसारको माम' थियो। तर, समाजवादको तीर्थस्थल नै ठानेर गएको ठाउँमा पुगेपछि थाहा भयो- त्यस्तै त कहाँ सम्भव हुँदोरहेछ र!*

*क्षमता र रूची अनुसारको काम पाउनुभन्दा पनि जहाँ जसरी भएपनि आफूलाई पुग्दो खाना र नानाको बन्दोबस्त गर्नु सबैको उद्देश्य देखिन्थ्यो। छानाको बन्दोबस्त अझ गाह्रो हुन्थ्यो सबैका निम्ति।*

*नेताहरू सँगको सामिप्य वा आफ्ना नेता, हाकिमहरू कति असल वा खराब छन् भन्ने कुराले धैरैको जीवन प्रभावित हुन्थ्यो। हुन त यो हरेक युगको, हरेक देश र व्यवस्थाको साझा वास्तविकता नै होला। घरबारविहीनै भएर अरु देशमा जस्तो सडकमै सुत्नु पर्ने मान्छेहरू भने कहीँ देखिनँ।*

*पाँच वर्ष चीनमा बस्दा सडकमा कहिल्यै माग्ने देखिएन। बरु अचेल पो कतै कतै देखिन्छन् भन्ने सुन्दैछु। त्यति ठूलो जनसंख्या भएको देशमा सहरका सडकमा माग्ने नदेख्नुलाई अचम्मै मान्थेँ।*

*महिला र पुरुषबीचको समानता भने जो कोहीले अनुभूत गर्नसक्ने किसिमको थियो। सोभियत संघ ढल्नु अघि कस्तो थियो त्यो त मैले देख्न पाइनँ। चीनमा चाहिँ नारा मात्र नभएर कडाईका साथ व्यवहारमै लागु भएको यथार्थ रहेछ, महिला-पुरुष समानता।*

*राज्यको कुनै पदहरूमा पनि पुरुष मेयर भए महिला उपमेयर हुनै पर्ने। कहाँ कतै पनि श्रीमती भनेर हेपेर कुट्न र दुर्व्यवहार गर्न पाइँदैनथ्यो। सडकमा गुन्डागर्दी देखिँदैन थियो।*

> चीनमा कुनै विवाहित जवान पुरुष एक्कासी दुब्लाएको देखियो भने घरमा श्रीमती सुत्केरी छ भन्ने अनुमान गर्दा रहेछन्। सुत्केरी भएपछि सक्ने नै हल्का फुल्का काम पनि नगरी श्रीमानलाई लगाउने चलन रहेछ। जस्तै ठूलो पदमा रहेका पुरुष पनि भान्छाको काम गर्न अभ्यस्त हुँदा रहेछन्।

*एकदिन बेलुकी मलाई एउटा समान किन्नु परेको थियो। बेलुकी ८ बजिसकेको थियो। होस्टेल नजिकै त्यस्तो पसल थिएन। सार्वजनिक बस चढेर अर्कै ठाउँमा जानुपर्ने भयो। भोलिपल्टसम्म नपर्खि त्यहीबेला जान मन लाग्यो र एक्लै बस चढेँ।*

*बसमा प्राय भीड नै हुन्थ्यो। यतिबेला पनि कामबाट फर्किनेहरूको भीड बाँकी नै रहेछ। बसबाट ओर्लेर म सरासर पसलमा गएँ, सामान किनेँ, फर्कें। ९ बजिसकेको थियो। कतै कुनै व्यवधान भएन। मनमा डर उत्पन्न भएन, म विदेशमा छु भन्ने पनि भएन।*

*"देश र समाज भनेको त यस्तो पो हुनु पर्छ" भनेँ आफैसँग। एक्लै केटी मान्छे हिँड्दा कसैबाट हैरान खप्नु छैन! अरु महिलाहरू पनि सडकमा निर्धक्कसँग हिँडिरहेका देखिन्थे। कोही आफ्नो ड्युटीबाट फर्किरहेका थिए! एकजना चिनियाँ साथीसँग भन्दा उनले भने "९ बजे त के भयो र, राती १२ बजे हिंडेपनि केहीको डर हुँदैन यहाँ"।*

*मेरो देशमा कहिले स्कूलबाट ढिलो घर पुग्दा, साँझ कतै कुनै कार्यक्रममा जाँदा आउँदा अल्लारे केटाहरूले दुःख दिने गरेको सम्झेँ। घरमा आमा पिरिएर बस्नु भएको कुरा पनि सम्झेँ।*

*सुरक्षामा मात्र महिला समानता देखिने हैन, खाना बनाउने लगायत घरका सबै काममा पुरुषहरू पुरै संलग्न हुने रहेछन्। एउटा रमाईलो कुरा- घरमा श्रीमती सुत्केरी भएपछि सबै काम श्रीमानले नै गर्नु पर्दोरहेछ।*

*चीनमा कुनै विवाहित जवान पुरुष एक्कासी दुब्लाएको देखियो भने घरमा श्रीमती सुत्केरी छ भन्ने अनुमान गर्दा रहेछन्। सुत्केरी भएपछि सक्ने नै हल्का फुल्का काम पनि नगरी श्रीमानलाई लगाउने चलन रहेछ। जस्तै ठूलोपदमा रहेका पुरुष पनि भान्छाको काम गर्न भने अभ्यस्त हुँदा रहेछन्।*

*खाना बनाउन नजान्ने केटाहरूको विवाह हुन पनि गाह्रो हुन्छ भन्थे। यहाँ जस्तो पुरूष नेताहरू नेता पल्टेर, घरको काम जति नेत्री नै भएपनि श्रीमतीलाई मात्र लगाएर बस्दा रहदैनरैछन्। बरु यदाकदा श्रीमतीहरूले श्रीमानलाई हेपेको दृश्य देख्दा भने आफ्नै चित्त नबुझेजस्तो हुन्थ्यो। पुरुष प्रधान देशमा हुर्केकोले बानी नपरेको पनि होला। मेरो नारीवाद अलि नरम किसिमकै भएर पनि होला- समानता र स्वतन्त्रताप्रेमी हुँ म।*

*त्यो बेला चीनमा तङ स्याओ-पिङ सर्वोच्च नेता थिए। उनको नयाँ खुल्ला आर्थिक नीति लागु हुँदै थियो। पुरानो नीतिबाट नयाँमा जान केही सामाजिक मूल्य मान्यता पनि फेर्नु पर्ने बेला थियो। मान्छेहरू अलि बढि स्वार्थी हुन थालेको पो हो कि जस्तो पनि लाग्थ्यो।*

*'एनि हाउ, पैसा कमाउ' भनेजस्तो मान्छेहरू जे गरेर भए पनि पैसा नै बढी कमाउन लागेजस्तो पनि देखिन्थ्यो। भ्रष्टाचार हुर्किंदै छ भन्ने सुनिन्थ्यो। पहिले कोही ठूलै नेता भैसकेकाहरू पनि पछि भ्रष्टाचारीको आरोपमा टिभीमा नाम र फोटो आउँदा मन खिन्न हुन्थ्यो, त्यस्तो समाचार सुनेको दिन मन नरमाइलो लाग्थ्यो।*

*यी सबैकुरा एक विदेशी विद्यार्थी भएर अनुभव गर्दै थिएँ। आफूले पहिले सोचेजस्तो नदेख्नु स्वाभाविक थियो। जहाँ गएपनि त्यस्तै हुन्थ्यो होला। जे भएपनि चीनमा पाँच वर्ष बस्दा पाएको अनुभव, शिक्षा, मैत्री र सहयोगका निम्ति म कृतज्ञ छु।*

# पत्रकारितामा 'बुम' आतंक

आमबुझाई छ- पत्रकारको काम अरूलाई प्रश्न गर्ने, अरुको कुरा सुन्ने र जस्ताको तस्तै जनतामाझ पुऱ्याउने पनि हो। भनिन्छ- 'प्रश्न नगर्ने पत्रकार हुँदैन। प्रश्नविनाको पत्रकारिता हुँदैन। पत्रकारले जुन दिन प्रश्न गर्न छाड्छन्, न उनीहरू पत्रकार रहन्छन्, न त पत्रकारिता नै रहन्छ।'

जब पत्रकारका प्रश्न हलुका हुन्छ। लोकतन्त्र पनि हलुका हुँदै जान्छ। छिमेकी देश भारतलाई हेर्दा पनि यो पुष्टि हुन्छ। सरकारको स्थायी प्रतिपक्षी रुपमा हेरिने आमसञ्चारमाध्यम सरकारको बखानमा लिप्त देखिन्छन्। त्यस्ता सञ्चारमाध्यमले 'गोदी मिडिया' उपनाम पाएका छन्।

सरकार र सम्बन्धित निकायलाई पत्रकारले मात्र प्रश्न गर्न पाउँछन् भन्ने होइन। हरेक नागरिकले प्रश्न गर्न पाउँछन्। तर, 'पत्रकारले प्रश्न गर्नुपर्छ' हाम्रो परम्परागत बुझाई छ। अरुको भन्दा पत्रकारको पहुँच बढी हुन्छ। प्रश्न सोध्ने उसको मुख्य पेसा पनि हो, त्यसैले पत्रकारले बढी प्रश्न गर्ने गरेका छन्।

तर, हरेक कुराको एउटा सीमा हुन्छ। प्रश्नको पनि कहाँ सोध्ने? के सोध्ने? कसलाई सोध्ने? कसरी सोध्ने? भन्ने हुन्छ। प्रश्न के हो वा होइन, बहस गर्न सकिन्छ। तर, पछिल्लो समय ठाउँ न कुठाउँ माइक तेर्साएर प्रश्न सोध्ने आतंक छाएको छ। यो पत्रकारिताको कर्म, धर्म र मर्मविपरित छ।

अहिले सामाजिक सञ्जाल न्यू मिडियाका रुपमा विकास भएको छ। यसैबाट सूचना लिने प्रचलन बढ्दो छ। सूचना पाउनका लागि मूलधारका मिडिया मात्रै खोज्ने परिपाटीको अन्त्य भएको छ। तर, पत्रकारिता र युट्युवकारितामा फरक छुटाउन नसक्दा पत्रकारले गाली खानु परेको छ। पत्रकारिता पेसाको विश्वसनीयता र इज्जत खस्केको छ।

पत्रकारले आफ्ना लागि होइन, पाठक, श्रोता, दर्शक या आमनागरिकका प्रश्न गर्नुपर्छ। तर, पत्रकारले के गर्न हुन्छ र के गर्न हुँदैन भनेर पत्रकार आचारसंहितामा लेखिएको हुन्छ। नेपालमा प्रेस काउन्सिल र नेपाल पत्रकार महासंघले पत्रकार आचारसंहिता जारी गरेका छन्। उक्त आचारसंहितामा पत्रकारले प्रश्न सोध्दा के कसरी प्रस्तुत हुनुपर्छ भन्ने पनि उल्लेख छ।

पत्रकार आचारसंहिताको दफा ४ उपदफा ३(१) मा भनिएको छ- 'पत्रकार तथा सञ्चारमाध्यमले स्वच्छ, मर्यादित र विश्वसनीय पत्रकारिता गर्नुपर्दछ।' त्यस्तै

**युट्युबलाई नियमन गर्ने कानुन नहुँदा पत्रकारिता बदनाम भइरहेको छ। युट्युबको सामग्री हेरेर पत्रकारलाई गाली गरिरहेका छन्। युट्युब आतंकले पत्रकारितालाई समस्यामा पारेको छ। कुनै मूलधारको मिडियाका पाठक, श्रोता, दर्शकभन्दा युट्युबका दर्शक बढी छन्। यसले गर्दा समाज कस्ता घटना र सूचनाको पछि दौडिरहेको छ भन्ने चित्रण गर्छ। समाज हल्लाकै पछि दौडिरहेको छ भन्ने यसबाट पुष्टि हुन्छ।**

## हिजो-आज



■ नवीन राई




उपदफा ३(२) मा उल्लेख छ- 'पत्रकार तथा सञ्चारमाध्यमले सूचना वा जानकारीको सङ्कलन र सम्प्रेषण सभ्य र शिष्ट रूपमा गर्नुपर्दछ।'

तर, हिजोआज पत्रकारिताको यस्तो शैली मौलाएको छ, जहाँ पत्रकार ठाउँको ठाउँ माइक तेर्स्याउँछन् र तातो न छारोको प्रश्न सोध्छन्- 'भन्नुस् तपाईं! जनता जान्न चाहन्छन्...।' बेलगाम घोडाजस्तो। कुनै घटनाको फोटो/भिडियो खिचेर जसले पनि राख्न सक्छ। यसबाट पनि नागरिकले सूचना पाउँछन्। यसरी सूचना प्रवाह गर्न त सकिन्छ। तर, सूचना दिनु मात्रै पत्रकारिता होइन। तथ्य सूचना दिनुपर्दछ।

पत्रकारिता पेशा अँगाल्दा तोकिएका मापदण्ड पालना गर्नुपर्छ। जे मन लाग्यो त्यही सामग्री दिन पाइँदैन। मनलाग्दी गरेमा कारबाही हुन्छ। तर, युट्युवकारितालाई कसैले केही कारबाही गर्दैन। युट्युबर नै आम मानिसको बुझाईमा पत्रकार हो। तर सबै युट्युबर पत्रकार होइनन्।

पत्रकार हुनका लागि नियमित सूचना सम्प्रेषणको काम गर्नुपर्छ। रेडियो, टेलिभिजनमा यति बजे समाचार आउँछ भनेर पर्खेर बस्न सकिन्छ। पत्रिका पनि नियमित आफ्नो समय अनुसार प्रकाशित हुन्छन्। अनलाइनमा पनि नियमित समाचार अपडेट गरिन्छ। तर, सामाजिक सञ्जालमा मन लागेको बेला मात्र सूचना सामग्री पोस्ट गरिन्छ।

दिनदिनै सूचना सम्प्रेषण गर्नैपर्ने दायित्व पत्रकारमा मात्र हुन्छ। त्यो पनि कुनै एक घटना होइन की देश, विदेशका सबै महत्त्वपूर्ण घटनाहरू अद्यावधिक गरिरहनुपर्छ। तर, युट्युबवरले कुनै एक घटनालाई मात्रै खिचेर देखाइदिए पुग्छ। देशभरका घटना जानिरहनुपर्दैन।

पत्रकारिता निश्चित नीति, नियम, आचारसंहिता र सिद्धान्तका आधारमा चल्छ। पत्रकारिताको धर्म र परम्पराका आधारमा पत्रकारिता चल्छ। समाचार सम्पादनपछि मात्र सार्वजनिक गरिन्छ। सञ्चार माध्यममा तालिम प्राप्त पत्रकार हुन्छन्। उनीहरूले पत्रकारिताको मूल्य मान्यता अनुसार मात्रै कुनै पनि सामग्री सम्प्रेषण गर्छन्।

सञ्चार माध्यम राज्यको नीति नियम अनुसार दर्ता भई आवश्यक योग्यताका सम्पादक र सञ्चालक तोकी आधिकारिकरुपमा सञ्चालित हुन्छ। तर, सामाजिक सञ्जालमा पत्रकारितामा हुनुपर्ने यी कामहरू हुँदैनन्। न सामाजिक सञ्जाल कतै दर्ता गर्नुपर्छ, न यो राज्यको कुनै नियमबाट निर्देशित छ।

युट्युबको सामग्री कुनै तालिम प्राप्त या अनुभवी सम्पादकद्वारा सम्पादन गरिँदैन। जसले खिच्यो, उसैले सनसनीपूर्ण शीर्षक राखेर पोस्ट गरिदिन्छ। तथ्य जाँच, परीक्षण पनि हुँदैन। एउटाले खिच्छ, उसैले आफूलाई मन लागेका आधारमा सामग्री पोस्ट गर्छ। यो गैरजिम्मेवार कुरा हो।

पत्रकारिताको त छुट्टै ऐन, कानुन छ। कानुनविपरीत काम गरे कारबाही हुन्छ। सामाजिक सञ्जाल एकछिनमा जसले पनि सुरु गर्न सक्छ। जो पनि सजिलै युट्युबवर हुन सक्छ। उसलाई नियमन गर्ने कुनै निकाय छैन।

युट्युब चलाउन जसले जतिबेला पनि सुरु गर्न सक्छ। भिडियो खिचेर पोस्ट गरे पुग्यो। यसमा कुनै प्रक्रिया र नीति नियम चाहिँदैन। नियम र सिद्धान्तमा बाँधिनु पर्दैन। जो मानिस जतिबेला पनि युट्युबर हुन सक्छ। तर, पत्रकार हुन लामो प्रक्रिया पार गर्नुपर्छ।

युट्युबमा भ्युअर अर्थात दर्शकको संख्या बढाउने र त्यसवापत पैसा पाउने लोभमा जथाभाबी सनसनीपूर्ण शीर्षक बनाएर सामग्री पोस्ट गर्ने प्रवृत्ति बढेको छ। कतिपय युट्युबवर युट्युबबाटै कमाएर महँगा गाडी चढ्छन्। जीवनस्तरमा ठूलो परिवर्तन आएको छ। त्यसकारण युट्युबप्रति आकर्षण बढ्दो छ।

कतिपय सार्वजनिक कार्यक्रमहरूमा समेत व्यवसायीक पत्रकारभन्दा युट्युबवर नै अघि पुग्छन्। पत्रकारका क्यामेराका अगाडि उनीरूका क्यामेरा हावी भइरहेका हुन्छन्। यसले व्यवसायीक पत्रकारलाई नियमित रिपोर्टिङमा समेत समस्या बनाउँदै लगेको छ। तर, कसैकसैले युट्युबमा टीभीले भन्दा राम्रो सामग्री पनि उत्पादन गर्ने गरेका छन्। जस्तै- 'हेर्न कथा।'

युट्युबवालाको दबदबा समाजमा बढ्दो छ। सबैतिर युट्युबकै चर्चा हुन्छ। राम्रो चलेका युट्युबवरको क्रेज बढ्दो छ। व्यवसायीक पत्रकारको भन्दा उनीहरूको लोकप्रियता छ। युट्युबको काम सस्तो लोकप्रियताक भइरहेको छ। युट्युबवरले गरेको गल्तीको सजाय पत्रकारले भोग्नु परिरहेको छ। उनीहरूकै कारण पत्रकारिता बदनाम भइरहेको हुन्छ।

युट्युबलाई नियमन गर्ने कानुन नहुँदा पत्रकारिता बदनाम भइरहेको छ। युट्युबको सामग्री हेरेर पत्रकारलाई गाली गरिरहेका छन्। युट्युब आतंकले पत्रकारितालाई समस्यामा पारेको छ। कुनै मूलधारको मिडियाका पाठक, श्रोता, दर्शकभन्दा युट्युबका दर्शक बढी छन्। यसले गर्दा समाज कस्ता घटना र सूचनाको पछि दौडिरहेको छ भन्ने चित्रण गर्छ। समाज हल्लाकै पछि दौडिरहेको छ भन्ने यसबाट पुष्टि हुन्छ।

## बहस र विचार



● धनराज वास्तविक

# एमाले र समाजवादीमा के फरक ?

**सौराहा काण्डको भाष्य बोलेका नेता घनश्याम भुसालले अध्यक्षको आकांक्षा राखेपछि केही नयाँ बहस भएको थियो। युवा नेताहरूले भुसाललाई बोक्न तयार भएको संकेत गरेका थिए। तर, महाधिवेशनमा प्रस्तुत दस्तावेजमाथि छलफलका निम्ति विभाजन गरिएका १२ वटा समूहले एकस्वरमा नेतृत्व सर्वसम्मत चयन हुनुपर्ने माग गरेपछि माहोलले फरक आकार लियो।**




असार १६ देखि २१ गतेसम्म काठमाडौंमा नेकपा (एकीकृत समाजवादी) पार्टीले १०औं राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको छ। मानो रोपेर मुरी फलाउने समयमा देश तथा प्रवासबाट भारी वर्षा र अनेकौं समस्यालाई छिचोल्दै ठूलो उत्साहका साथ महाधिवेशन प्रतिनिधि काठमाडौंको कमलादीस्थित प्रज्ञा भवनको प्रेक्षालयमा आइपुगेका थिए। यसरी आएका मध्ये धेरैजसो पार्टीको केन्द्रीय सदस्य बन्ने सपना बुनेर आएको सहज आभास गर्न सकिन्थ्यो। तर, दिन बित्दै गए। परिणाम फरक आउन आयो। २१ पदाधिकारीसहित २९९ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गर्नुपर्नेमा अध्यक्षमा माधवकुमार नेपाल, सम्मानित नेतामा झलनाथ खनाल र महासचिवमा घनश्याम भुसालसहित ९३ सदस्य चयन गर्दै महाधिवेशन सम्पन्न भयो।

असार १६ देखि २० गतेसम्म तोकिएको महाधिवेशन एक दिन लम्बियो। अधिकांश महाधिवेशन प्रतिनिधिहरू पार्टी नेतृत्व चयनलाई लिएर एकमत भए। अनेरास्ववियू र युवा संघका केही नेताहरूले रूपान्तरणको पक्षमा खुलेरै बोले। तर, महाधिवेशन हलले पुस्तान्तरण, रूपान्तरण र हस्तान्तरणको विषयलाई खासै वास्ता गरेन।

'दक्षिणपन्थी, यथास्थितिवादको विरोध गरौं, समाजवादको दिशामा अघि बढौं' भन्ने मूल नारा बोकेर उत्साहका साथ देश विदेशबाट महाधिवेशनमा आइपुगेका प्रतिनिधिहरू उत्साहित भएर आफनो बाटो लागेका छन्। निर्वाचत हुने र निर्वाचित गर्ने अधिकार महाधिवेशन प्रतिनिधिले अध्यक्ष मण्डल र निवर्तमान सचिवालयलाई सुम्पिएका थिए। महाधिवेशनले एकताको सन्देश दिएको बुझाइसहित प्रतिनिधिहरू बाटो लागे।

### अर्थपूर्ण महाधिवेशन

एकीकृत समाजवादीको १०औं महाधिवेशनले सर्वसम्मत नेतृत्व चयन गरेको छ। तर, राजनीतिक रूपमा भने ठूलो अर्थ दिएको छ। राजनीतिक प्रतिवेदन, सांगठनिक प्रतिवेदन र नेपाली विशेषताको समाजवादी कार्यक्रमजस्ता महत्वपूर्ण दस्तावेजहरू पारित गरेर इतिहास निर्माण भएको छ।

नेपालको कम्युनिष्ट आन्दोलनले बोक्नुपर्ने र हिड्नुपर्ने बाटोको रेखाङ्कन गरेको छ। अस्तित्वमा रहेका हरेक कम्युनिष्ट पार्टीहरूले एकीकृत समाजवादीले अघि सारेको समाजवादी कार्यक्रमको मोडलबाट भिन्न राख्न सक्ने अवस्था छैन। केही फूलथुङ्गा भर्नु र करेक्सन गर्नुबाहेक धेरै फरक ढंगले समाजवादी कार्यक्रम तय गर्ने अवस्था छैन। यस हिसाबले महाधिवेशन अत्यन्तै सभ्य, भव्य र ऐतिहास बनेको छ।

स्मरण गर्नुपर्छ, लिखतमा प्रगतिशील र अग्रगमनलाई अंगालिरहेको एकीकृत समाजवादी निर्णय कार्यान्वयनको कसीमा उभिएको यथार्थ हो।

यति हुँदाहुँदै पनि एकीकृत समाजवादीको १०औं राष्ट्रिय महाधिवेशनका भित्री कथा अत्यन्तै सुन्दर र शान्त छन्। नेपाली समाजलाई समाजवादको यात्रामा हिड्न आह्वान गरेको महाधिवेशनले कम्युनिष्ट ध्रुवीकरणको प्रस्तावसमेत गरेको छ। नेतृत्वमा माधवकुमार नेपाल र घनश्याम भुसाललाई कार्यकारी भूमिकामा उभ्याएर विद्रोहको औचित्य पुष्टि गरेको सन्देश दिएको छ।

### बाहिरी सन्देश

करोडौं खर्च गरेर तामझामका साथ सम्पन्न गरिएको महाधिवेशनका बारेमा चिया चौतारीमा सुनिने गफहरू फरक छन्। कर्मकाण्डीका रूपमा पुरानै परम्परा दोहोऱ्याएको, नेतृत्वले पदको लोभ देखाएको जस्ता कुराहरू सुनिनु पार्टीको भविष्यका निम्ति चिन्ताको विषय हो।

महाधिवेशनमा सहभागी प्रतिनिधिहरूले एक तिहाइ सदस्यसम्म चयन गर्न नसक्नु र नयाँ ढंगले सोच्न नसक्नुलाई राजनीतिप्रति चासो राख्नेहरूले आलोचलन गरेका छन्। त्यस्तै सत्ता परिवर्तनको विषयलाई लिएर 'कांग्रेस–एमालेको मिलनलाई दक्षिणपन्थी अवसरवाद हो' भनेको विषय सबैभन्दा रोचक बनेको छ। अलि अस्तिसम्म कांग्रेससँग गठबन्धन गरेर निर्वाचन लडेको, सत्ता चलाएको एकीकृत समाजवादीले वैचारिक विचारधारासँग भाका मिलाएर गरेको तर्क साच्चिकै हाँसोलाग्दो नै सुनिन्छ।

### के हुनुपर्थ्यो ?

एकीकृत समाजवादको १०औं महाधिवेशन र एमालेको सौराहा महाधिवेशनको स्वरूप उस्तै देखियो। सार भने केही भिन्न छ। विचार, सिद्धान्त र कार्यक्रमका हिसाबले एकीकृत समाजवादीको १०औं महाधिवेशन ऐतिहासिक भएपनि नेतृत्व चयनको मामलामा एमालेभन्दा प्रगतिशील देखिएन।

सौराहा काण्डको भाष्य बोलेका नेता घनश्याम भुसालले अध्यक्षको आकांक्षा राखेपछि केही नयाँ बहस भएको थियो। युवा नेताहरूले भुसाललाई बोक्न तयार भएको संकेत गरेका थिए। तर, महाधिवेशनमा प्रस्तुत दस्तावेजमाथि छलफलका निम्ति विभाजन गरिएका १२ वटा समूहले एकस्वरमा नेतृत्व सर्वसम्मत चयन हुनुपर्ने माग गरेपछि माहोलले फरक आकार लियो। अर्कातर्फ पार्टीबाट बिदा हुने मनसाय बनाएका, काम नगर्ने तर, पदमा बसिरहने नेताहरूका निम्ति हलले दिएको म्याण्डेट मौका बन्यो।

अध्यक्ष, सम्मानित नेता र महासचिवलाई सर्वसम्मत बनाउने सहमति भएपनि ती बाहेकका सबै पदमा चुनाव हुनुपर्ने थियो। बिडम्बना हल एकाएक भिडमा परिणत भयो। अध्यक्ष र महासचिवलाई निर्विरोध बनाएपछि तालिमा व्यस्त प्रतिनिधिलाई महाधिवेशन अध्यक्ष मण्डलका अध्यक्ष झलनाथ खनालले बाँकी कार्य सम्पन्न गर्नका निम्ति म्यान्डेटको माग गरेपछि हलले पुनः ताली बजाएर अनुमति दियो।

अध्यक्ष र महासचिव बाहेकका पदमा निर्वाचन भएको भए काम गर्ने जोश जागर बोकेका केही राम्रा युवाहरू केन्द्रीय कमिटी अटाउने सम्भावना रहन्थ्यो। पार्टीमा रहेर आम निर्वाचनको बेला आफ्नो पार्टीलाई भोट हाल्न नजानेहरू केन्द्रीय कमिटीबाट बाहिरिने थिए।

अब केन्द्रीय कमिटीमा नेताका वरिपरी घुम्नेहरू नै समेटिनेछन् भन्ने आशंका छ। यो वा त्यो बहानामा केन्द्रीय कमिटीमा स्थान बनाउनका निम्ति आवश्यक/अनावश्यक प्रभावहरूको खेल चल्नेछ।

नेतृत्वले गम्भीर भएर सोच्ने हो भने, निश्चित र आवश्यक मापदण्ड बनाएर योग्यता, क्षमता र आवश्यकता आधारमा युवा पंक्तिलाई केन्द्रीय कमिटीमा स्थान दिने अवसर अझै बाँकी छ। त्यसले पार्टीमा नयाँ रक्त सञ्चार हुनेछ।


अन्त्यमा, कम्युनिष्ट आचरणका हिसाबले सेलेक्सन प्रणाली ठिक मानिन्छ। तर, हाम्रो नेपालमा एमाले वृहत बनेको आन्तरिक प्रतिष्पर्धाबाटै हो भन्ने कुरा बिर्सनु हुँदैन। माओवादी सेलेक्सन प्राणालीले सकिएको हामीले देखेकै छौं। एकीकृत समाजवादीको महाधिवेशनमा पनि चुनाव भएको भए त्यसले नयाँ सन्देश दिन सक्थ्यो। आशावादको जन्म गराउने सक्ने सामर्थ्य हलले राख्नुपर्थ्यो। मुख्य कुरा छायाँमा राखेर गाउँ फर्केका नेताहरूले पार्टी बनाउने कसम खान्छन् या 'यस्तै रै'छ...' भन्ने गीतको सम्झना गराउँछन्? त्यो भने हेर्न बाँकी छ।

दृष्टि बजार
वर्ष ४१, अंक ३४, २५ असार, मंगलबार २०८१
नेपाल संवत् ११४४, 9 July, 2024, Tuesday



Travelsurance
Explore with Shikhar Travel Insurance
Shikhar Insurance
Happysurance
For further details contact: 9851087081
Shikhar Biz Centre, Fifth-Seventh Floor, Thapathali, Kathmandu, Ph: 4246101, 4246102, Fax: 4246103

# लेखापाल सरुवामा बोहोराको नाम जोडियो



आर्थिक वर्षको अन्त्यतिर नेपाल प्रहरीको आन्तरिक लेखा परीक्षण गर्ने लेखापालहरूको सरुवा हुने गरेको छ। नेपाल प्रहरीको लेखापालहरूको सरुवा हुने मेलोमेसो पाएका गृहमन्त्री रवि लामिछानेको स्वकीय सचिवालयमा हालिमुहाली गरेका दीपक बोहोराले सय भन्दा बढी लेखापालसँग सम्पर्क गरी भेटघाट गरेका थिए।

यही सरकार कायम रहेको खण्डमा उनले आर्थिक वर्षको हिसाव राफसाफ गरेपछि आगामी साउन महिनको तलब भत्ता खानेगरी लेखापाललाई आकर्षक मानिने जिल्ला, कार्यालयहरूमा पठाउने तयारी थियो। केहीले त आर्थिक रुपमा पेश्की समेत बुझाईसकेका छन्। उनीहरूको पेश्की अहिले फिर्ता हुने अवस्थामा छैन।

अवकाश भइसकेका डिएसपी विजय कुँवर मार्फत केही रकम पेश्की लिइसकेको र लामिछानेका स्वकीय सचिव रहेका बोहोराले बुझिसकेका कारण रकम फिर्ता हुन नसकेको हो। राम्रा जिल्ला सरुवा हुन र २ वर्ष पुगेकाहरू थमौती हुनका लागि बोहोराकोमा लाइन लाग्ने गरेको थियो।

त्यहाँसम्म पुर्‍याउने काम भर्खरै अवकाश पाएका डिएसपी कुँवरले गरेका थिए। लेखाका असई सईहरू कुँवरको बुद्धनगरमा रहेको घरमा समेत जाने गरेको र बोहोराई त्यही भेटाउने गरेको समेत स्रोतको दावी छ।

अवकाशको मुखमा आर्थिक संकलनका लागि कुँवरलाई कोशी प्रदेशको निरीक्षणमा पठाइएको थियो। घर जाने बेलामा विभागले लेखापरीक्षण हेर्ने गरी प्रदेश प्रदेशमा जान उनलाई स्वीकृति नदिनुपर्नेमा दिएको थियो। सरुवामा मात्र नभएर लेखा परीक्षणका क्रममा यो वा त्यो कमजोरी देखाएर असुली गर्ने छुट उनलाई दिइएको थियो।

अब उनले पेश्कीवापतको रकम के हुन्छ भन्नेबारेमा अहिले अन्यौल उत्पन्न भएको छ। आइजीपीले गर्नुपर्ने सरुवामा बोहोरा हावी हुन थालेपछि यतिबेला सरुवा हुने अवस्था छैन। सरकार परिवर्तन हुन लाग्दा आइजीपी आफैले सरुवा गर्ने अवस्था रहेको छ।


अवकाश प्राप्त डिएसपी कुँवर असईदेखि नै लेखा समूहमा कार्यरत रहेका प्रहरी अधिकृत हुन्। लेखा अधिकृत भएपछि उनी प्रहरी एकेडेमीमा सरुवा भएका थिए। एकेडेमीमा हुँदै उनी डीएसपी बढुवा भएका थिए। डीएसपी भएपछि उनको सरुवा प्रहरी प्रधान कार्यालय आलेपमा भएको थियो। एकेडेमीमा बजेटभन्दा बढी खर्च भएपछि नयाँ सरुवा भएका इन्स्पेक्टर दीपेन्द्र भट्टले हिसाब बुझ्न मानेनन्। कुँवरले शक्तिकेन्द्रबाट दबाब दिने क्रम जारी राखे। भट्ट पनि पहुँचवाला अधिकृत भएकाले उनले हिसाबकिताब प्रष्ट नभएसम्म नबुझ्ने अडानमा बसे। तत्कालीन आईजीपी धिरजप्रताप सिंहसम्म कुरा पुग्यो। तर त्यतिबेला शक्ति केन्द्रको आँडमा रोकिएको थियो। अहिलेका आइजीपीले उनलाई कारवाही गर्न खोजेपछि बोहोराको शरणमा पुगेर लेखापाल सरुवमा चलखेल गर्न लाग्दा सत्ता समीकरणका कारण रविको गृहमन्त्री पद धरापमा परेको छ।

उनले एकेडेमीको निर्माणमा कालोसूचीमा परेको क्षमादेवी कन्स्ट्रक्सनसँग १५ प्रतिशत मागेको विषयमा पनि विवादमा परेका थिए। उनका विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा अकूत सम्पत्तिमा छानबिनको माग गर्दै उजुरी पनि परेको छ। यो विषयमा अख्तियारले छानविन गरिरहेको स्रोतले जनाएको छ।

## ■ वाइडबडी खरिद प्रकरण

# निगमभित्रैका ‘हवाई माफिया’को षड्यन्त्र

● प्रकाश खड्का



२०४६ साल अगाडिसम्म नेपाल वायुसेवा निगमसँग चारवटा बोइङ थियो। २०४९/५० सालतिर दुईवटा बोइङ ७२७ बिक्री गरेपछि बाँकी दुईवटा ७३७ बोइङले करिब २३ वर्षसम्म अन्तराष्ट्रिय सेवाको व्यापार गरिरहेको थियो।

सोही अवधिमा विदेशी एयरलाइन्सको बजारको हिस्सा ९७ प्रतिशत पुग्यो। चारवटा बोइङ हुँदा ५०/६० प्रतिशत बजार हिस्सा ओगटेर बसेको निगम दुईवटा बोइङ बेचेपछि बजार हिस्सा ३ प्रतिशतमा खुम्चन पुग्यो। हवाई माफियाहरूले यो अवधिमा लुट्नु लुटे।

यसरी विदेशी एयरलाइन्सहरूले मनपरी भाडा लिएर बजार कब्जा गर्दासमेत निगममा नयाँ जहाज खरिद गर्ने र निगमको व्यापार वृद्धि गर्ने आँट कसैमा भएन। २३/२४ वर्षसम्म झिना मसिना माइक्रो मेनेजमेन्टको मात्र कुरा गरेर विमान खरिद गर्नेतर्फ पटक्कै ध्यान दिएन। निगम जहाज विनाको निगम बन्न पुग्यो।

जब निगमको महाप्रबन्धक पदमा सुगतरत्न कंसाकार नियुक्त भए, त्यसपछि मात्रै निगमलाई बलियो बनाउन नयाँ जहाज किन्ने निर्णय भयो। यसरी निगमको इतिहासमा पहिलोपल्ट दुईवटा वाइडबडी र चारवटा न्यारोबडी खरिद गर्न टेण्डर आह्वान गर्‍यो।

टेण्डर डकुमेन्ट (आरएफपी) तयार पार्न अगावै अमेरिकी विमान निर्माता कम्पनीको पदाधिकारी सुभेन्दु राय र युरोपेली विमान निर्माता कम्पनीको पदाधिकारी शील शुक्लालाई काठमाडौंमा बोलाएर छलफल गरेको थियो।

भेटघाटको सुरुमै कमिसनको कुनै गुन्जायस नहोस् भनेर कंसाकारले कुनै स्थानीय एजेन्ट नियुक्त नगर्न आग्रह गर्दा दुवैजना खुसी भएका थिए। तर, संसदीय समिति र अख्तियारले अचम्म किसिमले पाँच करोड बैना रकम भुक्तानी गरेकोलाई भ्रष्टाचार गरेको ठहर गरी हंगामा मच्चायो।

निगमभित्रकै गिरोह

यसै प्रसंगलाई लिएर हवाई माफियाले कंसाकारलाई जेल पुर्‍याएर छोड्यो। हवाई माफियाको ग्राण्डडिजाइनमा संसदीय समिति र अख्तियार नराम्रोसँग फस्यो। निगम कार्यकारी अध्यक्ष कंसाकार र पाँचजना निगम कर्मचारीविरुद्धमा अख्तियारले मिति २०६७-९-९ मा विशेष अदालतमा मुद्दा हालेपछि कंसाकार जेलसम्म पुग्नुपरेको हो।

गत पाँच वर्षसम्म अख्तियारले थन्कयाएर राखेको फाइललाई ब्युँताउँदै अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको छ। हवाई माफियाको एक प्रमुख मतियार निगमको वर्तमान कार्यकारी अध्यक्ष युवराज अधिकारीले आफ्नो पदको दुरुपयोग गरेर अख्तियार र लेखा समितिलाई झुक्याउन सफल भए।

त्यति मात्र कहाँ हो र २०७३ कात्तिक २५ गते वाइडबडी खरिद टेण्डर प्रक्रिया सुरु भएदेखि नै खरिद प्रक्रिया रोक्न अधिकारीले निरन्तर कोसिस गरिरहेका थिए। तर, निगम व्यवस्थापनले दह्रो अडान लिएपछि लण्डनसम्म सिधा उडान गर्न सक्ने दुईवटा वाइडबडी विमान आपूर्ति गरेर निगमले इतिहास रचेको थियो।

दोस्रो वाइडबडी विमान २०७५ साउन १० मा काठमाडौंमा अवतरण भएपछि निगममा नै कार्यरत दुईजना पदाधिकारीको उक्साहटमा कान्तिपुरले २०७५ भदौ १ मा ‘दुई विमान किन्दा ठूलै चलखेल’ शीर्षकको हेडलाइन समाचार छाप्यो। त्यसपछि हवाई माफियाले शृंखलाबद्ध रुपमा विमानको तौल, विमानको स्वामित्व, नक्कली कागजात, पुरानो इन्जिन, सेकेण्डह्याण्ड विमान, बैंक खाता, एमएसएन नम्बर, इस्क्रो एकाउन्ट, आयरल्याण्डमा दर्ता गरेको एसपिसी कम्पनीजस्ता कुरा उठायो।

संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिले २०७५ साउन १० मा र सार्वजनिक लेखा समितिले २०७५ मंसिर ९ मा छलफलको लागि पर्यटनमन्त्रीसहित निगमको पदाधिकारीहरूलाई बोलायो। दुवै समितिले छानबिन उपसमिति गठन गर्‍यो।

संसद्को लेखा समितिले ‘नेपाल वायुसेवा निगमको वाइडबडी विमान खरिद प्रकरण सम्बन्धमा अध्ययन अनुसन्धान गर्न राजेन्द्रकुमार केसीको संयोजकत्वमा एउटा समिति गठन गरेको थियो।

सार्वजनिक लेखा समितिले गठन गरेको छानबिन उपसमितिले छानबिनको दौरानमा निगमलाई ३९ वटा प्रश्नहरू सोधेर पत्र पठाएको थियो। हरेक प्रश्नको जवाफ विस्तृत रुपमा निगमले तोकिएको समयमा नै पठाएको थियो। तर ती ३९ वटा प्रश्नको जवाफहरूलाई पूर्ण रुपमा बेवास्ता गरी छानबिन प्रतिवेदन तयार पारियो।

उदाहरणको लागि एरोनटिकल इन्जिनियरले मात्र बुझ्ने सर्वसाधारणलाई बुझ्न कठिन हुने एमटिओडब्लू भन्ने विमानको तौल सम्बन्धित एक प्राविधिक विषयलाई विमानको तौलमा गडबड गरेर ठूलो ‘घोटाला’ गरेको भनेर लेखा समितिलाई समेत निगमका गिरोहले भ्रममा पारे।

जबकि निगमको स्पेसिफिकेसनमा विमान तौल (एमटिओडब्लु) बारे यतिउति चाहिन्छ भनेर कतै उल्लेख नै गरेको थिएन। तर पनि जहाजको तौल २४२ टन सर्टिफिकेसन नै हो भनेर झुटो प्रचार गरियो। निगमले जारी गरेको टेण्डर डकुमेन्टमा एमटिओडब्लु बाहेक अन्य चारवटा तौलहरू (एमडब्लुइ, ओडब्लुइ, एमएलडब्लु र एमजेडएफडब्लु) को हकमा पनि यति नै चाहिने भनी उल्लेख गरेको छैन।

वस्तवममा, विमानले भार बोक्ने क्षमता जस्तो नितान्त प्राविधिक विषय भनेको यात्रुको ज्यानसँग सम्बन्धित विषय हो। संसारको हरेक एयरलाइन्स कम्पनीले हवाई सुरक्षाको मामिलामा विमान निर्माता कम्पनीको सिफारिस मान्नै पर्छ। तर, यो तथ्यलाई पूर्णरुपमा बेवास्ता गरेर हवाई माफियाले अख्तियारलाई भ्रममा पार्न सफल भयो।

वास्तवमा, निगमले खरिद सम्झौता गर्दा २४२ टन सर्टिफिकेसन नै लिएको भए पनि विमान आपूर्ति भइसकेपछि केही दिन/महिना/वर्षमा २३० टन सर्टिफिकेसन् मा झार्न एयरबस कम्पनीलाई अनुरोध गरे पनि त्यसरी नै थप शुल्क लिइन्छ। नेपालमा आन्तरिक उडान सेवा दिइरहेको निजी एयरलाइन्सहरूले विमान खरिद गरेर ल्याएर उडान गर्न सुरु भइसकेपछि मर्मतसम्भार र सञ्चालन खर्च घटाउन विमान निर्माता कम्पनीलाई शुल्क तिरेर एमटिओडब्लु घटाउने गरेको उदाहरणहरू छन्।

स्मरणरहोस्, कोरोनाको समयमा वाइडबडीले अष्ट्रेलिया सिधा उडान गरिसकेको तथ्यलाई लुकाएर अष्ट्रेलिया सिधा उडान गर्न एमटिओडब्लु बढाउनुपर्ने बहाना बनाएर अख्तियारलाई पनि ढाँट्यो।

त्रिभुवन विमानस्थलको धावनमार्गको क्षमता नै २१० टनको हाराहारीमा हुँदा यो २४२ टन र २३० टन एमटिओडब्लुको चक्कर के हो, खर्च घट्ने हो भने २१० टन भए पुग्छ भनेर टेण्डर वा आरएफपीमा किन किटान नगरेको भन्ने पनि प्रश्न उठ्न सक्छ।

एमटिओडब्लु शब्दमा एमले मेक्सिमम याने कि अधिकतम भन्ने जनाउँछ। तर, हरेक एयरलाइन्सले डिपार्चर गर्ने विमानस्थल र अराइभल हुने विमानस्थलको अवस्था हेरेर यात्रु संख्या र कार्गोको परिणाम थपघट गर्छ, तर विमान निर्माता कम्पनीले जारी गरेको एमटिओडब्लु सर्टिफिकेसन भन्दा बढी भार कुनै हालतमा बढाउन पाउँदैन।

दोस्रो कुरा विमान निर्माण कम्पनीले कुनै एक मोडलमा कुनै स्पेसिफिकेसन कुनै निश्चित प्राविधिक कामकुरामा ठोस विकल्पहरू किटान गरेपछि खरिदकर्ताको मागबमोजिम परिवर्तन गरिँदैन।

## ‘अश्लिल फिल्म...

*आफूले भोगेको शारीरिक र मानसिक पीडाको क्षतिपूर्ति स्वरूप प्रधानसँग पैसा लिएर जिल्ला अदालतको मुद्दामा मिलापत्र गरेको तर उनी निर्दोष नभएको भनाई ति महिलाको छ। ‘मैले अदालतमा क्षतिपूर्ति लिएकी हुँ। क्षतिपूर्ति लिए पनि उनी निर्दोष होइनन्, कानुनी रुपमा दोषी सावित भएर नै क्षतिपूर्ति दिलाइएको हो,’ पीडित महिलाले सुनुवाई समिति समक्ष भनेकी छन्।*

*आफूलाई एक करोड रुपैयाँ दिलाएको दाबी उजुरीकर्ता महिलाको छ। घटना लुकाउन रकम दिएको तिथि मितिसहित पीडित महिलाले बैंकमा जम्मा भएको खाता नम्बर र चेकको रसिद समेत उजुरीसँगै पेश गरेकी छन्।*

*आफूले पाएको कुल एक करोड मध्ये ५० लाख र २५ लाख रुपैयाँको चेकसहित नगद बैंक खातामा बचत गरेको प्रमाण पनि उजुरीकर्ताले उजुरीसँगै पेश गरेकी छन्। पीडितले आफू अब बच्चा जन्माउन समेत नसक्ने अवस्थामा पुगेको भन्दै शरीरको क्षतिपूर्तिका लागि मिलापत्र गरेको बताएकी छन्।*

*प्रधानले गरेको चरम अन्यायकोविरुद्ध सुनुवाइ समितिमा उजुरी दिनुपरेको भनाई उनको छ। सुनुवाई समितिमा प्रधानले गरेको दुर्व्यवहारको अडियो सुनाउने अनुमति मागे पनि समितिका पदाधिकारीले एक्लै सुन्ने बताउँदै सार्वजनिक गर्न रोकेका थिए।*

*पीडित महिलाले प्रधानविरुद्ध काठमाडौं जिल्ला अदालतमा यौन दुर्व्यवहारको मुद्दा दायर गरेको तथ्य समेत उजागर भएको छ। घटनाले चर्कोरुप लिन पुगेपछि मोटो रकम दिएर मिलापत्र भएको पाइएको छ। कागजातबाट पीडित महिला र प्रधानविच २०८० साल भदौ २९ गते मिलापत्र भएको देखिन्छ। आफुलाई दबाब र प्रभावमा पारी मुद्दा मिलापत्रमा टुंग्याएको दाबी समेत पीडितको छ।*

*संसदीय सुनुवाइ समितिले प्रधान विरुद्ध गत ७ असारमा उजुरी आह्वान गरेको थियो। प्रधानविरुद्ध संसदीय सुनुवाइ समितिमा यौन दुराचारसहित पाँच वटा उजुरी दर्ता भएका छन्। सबै उजुरी यौन दुर्व्यवहार सम्वन्धित छन्। प्रधानमन्त्री, प्रधानन्यायाधीश, विपक्षी दलको नेता, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, उपसभामुखको सर्वसम्मत निर्णय अनुरुप प्रधान सिफारिस भएका थिए।*

*प्रधान पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठको भनसुनबाट आयुक्तमा सिफारिस भएको चर्चा समेत परिषदले निर्णय गर्ने बेला चलेको थियो। प्रधानले ति महिलालाई कार्यालयमा बन्धक जस्तै बनाएर यौन सम्पर्क गर्ने गरेको दाबी उजुरीमा छ।*

*अहिले सुनुवाइ समितिकै सदस्यहरूले प्रधानविरुद्ध पीडित महिलाले दिएको उजुरी गम्भीर प्रकृतिको रहेको भनाइ राख्दै आएका छन्। कार्यालयमा जागिर खोज्दै आएकी ती महिलालाई प्रधान इच्छाविपरीत यौन सम्पर्क राखेपछि रकम दिएर तत्कालका लागि घटना सामसुम पारिएको थियो।*

## पूर्वमन्त्री आले...

प्रगतिभन्दा बढ्ता फण्डा गर्न थालेका थिए। विभिन्न राजनीतिक नियुक्तिदेखि ठेक्का रद्द प्रकरणमा समेत मन्त्री आलेले विवेकसम्मतभन्दा पनि स्टन्टबाजीमा उत्रिने गरेपछि उनलाई कारवाहीको लागि सिफरिस समेत गरिएको थियो।

तत्कालीन समयमा एकीकृत समाजवादीको सचिवालय बैठकमा पनि उनको कार्यशैलीमाथि पदाधिकारीहरूले प्रश्न उठाएका थिए।

केही नेताहरूले अध्यक्ष माधव नेपालको निर्देशनसमेत नमानेको र पार्टीका अन्य नेताहरू सम्पर्कमा समेत आउन नचाहेको भन्दै आलोचना गरेका थिए। अछामका एक युवकलाई अश्लील गालीगलौज गरेको र ज्यान मार्नेसम्मको धम्की दिएपछि मन्त्री आले थप विवादमा तानिएका थिए।

पर्यटनमन्त्री हुँदा नेपाल वायुसेवा निगमको कार्यकारी अध्यक्ष नियुक्तिमा विवादमा परेका थिए। युवराज अधिकारीलाई निगमको अध्यक्ष बनाउन क्याप्टेन उद्धव घिमिरेसँग करोडौं रकम लिएको कुरा पार्टीमा रिर्पोटिङ भएको थियो। त्यसैगरी क्यानका महानिर्देशक प्रदीप अधिकारी नियुक्ति गर्दा पनि करोडौं लेनदेन भएको आरोप लागेको थियो। उनले क्यानको महानिर्देशकमा आउन चाहेका राजकुमार क्षेत्रीसँग ५ करोड बार्गेनिङ गरेको कुरा क्यानमा चर्चा छ।

त्यतिबेलै क्यासिनोसँग पनि उनले पार्टीमा बुझाउनुपर्छ भन्दै करोडौं असुलेको थाहा पाएपछि पार्टी अध्यक्ष नेपालले उनलाई स्पष्टीकरण सोधेका थिए। पार्टी नेतालाई ‘ब्ल्याकमेलिङ’ गर्न उनले हरेकको फोन रेकर्ड गर्ने गरेका छन्। पार्टीका सम्मानित नेतालाई युवराज अधिकारीको नियुक्तिमा ७० लाख दिएको कुरा उनको मोबाइलमा सुरक्षित छ।

आले विवादास्पद व्यक्ति हुन्। उनको विगत र वर्तमानमाथि प्रश्नै प्रश्न छ। अहिले उनलाई एमालेले भौतिकमन्त्री दिने भन्दै आफैँले बोल्दै हिँडेका छन्। उनले प्रयोग गरेको शब्दको स्तर हेर्दा शोभनीय हुने खालको पटक्कै देखिँदैन। निम्नस्तरको अपशब्द प्रयोग गरि आले गालीगलौजमा उत्रने गर्छन्। उनको विषयमा पटक-पटक पार्टीभित्र प्रश्न उठेपनि चन्दा दिएकै भरमा जोगिदै आएका थिए। तर यसपटक महाधिवेशनमा भने उनलाई कोही कसैले जोगाउन सकेनन।

## एआइजीदेखि...

डिआइजीमा बढुवा सिफारिस गर्नेछ।

जसमा हाल कार्यरत एसएसपीमा ध्रुवराज राउत, भोलाबहादुर रावल, दिल्लीराज बिष्ट र गणेश चन्द सबैभन्दा सिनियर हुन्। चन्द २०६४ पुस ३० गते डीएसपीमा बढुवा भएका थिए। एसपी बढुवा हुँदा पनि उनी ब्याचीबाट छुटे।

२०७४ साउन १९ गते एसपी बनेका चन्द एसएसपी भने २०७९ साउन ३ मा मात्रै बने। उनी आगामी मंसिर २५ गते अनिवार्य अवकासमा जानेछन्। यसबाहेक ठूलो संख्यामा भदौ १६ गते प्रहरी अधिकृतहरू अवकासमा जादैछन्। २० भदौमा एआइजी श्यामराज ज्ञवालीले अवकाश पाउनेछन्।

यसरी अवकाश पाउन लागेकाहरू धेरैको उमेर ५५ भन्दा कम छ। ३० वर्षे सेवाहदका कारण ठूलो संख्यामा प्रहरीले अवकाश पाउन लागेका हुन्। जसकारण सो टोली ३० वर्षे सेवाहद हटाउने लबिङमा लागेको छ। गृह मन्त्रालयले पनि यस विषयमा अध्ययन गर्न एक कार्यदल बनाएको थियो। कार्यदलले प्रतिवेदन पनि दिइसकेको छ। तर पनि त्यो प्रतिवेदन कार्यान्वयन हुने संभावना निकै कमजोर रहेको छ।

अब नयाँ सरकार बन्ने भएपछि ३० वर्षे सेवाहदको विषयमा के निर्णय हुन्छ हेर्न बाँकी छ। एमाले अध्यक्ष केपी शर्मा ओलीले सार्वजनिक रुपमै सेवाहद हटाउनुपर्ने बताउँदै आएका भएपनि यो विषयमा नीतिगत निर्णय नै गर्नुपर्ने भएकाले यही वर्ष हुने संभावना निकै कमजोर रहेको छ।

भदौ १६मा डिआइजी विष्णुकुमारी केसी, एसएसपीहरू जीवनकुमार श्रेष्ठ, रेवती ढकाल, किसनसिंह थापा, डिल्लीराज विष्ट, बेलबहादुर पाण्डे, दिनेशराज मैनाली, नवीनराज राई, रविकुमार पौडेल, वीरबहादुर ओली, चन्द्रदेव राई, रवीन्द्र रेग्मीले अवकाश पाउँदै छन्।

त्यसैगरी एसपीहरू कृष्ण प्रसाईं, प्रेमबहादुर बस्नेत, राजेन्द्रबाबु रेग्मी, लक्ष्मीराज अधिकारी, देवेन्द्रबहादुर पाल, विष्णुहरी कोइराला, अवदेश बिष्ट क्षेत्री, नरेन्द्रकुमार कार्की, टेकनन्द इवा लिम्बू, चित्रबहादुर गुरुङ, नवीनकिशोर प्रधानले अवकाश पाउने भएका छन्।

डिएसपीहरू श्रीराम भण्डारी, रामकृष्ण सापकोटा, गणेशबहादुर श्रेष्ठ, भरतबहादुर चौधरी, ऐनबहादुर मल्ल, किरणप्रसाद न्यौपाने, होमबहादुर थापा, मनोज कुमार श्रेष्ठ, जनकबहादुर मल्ल, राजनकुमार गौतम, महेश बस्नेत, भरतकुमार शाह, खगेन्द्रप्रसाद रिजाल, भोजराज पाण्डेय, लालबहादुर बम, नारायण बहादुर श्रेष्ठ, राकेशकुमार पोदार, गोविन्द पन्थी, दलराम टमाटा, मदनबहादुर कुँवर, देवबहादुर कुँवर, हिक्मतबहादुर बोहरा, अनिल कुमार उप्रेती, शैलेन्द्र कुमार खड्का, उद्धव प्रसाद अधिकारी, रामबहादुर चन्द, सुजित कुमार ओझा, फणिन्द्र रानाभाट, विजय थापा, जमुनाकुमारी बस्नेत रहेका छन्।

प्रहरी निरिक्षकहरू योगराज न्यौपाने, शान्तराम कार्की, हिराबहादुर केसी, खेमराज कडायत, सरोज कुमार ठकुराठी, जयराम वन्त, भुवन भट्ट, कृष्ण रानामगर, ओम प्रकाश वाग्ले, बिजुलीनाथ योगी, गिन्द्रबहादुर बोगटी, खिमबहादुर घर्तीमगर, अर्जुन प्रसाद पोखरेल, उदयमान द्विवेदी, काशीराज रेग्मी, हरि विष्णु ढकाल, रविभूषण प्रसाद यादव, राजेन्द्रप्रसाद यादव, उदयसिंह सिजापती छन्।

त्यसैगरी मोहन थापा, कलेन्द्र बिक्रम शाही, मान प्रसाद श्रेष्ठ, किसन चन्द ठकुरी, अवध किशोर ओझ, विजय भण्डारी, भिमबहादुर कार्की, प्रेम बहादुर बोहरा, नरपति भट्ट, जगत दमाई, मेघनाथ चापागाई, निलम बहादुर भण्डारी, तिर्थबहादुर भण्डारी, जगदिश पौडेल, गोपाल चालिसे, कमल आचार्यले अवकाश पाउँदै छन्।

## सीमानाकामा...

व्यवसाय नचल्नुमा किनमेलका लागि रुपैडिया जाने सेवाग्राहीलाई मात्रै दोष देखाउँछन् तर चोरीतस्करी गरेर भित्रिएको सामान स्वयं व्यवसायीकै पसल र गोदाममा भेटिने र त्यसमा सीमा नाकाको जिम्मेवारीमा रहेको सशस्त्र प्रहरी र त्यसको नेतत्व गरेका एसपी विमल डाँगी आफैं ढाट राखेर असुल्न थालेकाले यस्तो अवस्था आएको जानकारहरू दावी छ।

सर्वसाधारणले किमेल गरेको बाहेक क्यारिङमार्फत विभिन्न नाकाबाट भित्रिने करोडौंको सामानलाई सशस्त्र प्रहरीले नै पहरा दिने गरेको स्रोतको दाबी छ।

अवैध सामान भन्सार नाकाको कमजोर सुरक्षा व्यवस्था छलेर बजारमा भित्रिएका हुन्। अवैध सामान भित्रिने मूल स्रोत भन्सार नाका फितलो तर बजार अनुगमन कडाइ भइरहेको छ। नेपालगन्जको चौलिका चोकदेखि जमुनाहसम्म नेपाल प्रहरी र सशस्त्र प्रहरीका आधा दर्जन चेकपोष्ट छन् तर त्यसलाई समेत छलेर नेपालगन्जमा अवैध सामान भित्रिन्छ।

नाकाको फितलो सुरक्षा व्यवस्थाको फाइदा उठाउँदै भित्रिएको सामान बजार पुगिसकेपछि मात्रै प्रशासनले पनि बजार अनुगमनको नाटक गर्ने गरेको ती व्यापारीले बताए।

पछिल्लो आर्थिक संकट र तस्करी मौलाएपछि नेपालगन्ज भन्सार कार्यालयले लक्ष्यअनुसार राजस्व उठाउन सकेको थिएन।

गत आर्थिक वर्षमा २९ अर्ब ३२ करोड ९५ लाख रुपैयाँ लक्ष्य लिएको भन्सार कार्यालयले झन्डै ११ अर्ब नोक्सान व्यहोर्दै १८ अर्ब १९ करोड राजस्व संकलन भएको थियो। यो वर्ष मात्र होइन, बर्सेनि भन्सार कार्यालयले राजस्व गुमाउँदै आएको छ।यसरी दैनिक भन्सार छली चोरी पैठारी गरेर सामान आयात हुँदा यसको प्रत्यक्ष असर राजस्व सङ्कलनमा परेको छ।

बर्सेनि राजस्व गिरावट हुनुको प्रमुख कारण नै सशस्त्र प्रहरीबाट आएका एसपी नाकामा कडाइ नगर्नु र भन्सारका कर्मचारीले सशस्त्रलाई साथ दिनु रहेको छ।

नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**राजस्व अनुसन्धान विभागको अनुरोध**

व्यावसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System – VCTS) को सफ्ट्वेयर तयार गरी २०७६ श्रावण १ गतेबाट संचालनमा रहेको छ। एक स्थानबाट अर्को स्थानसम्म व्यावसायिक प्रयोजनका मालवस्तु ढुवानी गर्दा Vehicle & Consignment Tracking System – VCTS मा अनिवार्य रुपमा प्रविष्ट गरेर मात्र सामान ओसार पसार गर्नु हुन अनुरोध छ। यस VCTS मा प्रविष्ट नगरी समान ओसार पसार गरेको पाइएमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन- २०७६) को दफा १३ बमोजिम कारवाही भै जाने व्यहोरा समेत अनुरोध गरिन्छ।

VCTS **सम्वन्धी कुनै समस्या भएमा**
टेलिफोन नं.:०१-५४४४७४५
टोल फ्रि नम्बर:१६६०-०१-५५०००
IT SUPPORT– ९८४९३९८९१४, ९८१०१०६९२९
Email:- vcts@dri.gov.np मा e–mail गर्नु हुन।

## वाचडग

शम्भु श्रेष्ठ

# धोकाको राजनीति धोकामै परिणत

*धोकाको परिणाम धोका नै हुन्छ । अहिले नेपालको राजनीतिमा जे दृश्य देखिएको छ, त्यो स्वाभाविक परिणाम हो । राजनीति गर्ने नेताहरूमा हुनुपर्ने गुण भनेको स्वच्छ छवि, उँचो नैतिकता र दूरदर्शिता हो । यी गुण नहुने नेता जतिसुकै ठूलो पदमा जतिपटक पुगे पनि जनताले पाउने भनेको धोका नै हो ।*

*२०७४ सालमा नेपाली जनताले नेकपालाई दुईतिहाइ मत दिए । केपी शर्मा ओलीले संसद् विघटन गरेर जनतालाई धोका दिए । त्यसपछि २०७९ को निर्वाचनमा जनताले एमालेलाई सजाय दिएर दोस्रो दलमा झारिदिए । नेपाली कांग्रेस पहिलो दल बन्यो ।*

*संसद्मा कसैको पनि बहुमत नआएपछि निर्वाचनमा गरिएको प्रतिबद्धताअनुसार नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी मिलेर सरकार बनाउने निर्णय गरे । राजनीतिक स्थिरता र आर्थिक विकासका लागि सरकारको नेतृत्व आलोपालो गर्ने सहमति बन्यो ।*

*त्यो सहमतिबमोजिम कांग्रेसको नेतृत्वमा सरकार बन्नुपर्ने थियो, तर तेस्रो दल माओवादीका अध्यक्ष प्रचण्ड कांग्रेसलाई धोका दिएर एमालेको समर्थनमा प्रधानमन्त्री बने । प्रधानमन्त्री भएको ३ महिना बित्दा नबित्दै फेरि एमालेलाई धोका दिएर पुरानै गठबन्धनमा फर्किए । पुरानो गठबन्धनमा फर्किएको १३ महिनापछि फेरि कांग्रेसलाई धोका दिएर एमालेसँग गठबन्धन गर्न पुगे ।*

*अहिले कांग्रेस, एमाले दुवैले मिलेर प्रचण्डलाई धोका दिए । यो गलत राजनीतिक अभ्यासको सुरुवात थियो । प्रचण्डको यही स्वभावलाई बुझेर उनलाई 'घर न घाट'को बनाउन ओली सफल भए । वास्तवमा ओलीको रणनीति माधवकुमार नेपाललाई प्रधानमन्त्री बन्न नदिनु थियो । त्यसमा ओली सफल भए । प्रचण्डबाट नेपाललाई धोका भयो ।*

*यदि, प्रचण्ड आफैँप्रति इमान्दार भइदिएको भए यति धेरै धोका उनले अरुलाई दिने थिएनन् । राजनीतिमा धोकालाई बेइमानी पनि भन्न सकिन्छ । संसद्मा तेस्रो दल भएर पनि पालैपालो कहिले एमालेलाई त कहिले कांग्रेसलाई धोका दिएका प्रचण्डको राजनीतिक जीवन नै समाप्त गर्नेगरी अहिले कांग्रेस, एमालेले उनलाई धोका दिएका छन् । अन्ततः पाँचै वर्ष एमाले-कांग्रेसलाई 'उल्लु' बनाएर प्रधानमन्त्री बन्ने उनको सपना सोम शर्माको कथामा परिणत भयो ।*

*भनिन्छ, मानिसलाई एकपटक 'उल्लु' बनाउन सकिन्छ, पटक-पटक सकिन्न । अब प्रचण्डका लागि प्रधानमन्त्री बन्ने सबै ढोका बन्द भयो । सम्भवतः उनको जीवनमा यो नै अन्तिम प्रधानमन्त्री हो । प्रधानमन्त्री बन्न बहुमत चाहिन्छ, यो जीवनमा उनको पार्टीले कहिले पनि बहुमत ल्याउन सक्दैन । सत्ताको लोभमा उनले भुइँको टिप्न खोज्दा गोजीको पनि गुमाए ।*

*अब के होला ? कांग्रेस र एमालेको गठबन्धन पनि बढीमा एक वर्ष टिक्ने हो । गठबन्धन भन्ने कुरा विश्वासमा अडेको हुन्छ । देउवा र ओलीको स्वभाव विपरीत छ । देउवा बाहिर सोझो देखिए पनि भित्री चलाख छन् । ओली बाहिर जस्तो देखिए पनि भित्री धुर्त छन् । उनले जे बोल्छन्, त्यो गर्दैनन् । जे बोल्दैनन् त्यो गर्छन् ।*

*कांग्रेससँगको गठबन्धन गर्दा जेका लागि भनेर उनले हस्ताक्षर गरेका छन्, विगतको उनको चरित्र हेर्दा त्यसको पालना हुन्छ भन्ने कुरामा शंका छ । २०७४ सालमा माओवादीसँग गठबन्धन गर्दा पनि आधा आधा कार्यकाल भनेर प्रचण्डसँग लिखितै सहमति गरेका थिए । अन्ततः धोका मात्र भएन, प्रचण्ड प्रधानमन्त्री बन्लान् भनेर संसद् नै विघटन गरिदिए । ओलीको चरित्र आफ्नो स्वार्थपूर्ति भएपछि सहयात्रीलाई धोका दिनु हो । अब ढिलोचाँडो ओलीबाट देउवाले धोका खान बाँकी छ ।*

*ओलीको भित्री चाहना एमालेको बहुमतको सरकार हो । मुखले मिसन ८४ भने पनि त्यो भन्दा अगाडि नै संसद् विघटन गरेर मध्यावधिमा जाने उनको रणनीति हो । देउवासँग आधा-आधा कार्यकाल प्रधानमन्त्री बन्ने सहमति गरेका उनले आफ्नो कार्यकाल समाप्त हुँदा नहुँदै मध्यावधि ठोक्न सक्छन् । त्यसपछि देउवा पनि हेर्‍याहेर्‍यै । धोकाको राजनीति धोकामै परिणत भएको दृश्य हेर्न करिव एक वर्ष कुर्नु पर्ला ।*

shresthashambhu@gmail.com

# यौनका विषय लेख्नु अपराध होइन

● **सीता पाण्डे**, साहित्यकार



*कविताबाहेक बढी पढिने साहित्य विधा हो, यौन । विश्व साहित्यमै यौनका कथा बढी पढिन्छ । र, चर्चा पनि यसैको हुन्छ । तर, नेपाली साहित्यमा यौनलाई विधा बनाएर कलम चलाउने लेखकहरू कमै छन् । तीमध्येकी हुन्, सीता पाण्डे । त्यसो त पाण्डे साहित्यका प्रायः सबै विधामा कलम चलाउँछिन् । तर, यौन साहित्यकारका रुपमा बढी चिनिन्छिन् । सीता यौन साहित्यका विषयमा खुला बहसको जरुरी रहेको बताउँछिन् ।*
*सीता भन्छिन्, 'विश्व साहित्यको तुलना गर्दा नेपालमा पनि यौन साहित्य लेख्ने लेखक र पाठक उत्तिकै छन् । तर, यसबारे खुला बहस गर्न जरुरी छ ।' सीताका 'यौन अनुभूति', 'असजिला खुशीहरू', 'बन्धकी खुशीहरू' कथासग्रह, 'अर्न्तद्वन्द्व' लघु उपन्यास जस्ता कृतिहरू प्रकाशित छन् । पछिल्लो समय अमेरिका बस्दै आएकी उनी हाल नेपालमा छिन् । साहित्यकार सीता पाण्डेसँग रेजिना पाण्डेको जम्काभेट ।*

**नेपाल बसाई कसरी बितिरहेको छ ?**

भर्खरै अमेरिकाबाट नेपाल आएकी हुँ । त्यसैले साथीभाइ र आफन्तजनसँग भेटघाटमै व्यस्त छु । साथै, साहित्यिक कार्यक्रमहरूमा पनि सहभागी भइरहेकी छु । सायद मेरो दुई महिना अब यसरी नै बित्नेछ ।

**लामो समयपछि नेपाल आउँदा नेपाली साहित्यिक क्षेत्रमा के फरक पाउनुभयो ?**

पहिलो कुरा लेखेकहरूको संख्या बढेको जस्तो लाग्यो । नयाँ साहित्यकारहरूको आगमनसँगै बजारमा नयाँ पुस्ताका धेरै पुस्तकहरू पाउँदा खुशी लाग्यो । केही नयाँ र पुराना साहित्यकारहरूको किताब मेरो हातमा परेको छ । फुसर्दमा समय मिलाएर पढ्ने योजना बनाएकी छु ।

**अहिले नेपाली साहित्यिक क्षेत्रमा लेखक धेरै र पाठक कम भए भनिन्छ नि ?**

मलाई त्यस्तो लाग्दैन । फरक यत्ति हो कि पहिले किताब किनेर पढ्थे, अहिले युट्यबहरूमा सुन्ने चलन आएको छ । हातहातमै भएको मोवाइलले गर्दा किताब किनेर पढ्ने चलनचाहिँ कम भएको छ ।

**अमेरिकामा नेपाली साहित्यको अवस्था कस्तो छ ?**

साहित्य आफैंमा एउटा भुगोल हो । त्यसैले यहाँ र त्यहाँ उस्तै छ । अमेरिकामा यहाँबाट गएका साहित्यकारहरू लेखिरहनु भएको छ । पढ्न मन लाग्ने नेपाली सिर्जनाहरू अमेरिकामा पनि पाइन्छ । जसलाई पढ्न मन लाग्छ, उसले खोजी खोजी पढेको हुन्छ ।

**तपाईँलाई अमेरिकामा साहित्य लेख्ने/पढ्ने समय मिल्छ ?**

कामको व्यस्तताबाट समय निकालेर भएपनि लेख्न र पढ्न छोडेकी छैन । म प्रायः लेखिरहेकी हुन्छु । अमेरिकामा हुँदा नेपाली साहित्यप्रति अझ बढी चासो हुन्छ ।

**यौन साहित्यकारका रुपमा चिनिनुहुन्छ । लेखनमा यौनलाई कसरी अँगाल्नुभयो ?**

म जुनबेला लेख्नेक्रममा थिएँ, त्यो बेला सबै कुरा साहित्यमा आइरहेको थियो । कथा, कविता, निवन्धजस्ता थुप्रै साहित्यिक रचनाहरू आइरहेका थिए । मलाई लाग्यो, पाठकलाई नयाँ केही दिउँ । त्यतिबेला यौन बिषयमा लेख्ने कम थिए । र, मलाई यौन बिषयमा लेख्ने सोच आयो । मेरो पहिलो लेखनलाई पाठकले मन पराइदिनुभयो । त्यसपछि लेख्दै गएँ ।

**त्यो समयमा यौनका बिषय लेख्दा आलोचना भएन ?**

विवाद र आलोचना नभएको होइन । तर, हरेक मान्छेको पछि लागेर साध्य हुँदैन । मैले लेखेँ, डर पनि लागेन । लेख्दै जाँदा देखेको र भोगेको कुरा लेखे । समाजभित्रकै चित्रण उतार्ने प्रयास पनि गरेँ ।

**यौनका बारेमा लेखिएका तपाईँका कृतिहरू खुबै बिक्री भयो रे नि ?**

हो, पाठककै लागि लेखेकी थिएँ । त्यतिबेला मेरो कृतिहरू 'असजिला खुशीहरू' र 'बन्धकी खुशीहरू' कथासग्रह, 'अर्न्तद्वन्द्व' लघुउपन्यास धेरै बिक्री भयो । 'यौन अनुभूति' भन्ने किताब पनि धेरै पढियो । अहिले पनि नयाँ भाइबहिनीहरूले सामाजिक सञ्जालमा मेरो कथाहरू पढिरहन्छन् । मेरो सफलता सायद यही हो ।

**यौन साहित्य धेरै लेखिन्छ, तर किन विवादमा पर्छ ?**

यसको कारण मान्छेको आडम्वरी सोच हो । विश्व साहित्यको तुलना गर्नुहुन्छ भने नेपाली यौन साहित्य लेखक र पाठक उत्तिकै छन् । तर, हामी बदल्ने कोसिस नै गर्दैनौं । अरुलाई आलोचना गर्न पाए पुग्छ । पढ्दै नपढी निष्कर्षमा पुग्नु गलत हो । जसले यौन साहित्य खोजी खोजी पढ्छ, आलोचना पनि त्यही व्यक्तिले गर्छ । सायद यो बिषयमा खुल्ला बहस नभएर होला । यौन साहित्यको विषयमा खुल्ला बहस हुन जरुरी छ ।

**तपाईँको 'यौन अनुभूति' कृति विवादित बन्यो, किन ?**

हो, तर त्यही पुस्तक चर्चित भयो । धेरै पाठकको रोजाईमा पनि पर्‍यो । उक्त कृति प्रकाशन भएको बर्षौं भयो, तर अझैपनि खोजी भइरहेको छ । उक्त कृतिमा महिला समानता, महिला अधिकार र महिलाका मनोविज्ञानका कुराहरू लेखेको छु । साथै, आफनै बारे पनि लेखेको छु । यौनको बिषय लेख्नु कुनै अपराध होइन ।

**यौन साहित्य लेख्दा पात्र चयन कसरी गर्नुहुन्छ ?**

यही समाजमा भएका घटना, विसंगति र देखे/भोगेका अनुभवका आधारमा पात्र चयन गरेर लेखेको छु । मैले लेख्ने यौन साहित्यमा समाजभित्रकै पात्रहरू हुन्छन् ।


**संक्रामक रोगबाट बचौं र बचाऔं**

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरू फैलिन सक्दछन् ।

**त्यसैले**

- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना, आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







दृष्टि मिडिया प्रा.लि.का लागि शम्भु श्रेष्ठद्वारा सम्पादित तथा प्रकाशित/ कार्यालय : सगरमाथा कम्प्लेक्स तेस्रो तल्ला नक्साल, भगवतीवहाल, काठमाडौं
पो.ब.नं. ४९१०, फोन : ४५३०४२२, ४५२७२१४, Email : drishtiweekly@gmail.com मुद्रण : एक्सप्रेस कलर प्रेस प्रालि, शंखमुल, बानेश्वर